## जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया

# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३

(District Disaster Preparedness and Response Plan, 2026)




सुरक्षित समुदाय | सक्षम समुदाय | दिगो विकास | लचिलो र समावेशी समाज

"जलवायु-उदथानशील पूर्वाधार, सुरक्षित बर्दिया हाम्रो आधार"

२०८३ (2026)





| | |
|---|---|
| दस्तावेजः | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३<br>District Disaster Preparedness and Response Plan, 2026 |
| प्रकाशकः | जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया |
| प्रकाशन मितिः | २०८३ श्रावण |
| सर्वाधिकारः | ©प्रकाशकमा |
| सल्लाहकार/सम्पादकः | श्री गोगन बहादुर हमाल, प्रमुख जिल्ला अधिकारी, बर्दिया |
| सम्पादकः | श्री अशोक कुमार भण्डारी, स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, बर्दिया<br>श्री लोक प्रसाद ढकाल, प्र.अ./विपद सम्पर्क व्यक्ति, जिल्ला प्रशासन कार्यालय<br>श्री सरोज चौधरी, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय<br>श्री कर सिंह राना, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय |
| कम्प्यूटरः | श्री गंगाराम अधिकारी, कम्प्यूटर अपरेटर, जिल्ला प्रशासन कार्यालय, बर्दिया |
| जोखिम नंक्शांः | गुलरिया, मधुवन, राजापुर, ठाकुरबाबा, बाँसगढी र बारबर्दिया नगरपालिका तथा बढैयाताल र गेरुवा गाउँपालकि |
| तथ्यांक | स्थानीय तह, विषगत कार्यालय, जिल्ला प्रहरी कार्यालय, DEOC |
| छपाईमा सहयोगः | बी ग्रुप |

# कार्यकारी सारांश

बर्दिया जिल्ला नेपालका विपद् जोखिमयुक्त जिल्लामध्ये एक प्रमुख जिल्ला हो। जिल्लामा प्रत्येक वर्ष बाढी तथा डुबान, आगलागी, हावाहुरी, मानव वन्यजन्तु द्वन्द्व, सर्पदंश, शीतलहर, लू, महामारी, भूकम्प, सुख्खा खडेरी, फौजी किराको प्रकोप तथा सडक दुर्घटनाजस्ता प्राकृतिक तथा मानवजन्य विपद्का कारण जनधनको उल्लेखनीय क्षति हुने गरेको छ। विशेषगरी कर्णाली नदी, बबई नदी, मान खोला र औरही खोलामा आउने बाढी तथा अत्यधिक वर्षाका कारण हुने डुबानले तटीय क्षेत्रका बस्तीहरू उच्च जोखिममा रहेका छन्। त्यसैगरी आगलागी, शीतलहर, सर्पदंश तथा जलवायु परिवर्तनका कारण बढ्दो चरम मौसमीय घटनाले जिल्लाको विपद् जोखिमलाई थप जटिल बनाएको छ। यस परिप्रेक्ष्यमा **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३"** बर्दिया जिल्लामा सम्भावित विपद्को प्रभाव न्यूनीकरण, प्रभावकारी पूर्वतयारी, समन्वित प्रतिकार्य तथा शीघ्र पुनर्लाभका लागि मार्गदर्शक दस्तावेजका रूपमा तयार गरिएको हो। योजनाले विगतका विपद्का अनुभव, जोखिम विश्लेषण, उपलब्ध स्रोत—साधन तथा सम्भावित परिदृश्यका आधारमा करिब **२० हजार घरधुरीका १ लाख व्यक्तिहरू प्रभावित हुन सक्ने** अनुमानलाई आधार मानेर आवश्यक पूर्वतयारी तथा प्रतिकार्य रणनीतिहरू निर्धारण गरेको छ। बाढी तथा डुबान जिल्लाको प्रमुख विपद्का रूपमा रहेकाले यससम्बन्धी पूर्वतयारीलाई विशेष प्राथमिकता दिइएको छ भने अन्य सम्भावित विपद्का लागि पनि आवश्यक व्यवस्थाहरू समावेश गरिएको छ। यो योजना **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**, **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६**, **राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा**, **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन**, **राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीति**, तथा प्रचलित कानुन, नीति र मापदण्डहरूको परिधिभित्र रही तयार गरिएको हो। साथै जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, सुरक्षा निकाय, विषयगत कार्यालय, स्थानीय तह, जल तथा मौसम विज्ञान विभाग र अन्य सरोकारवाला निकायबाट प्राप्त सूचना, तथ्याङ्क तथा सुझावलाई योजनाको आधार बनाइएको छ। योजनामा मानवीय सहायता व्यवस्थापनका **आठ विषयगत क्षेत्र (Clusters)** अन्तर्गत पूर्वतयारी, प्रतिकार्य, समन्वय संयन्त्र, जिम्मेवारी, उपलब्ध क्षमता, आवश्यक स्रोत—साधन तथा सम्भावित आवश्यकता समेटिएको छ। साथै विषयगत क्षमता तथा कमी (Capacity and Gap Analysis), स्थानीय तहहरूको साझा पूर्वतयारी योजना, स्वास्थ्य आपत्कालीन सेवा, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत व्यवस्थापन, आपत्कालीन सञ्चार तथा आवश्यक सेवा सञ्चालनका कार्यहरूलाई स्पष्ट रूपमा समावेश गरिएको छ। यस योजनाले **उत्तरदायी र अधिकारमा आधारित विपद् व्यवस्थापन** को अवधारणालाई आत्मसात् गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समुदायको संरक्षणलाई सबै विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गरेको छ। साथै बाल संरक्षण, लैङ्गिक तथा सामाजिक समावेशीकरण (GESI), समुदायको सहभागिता तथा सरकारी, गैरसरकारी, निजी क्षेत्र, सुरक्षा निकाय र विकास साझेदारबीच प्रभावकारी समन्वयलाई विशेष प्राथमिकता दिइएको छ। जलवायु परिवर्तनका कारण विपद्को प्रकृति र तीव्रता बढ्दै गएको वर्तमान सन्दर्भलाई दृष्टिगत गर्दै योजनाले **पूर्वानुमानमा आधारित कार्य (Forecast-based Action)**, **पूर्वसूचना प्रणाली (Early Warning System)**, नियमित अभ्यास (Simulation Exercise), क्षमता अभिवृद्धि, स्रोत-साधनको पूर्व व्यवस्थापन तथा सूचना व्यवस्थापनलाई प्रभावकारी कार्यान्वयनका प्रमुख आधारका रूपमा समेटेको छ। यस योजनाको प्रभावकारी कार्यान्वयनबाट विपद्का कारण हुने मानवीय तथा भौतिक क्षतिलाई न्यून गर्दै शीघ्र, समन्वित, प्रभावकारी र उत्तरदायी प्रतिकार्य सुनिश्चित हुने, स्थानीय तह तथा सरोकारवाला निकायहरूको संस्थागत क्षमता सुदृढ हुने र बर्दिया जिल्लाको समग्र विपद् प्रतिरोधात्मक क्षमता (Disaster Resilience) अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बर्दिया, गुलरिया

प.सं.:०८३/०८४

च.नं.:स्था.प्र./

Google Plus Code:
६८३V+HM Gulariya

## प्राक्कथन

बर्दिया जिल्ला भौगोलिक, सामाजिक तथा आर्थिक विविधताले सम्पन्न हुनुका साथै विपद् जोखिमको दृष्टिले पनि संवेदनशील जिल्ला हो। कर्णाली नदी, बबई नदी तथा अन्य नदी– खोलामा आउने बाढी तथा डुबान, आगलागी, हावाहुरी, चट्याङ, शीतलहर, लू, सर्पदंश, मानव वन्यजन्तु द्वन्द्व, महामारी, सुख्खा खडेरी, सडक दुर्घटना लगायतका प्राकृतिक तथा मानवजन्य विपद्हरूले प्रत्येक वर्ष जनधनको क्षति पुऱ्याउँदै आएका छन्। जलवायु परिवर्तनका कारण विपद्को प्रकृति, तीव्रता तथा आवृत्तिमा देखिएको परिवर्तनले विपद् जोखिम व्यवस्थापनलाई अझ चुनौतीपूर्ण बनाएको छ। यस्तो अवस्थामा विपद् व्यवस्थापनलाई केवल प्रतिकार्यमा सीमित नराखी जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रभावकारी प्रतिकार्य तथा शीघ्र पुनर्लाभलाई समेट्ने एकीकृत र व्यवहारिक योजनाको आवश्यकता झन् बढेको छ।

यसै सन्दर्भमा **"जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३"** तयार गरिएको हो। यो योजना विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, प्रचलित नीति, कानुन तथा राष्ट्रिय मार्गदर्शनका आधारमा जिल्लामा विद्यमान जोखिम, सम्भावित विपद्का परिदृश्य, उपलब्ध स्रोत– साधन तथा सम्बन्धित निकायहरूको जिम्मेवारीलाई समेटी तयार गरिएको छ। योजनामा सम्भावित विपद्को जोखिम विश्लेषण, पूर्वतयारीका प्राथमिकताहरू, प्रारम्भिक चेतावनी प्रणाली, खोज तथा उद्धार, राहत वितरण, स्वास्थ्य आपत्कालीन सेवा, आवश्यक सेवा सञ्चालन, सूचना व्यवस्थापन तथा विषयगत क्षेत्र (Cluster) अनुसारको प्रतिकार्य व्यवस्था समावेश गरिएको छ। साथै स्थानीय तह, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी संस्था, निजी क्षेत्र, सञ्चार माध्यम, स्वयंसेवक तथा समुदायबीच प्रभावकारी समन्वय र सहकार्यलाई विशेष महत्व दिइएको छ।

यस योजनाको प्रभावकारी कार्यान्वयनबाट विपद्को पूर्वतयारी सुदृढ हुने, उपलब्ध स्रोत-साधनको परिचालन व्यवस्थित हुने, विपद्का समयमा शीघ्र तथा समन्वित प्रतिकार्य सुनिश्चित हुने र विपद्पछिको राहत, पुनर्स्थापना तथा पुनर्निर्माण कार्य थप प्रभावकारी हुने विश्वास लिएको छु। साथै यसले विपद् जोखिम न्यूनीकरणको संस्कृतिलाई संस्थागत गर्दै सुरक्षित, सक्षम र उत्थानशील (Resilient) बर्दिया निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

यस योजना तयार तथा अद्यावधिक गर्ने क्रममा सक्रिय रूपमा योगदान पुऱ्याउनुहुने जिल्ला विपद् व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू, स्थानीय तहहरू, सुरक्षा निकाय, विषयगत कार्यालयहरू, विकास साझेदार संस्था तथा अन्य सबै सरोकारवाला निकायप्रति हार्दिक आभार व्यक्त गर्दछु। विशेष रूपमा योजना निर्माण तथा अद्यावधिक प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने **सहायक प्रमुख जिल्ला अधिकारी श्री अशोक कुमार भण्डारी, प्रशासकीय अधिकृत तथा विपद् सम्पर्क व्यक्ति श्री लोक प्रसाद ढकाल, प्र.अ. श्री सरोज चौधरी र श्री कर सिंह राना, ना.सु. सुनिल दत्त** तथा **कम्प्युटर अपरेटर श्री गंगाराम अधिकारी** प्रति विशेष धन्यवाद व्यक्त गर्दछु। साथै योजना प्रकाशन तथा छपाइमा सहयोग पुऱ्याउने सम्पूर्ण संघसंस्था र सहयोगी निकायहरूप्रति समेत हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा, यस योजनाले विपद् जोखिम न्यूनीकरण, प्रभावकारी पूर्वतयारी, समन्वित प्रतिकार्य तथा विपद्पछिको पुनर्लाभका कार्यलाई थप व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गर्दै यसको सफल कार्यान्वयनमा सबै सरोकारवालाको सक्रिय सहयोग र प्रतिबद्धताको अपेक्षा गर्दछु।

धन्यवाद ।

गोगन बहादुर हमाल
प्रमुख जिल्ला अधिकारी एवम्
अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति

श्रावण, २०८३

# बिषय सूचि


| | |
|---|---|
| विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ | १ |
| अध्याय १: परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ संवैधानिक, कानुनी तथा नीतिगत आधार | १ |
| १.३ योजनाको आवश्यकता | ४ |
| १.४ उद्देश्य | ४ |
| १.५ कार्यक्षेत्र | ४ |
| १.६ मार्गदर्शक सिद्धान्त | ५ |
| १.७ जोखिम-विशेष योजनासँग सम्बन्ध | ६ |
| १.८ पुनरावलोकन तथा संशोधन | ६ |
| अध्याय २: बर्दिया जिल्लाको परिचय | ७ |
| २.१ जिल्लाको परिचय | ७ |
| २.२ भौगोलिक अवस्थिति तथा सीमाना | ७ |
| २.३ भू-क्षेत्रको वर्गीकरणः | ८ |
| २.४ प्रशासनिक तथा राजनैतिक विभाजनः | ८ |
| २.५ जनसंख्या विवरणः | ९ |
| २.६ स्थानीय तहहरुको परिचय | १३ |
| २.७ प्रमुख नदी, नाला तथा तालतलैया | १६ |
| २.८ वन तथा जैविक विविधता | १६ |
| २.९ सडक तथा यातायात सञ्जाल | १६ |
| २.१० स्वास्थ्य संस्थाः | १७ |
| २.११ सुरक्षा निकायः | २१ |
| २.१२ सञ्चार तथा सूचना प्रणाली | २३ |
| २.१३ पर्यटकीय स्थल | २४ |
| २.१४ व्यापारिक तथा औद्योगिक क्षेत्र | २४ |
| २.१५ जलवायु तथा हावापानीः | २४ |
| अध्याय ३: जोखिम तथा संवेदनशीलता विश्लेषण | २५ |
| ३.१ परिचय | २५ |
| ३.२ बर्दियाका प्रमुख विपद् | २८ |
| ३.३ जोखिम विश्लेषण | ३० |
| ३.६ जोखिम न्यूनीकरणका प्राथमिकता | ३४ |
| ३.७ जोखिम म्याट्रिक्स | ३४ |
| ३.८ उपलब्ध श्रोत, क्षमता तथा चुनौतीहरुको विश्लेषण | ३५ |

अध्याय ४: नीति तथा रणनीति ३७
४.१ परिचय ३७
४.२ नीतिहरू ३७
४.३ रणनीतिहरू ३८
४.४ अपेक्षित उपलब्धि ३८
अध्याय ५: संस्थागत व्यवस्था ४०
५.१ परिचय ४०
५.२ जिल्ला विपद् व्यवस्थापन समिति ४०
५.३ स्थानीय विपद् व्यवस्थापन समिति : ४१
५.४ जिल्ला प्रशासन कार्यालय ४२
५.५ जिल्ला समन्वय समिति ४४
५.६ स्थानीय तह ४४
५.७ सुरक्षा निकाय (नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी र नगर प्रहरी) ४६
५.८ राजनीतिक दल ४७
५.९ निजी क्षेत्रको जिम्मेवारी ४७
५.१० स्वास्थ्य कार्यालय/जिल्ला अस्पताल/आयूर्वेद केन्द्र ४८
५.११ खानेपानी तथा सरसफाई कार्यालय ४८
५.१२ संघीय आयोजना कार्यान्वयन इकाई र शहरी विकास तथा भवन कार्यालय ४९
५.१३ एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय ४९
५.१४ शिक्षा विकास तथा समन्वय इकाई ५०
५.१५ नेपाल विद्युत प्राधिकरण ५०
५.१६ डिभिजन वन कार्यालय ५१
५.१७ जिल्लामा कार्यर सरकारी तथा विकास आयोजना कार्यालय ५१
५.१८ टेलिकम तथा अन्य दूरसञ्चार सेवा प्रदायक ५१
५.१९ गैरसकारी संस्था, नागरिक समाज तथा स्वयंसेवी संस्था ५१
५.२० नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र ५२
५.२१ जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र ५३
५.२२ स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र ५३
५.२३ समन्वय तथा सूचना प्रवाह व्यवस्था ५३
५.२४ घटना आदेश प्रणाली (Incident Command System - ICS) ५४
५.२५ जिम्मेवारीको सारांश ५४
अध्याय ६: विपद् पूर्वतयारी व्यवस्था ५७
६.१ परिचय ५७
६.२ पूर्वसूचना प्रणाली ५७
६.३ संस्थागत तयारी ५७

६.४ खोज तथा उद्धार तयारी ५८
६.५ राहत सामग्री पूर्वभण्डारण ५८
६.६ जनचेतना तथा क्षमता विकास ५८
६.७ स्रोत साधनको तयारी तथा परिचालन ५८
६.८ सुरक्षित आश्रयस्थल तथा उद्धार केन्द्र ५९
६.९ समन्वय व्यवस्थापन ५९
६.१० पूर्वतयारी कार्ययोजना ५९
अध्याय ७: विपद् प्रतिकार्य व्यवस्था ६१
७.१ परिचय ६१
७.२ प्रतिकार्य सक्रियता (Activation) ६१
७.३ प्रारम्भिक सूचना, खोज तथा क्षति मूल्याङ्कन ६१
विपद्बाट हुने क्षतिको पूर्वानुमान (आर्थिक वर्ष २०८३/८४ (सन् २०२६/२७)) ६५
७.४ खोज तथा उद्धार सञ्चालन ६७
७.५ राहत वितरण व्यवस्था ७०
७.६ स्वास्थ्य, पोषण तथा WASH सेवा ७०
७.७ सूचना तथा सञ्चार व्यवस्थापन ७०
७.८ स्रोत साधन परिचालन ७०
७.९ प्रतिकार्य समापन तथा संक्रमण व्यवस्थापन ७०
७.१० प्रतिकार्य कार्यप्रवाह ७०
अध्याय ८: क्लस्टर प्रणाली तथा जिम्मेवारी ७२
८.१ परिचय ७२
८.२. समन्वय तथा सूचना व्यवस्थापन ७२
८.३ खोज तथा उद्धार क्लष्टर ७८
८.४ गैरखाद्य सामाग्री तथा शिविर व्यवस्थापन ८३
८.५ खाद्य सुरक्षा तथा गोदाम व्यवस्थापनः ८९
८.६ खानेपानी, सरसफाई तथा स्वच्छता ९५
८.७ संरक्षण ९९
८.८ स्वास्थ्य तथा पोषणः १०५
८.९ आपतकालिन शिक्षाः ११०
८.१० प्रारम्भिक पुर्नस्थापना तथा पुनर्निर्माणः ११८
८.११ समन्वय व्यवस्था १२२
८.१२ मानवीय प्रतिकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १२६
अध्याय ९: राहत, पुनःस्थापना तथा पुनर्लाभ १२८
९.१ परिचय १२८
९.२ राहत व्यवस्थापन १२८

९.३ राहत वितरणका सिद्धान्त १२९
९.४ प्रारम्भिक पुनःस्थापना १२९
९.५ पुनर्लाभ १२९
९.६ पुनर्निर्माणका आधारहरु १३०
९.७ समन्वय १३०
९.८ अनुगमन तथा प्रतिवेदन १३१
९.९ राहत तथा पुनःस्थापना कार्यतालिका १३१
अध्याय १०: अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन १३३
१०.१ परिचय १३३
१०.२ अनुगमन व्यवस्था १३३
१०.३ मूल्याङ्कन व्यवस्थापन १३३
१०.४ कार्ययोजना कार्यान्वयन १३४
१०.५ प्रतिवेदन प्रणाली १३५
१०.६ सिकाइ तथा सुधारका उपायहरु १३५
१०.७ अनुगमन तथा मूल्याङ्कन तालिका १३६
अनुसूचीहरू १३७
अनुसूची-१ प्रारम्भिक द्रुत लेखाजोखा फाराम(IRA) १३७
अनुसूची–२ः आपतकालीन सम्पर्क सूची १४१
अनुसूची–३ः विस्तृत क्षति तथा आवश्यकता लेखाजोखा फाराम १५८
अनुसूची-४ विपद् व्यवस्थापनका लागि अत्यावश्यक सामग्रीहरूको सूची १६१

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३
## अध्याय १: परिचय

### १.१ पृष्ठभूमि
बर्दिया जिल्ला बहु प्रकोपीय दृष्टिकोणले उच्च जोखिममा रहेको जिल्ला मध्य एक हो। यस जिल्लाको भौगोलिक अवस्थिति, धरातलीय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलता नै प्रकोपका मुख्य कारण हुन् खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापनमा कमी, अव्यवस्थित भू-उपयोग, भवन आचारसंहित अनुरुप संरचना तथा निर्माणमा कमी एवम् खडेरी, आगलागी, जंगली जनावरको आक्रमण एवं जलउत्पन्न प्रकोपहरुबाट सिर्जना भईरहेको छ । विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाई नियाल्दा यस जिल्ला देहायका प्रकोपहरुबाट बढि प्रभावित भएको देखिन्छ। बर्दिया जिल्लामा रहेका प्रमुख प्रकोपहरुको रुपमा बाढी/डुबान, जंगली जनावरको आतंक, आगलागी, सडक दुर्घटना, हावाहुरी, शितलहर, खडेरी, असिना, किटजन्य आतंक, शर्पदंश, लु जस्ता प्रकोपहरुको रहेको छन्। यस बाहेक बर्दिया जिल्लामा रहेका पुराना सरकारी तथा नीजि संरचनाहरु, विद्यालय भवनहरु भवन निर्माण आचारसंहिताको बिना तथा प्रायः कुनैपनि प्राविधिक परामर्श बिना नै निर्माण गरिएकाले समेत बर्दिया जिल्ला संकटासन्नतामा पर्दछ। संकटासन्नताको कारणहरू

- **जलवायु परिवर्तनः** बर्दियामा जलवायु परिवर्तनका कारण वर्षा अनियमित हुने, बाढी र सुख्खा जस्ता संकटहरू बढ्ने सम्भावना छ।
- **नदी किनारको अव्यवस्थित बसोबासः** नदी किनारमा अनधिकृत बस्तीहरू विस्तार हुँदा बाढीले बढी क्षति पुर्याउँछ।
- **जंगल कटानः** जंगल कटानले जमिनको सम्हाल कमजोर हुने र भू-क्षरण तथा भूस्खलन बढ्ने खतरा रहन्छ।
- **सडक तथा पूर्वाधारको कमजोर स्थितिः** विपदको समयमा सडक तथा अन्य पूर्वाधार नष्ट हुनाले उद्धार कार्यमा समस्या आउँछ।

यस्ता विपद्बाट हुने क्षति न्यूनीकरण गर्न पूर्वतयारी, समन्वय र प्रभावकारी प्रतिकार्य अपरिहार्य हुन्छ। यस आवश्यकतालाई मध्यनजर गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ तयार गरिएको हो।

### १.२ संवैधानिक, कानुनी तथा नीतिगत आधार
यो योजना प्रचलित कानुन र नीतिका आधारमा तर्जुमा गरिएको हो। साथै गृह मन्त्रालयको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शनलाई समेत आधार बनाइएको छ। योजनाले संघ, प्रदेश, जिल्ला र स्थानीय तहबीचको समन्वय तथा जिम्मेवारीलाई स्पष्ट गर्ने उद्देश्य राख्दछ। यसले कानुनी व्यवस्था अनुरूप प्रभावकारी विपद् व्यवस्थापनमा मार्गदर्शन प्रदान गर्दछ। कानूनमा भएका विषयहरुलाई छोटकरीमा तपसिल बमोजिम उल्लेख गरिएको छ।

#### १.२.१ नेपालको संविधानः
प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्दार राहात एवम् पुनर्स्थापना गर्ने कार्यलाई प्राकृतिक साधन स्रोतको संरक्षण संवद्धन र उपयोग सम्बन्धी नीति मा समावेश गर्नुका साथै प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी उद्धार तथा राहात र पुनर्लाभ संघ र प्रदेशको साझा अधिकारको रूपमा परिभाषित गरीनुका

साथै विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार तथा स्थानीय तहको अधिकार सुचीमा समेत समावेश गरी विपद् व्यवस्थापन कार्यलाई संवैधानिक रूपमा नै सुनिश्चित गरेको छ।

१.२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ः

यस ऐन अनुसार स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी देहाय बमोजिमको विभिन्न जिम्मेवारी निर्धारण गरेको छ

क. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून मापदण्ड योजनाको कार्यान्वयन अनुगमन र नियमन गर्ने,

ख. स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पूर्व सूचना प्रणाली खोज तथा उद्धार राहत सामग्रीको पूर्व भण्डारण वितरण र समन्वय गर्ने,

ग. स्थानीय तटबन्ध नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने,

घ. विपद् जोखिम क्षेत्रको नक्साङ्कनतथा वस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने,

ङ. विपद् व्यवस्थापनमा संघ, प्रदेश, स्थानीय समुदाय संघ संस्था तथा नीजि क्षेत्रसँगको सहयोग समन्वय र सहकार्य गर्ने,

च. विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने,

छ. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा कार्यान्वयन अनुगमन र मुख्याङ्कन गर्ने,

ज. विपद् पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पूर्ननिर्माण,

झ. स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने,

ञ. स्थानीय आपतकालीन कार्य सञ्चालन,

ट. समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन लगायत विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।

१.२.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, नियमावली, २०७६ः

जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद् व्यवस्थापनका सम्बन्धमा तयारी, प्रतिकार्य तथा पुनर्लाभिका विभिन्न जिम्मेवारी तोकिएको छ। नियमावलीले ऐनका प्रावधानहरूलाई प्रष्ट पार्नुका साथै प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि प्रतिवेदन गर्नुपर्ने प्रावधान राखेको छ।

१.२.४ १६औं आवधिक योजना (२०८१/८२-२०८५/८६):

क. विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी. ल्याउन विभिन्न निकायहरूबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी एकिकृत रूपमा सञ्चालन गर्ने।

ख. एकीकृत सूचना केन्द्र स्थापना गराउने।

ग. आपतकालीन कार्य सञ्चालन केन्द्रहरूमा अत्याधुनिक यन्त्र उपकरणहरूको उपयोग बढाउने ।

घ. संघसंस्थाहरुको समन्वय र सहकार्यमा विपद् जोखिम न्यूनीकरण र अल्पिकरणका कार्यक्रमहरु संचालन गर्ने ।

ङ. बस्ती, समुदायस्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि गाउँपालिका र वडाहरूमा विपद् सम्बन्धी जनचेतना मुलक गतिबिधिहरू सञ्चालन गर्ने/गराउने ।

च. जलवायू परिवर्तनका नकारात्मक असरहरू न्यूनीकरण गराउन बिशेष कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने।

१.२.५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४

क. पुनर्स्थापना र पुनर्निर्माणमा अझै राम्रो र अझै बलियो बनाऔ (Build Back Better) भन्ने अवधारणा अबलम्बन गर्ने,

ख. संघ, प्रदेश, स्थानीय र समुदाय स्तरमा विपद् व्यवस्थापन कोषको व्यवस्था गर्ने,

ग. संघदेखि स्थानीय तहसम्म उद्धार टोली स्थापना गर्ने,

घ. विकास सँग सम्बन्धित प्रत्येक सार्वजनिक संस्थाहरूले कम्तिमा पाँच प्रतिशत वार्षिक बजेट स्थानीय विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउनु पर्ने,

ङ. बैंक तथा वितीय संस्थाहरूबाट विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गर्ने,

च. विपद्का कारण पर्न सक्ने क्षतिलाई सम्बोधन गर्न जीवन र गैर जीवन वीमामा योजनाहरू प्रवर्द्धन गर्ने,

छ. स्थानीय तह समुदाय सामुदायिक संस्था विद्यालय तथा अस्पतालहरूमा समावेशी विपद् जोखिम व्यवस्थापन समितिहरू गठन गर्ने,

ज. असुरक्षित स्थानहरूमा बस्ती विस्तार नियन्त्रण गर्ने तथा असुरक्षित वस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि प्रोत्साहन गर्ने लगायतका नीतिहरू समावेश गरेको।

१.२.६ राष्ट्रिय विपद् प्रतिकार्यको कार्य ढाँचा, २०७०

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता तथा समन्वयको ढाँचा उल्लेख गर्नुका साथै विपद् प्रतिकार्यका लागि तोकिएका जिम्मेवार नेतृत्वदायी निकायहरूले तोकिएको समायवधि भित्र सञ्चालन गर्नुपर्ने गतिविधिहरू समेत उल्लेख गरेको छ।

१.२.७ दीगो विकास लक्ष्यहरू (सन् २०१५-२०३०)

सुरक्षित पूर्वाधार निर्माण गर्ने, जलबायु परिवर्तन र यसका प्रभावको न्यूनीकरण गर्ने, समावेशी सुरक्षित दीगो शहरीकरण र बस्ती विकास गर्ने जस्ता लक्ष्यहरू समावेश गरेको छ ।

१.२.८ विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुर्नस्थापना कार्यविधिहरूः

विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९, स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८, विपद् लेखाजोखा मागदर्शन २०७२ को प्रारम्भिक द्रुत लेखाजोखा [Initial Rapid Assessment (IRA)] खण्ड, सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७, विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड (सातौ संशोधन), २०७७ ।

१.२.९ लुम्बिनी प्रदेश सरकारबाट जारी भएको विपद् सम्बन्धी ऐन, नियम, कार्यविधि, मापदण्डहरू

१.२.१० स्थानीय तहबाट जारी भएको विपद् सम्बन्धी ऐन, नियम, कार्यविधि, मापदण्डहरूः

१.३ योजनाको आवश्यकता

नेपाल प्राकृतिक तथा मानवसिर्जित विपद्को उच्च जोखिममा रहेको मुलुक भएकाले विपद्को प्रभावकारी व्यवस्थापनका लागि स्पष्ट र कार्यान्वयनयोग्य योजना आवश्यक पर्दछ। विपद् हुनुअघि आवश्यक पूर्वतयारी, विपद्को समयमा प्रभावकारी प्रतिकार्य तथा विपद्पछिको पुनःस्थापनालाई व्यवस्थित गर्न यस योजनाले मार्गदर्शन प्रदान गर्दछ। विभिन्न सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी संस्था तथा समुदायबीच समन्वय, सहकार्य र जिम्मेवारी स्पष्ट गर्न पनि यो योजना आवश्यक छ। उपलब्ध स्रोत, साधन तथा जनशक्तिको प्रभावकारी परिचालन गरी जनधनको क्षति न्यून गर्न योजनाले सहयोग पुऱ्याउँछ। विपद्का समयमा निर्णय प्रक्रिया छिटो, समन्वित र प्रभावकारी बनाउन पूर्वनिर्धारित कार्यविधि तथा जिम्मेवारी आवश्यक हुन्छ। यस योजनाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, प्रचलित नीति, नियम तथा राष्ट्रिय विपद् व्यवस्थापन प्रणालीसँग अनुरूप रही कार्य सञ्चालन गर्न आधार प्रदान गर्दछ। सम्भावित जोखिमको पहिचान, पूर्वसूचना प्रणालीको उपयोग तथा समुदायको तयारी अभिवृद्धि गर्न पनि योजना महत्वपूर्ण हुन्छ। विपद्का बेला राहत, उद्धार, स्वास्थ्य सेवा तथा अत्यावश्यक सेवाको निरन्तरता सुनिश्चित गर्न यसले आवश्यक व्यवस्था निर्धारण गर्दछ। विगतका विपद्बाट प्राप्त सिकाइ तथा अनुभवलाई समेटी भावी चुनौतीहरूको सामना गर्न सक्षम प्रणाली विकास गर्नु पनि यस योजनाको प्रमुख आवश्यकता हो। त्यसैले सुरक्षित, सक्षम, समन्वित र उत्थानशील समाज निर्माणका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ अपरिहार्य मार्गदर्शक दस्तावेजका रूपमा आवश्यक रहेको छ।

१.४ उद्देश्य

क. जनधनको क्षति न्यूनीकरण गर्ने।

ख. प्रभावकारी पूर्वतयारी गर्ने।

ग. समन्वित प्रतिकार्य सञ्चालन गर्ने।

घ. जोखिम-विशेष आकस्मिक योजनाहरूको कार्यान्वयनका लागि मूल रूपरेखा प्रदान गर्ने।

ङ. विपद् व्यवस्थापनसँग सम्बन्धित सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवाला निकायको विपद् पूर्वतयारी र प्रतिकार्य कार्ययोजना एकीकरण गर्ने ।

च. उपलब्ध न्यूनतम साधन स्रोतको अधिकतम उपयोग गर्दै साधन स्रोतको खोजी गरी नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सघंसंस्थासँग प्रभावकारी समन्वयको सुनिश्चितता गर्ने ।

छ. विपद्को अवस्थामा यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अनुरुप जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा दोहोरोपना हुन नदिई एकद्धार प्रणाली अवलम्बन गरी प्रतिकार्य गर्ने ।

ज. विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका लागि विभिन्न सरकारी, गैरसरकारी निकाय, राष्ट्रिय अन्तराष्ट्रिय गै.स.स.हरुसँग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने (Coping Capacity) को पहिचान गर्ने र अन्तराल परिपूर्तिका लागि समन्वय र सहकार्य गरी प्रभावकारी कार्यसम्पादन गर्ने।

१.५ कार्यक्षेत्र

यस योजनाको कार्यक्षेत्र बर्दिया जिल्लाभित्र हुने प्राकृतिक तथा मानव सिर्जित सबै प्रकारका विपद्को पूर्वतयारी, प्रतिकार्य, राहत तथा प्रारम्भिक पुनःस्थापनासँग सम्बन्धित कार्यहरूमा सीमित रहनेछ। योजना कार्यान्वयनमा जिल्ला

विपद् व्यवस्थापन समिति, स्थानीय तह, सुरक्षा निकाय, विषयगत क्लस्टर, सरकारी तथा गैरसरकारी संस्था, निजी क्षेत्र र समुदायको सहभागिता रहनेछ। आवश्यकताअनुसार प्रदेश तथा संघीय निकायसँग समन्वय गरी कार्य सञ्चालन गरिनेछ। यस योजनाले सबै सरोकारवाला निकायका लागि कार्यसम्पादनको साझा मार्गदर्शन प्रदान गर्नेछ।

१.६ मार्गदर्शक सिद्धान्त

यस योजनाको कार्यान्वयन मानवता, निष्पक्षता, तटस्थता, समावेशिता, सहभागिता, उत्तरदायित्व तथा पारदर्शिताका सिद्धान्तमा आधारित हुनेछ। समन्वय, समावेशिता, उत्तरदायित्व, पारदर्शिता, मानवता, स्थानीय नेतृत्व, लैङ्गिक तथा सामाजिक समावेशीकरण विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्दा मानवता, निष्पक्षता, तटस्थता, समावेशिता, उत्तरदायित्व, समन्वय तथा सहभागिताका सिद्धान्तलाई आधार मानिनेछ। विपद्को समयमा प्रभावित समुदायको जीवन रक्षा, मानवीय गरिमा, समान पहुँच तथा संवेदनशील समूहको संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ। साथै उपलब्ध स्रोत—साधनको प्रभावकारी परिचालन, पारदर्शिता र कानुनी व्यवस्थाको पालना गर्दै सबै सरोकारवाला निकायबीच सहकार्य र समन्वयमा जोड दिइनेछ।

क. एकद्धार नीति (One Door Policy):

जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्धार नीति अनुरूप समग्र समन्वय र व्यवस्थापनको काम हुनेछ। प्रमुख जिल्ला अधिकारी वा जिल्ला विपद् व्यवस्थापन समितिले कुनै सरकारी निकायलाई समन्वयका लागि जिम्मेवारी दिन सकिनेछ ।

ख. विषयगत समुह (विषयगत समूह):

विभिन्न कारणबाट हुन सक्ने विपद् व्यवस्थापनका लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागितामा विभिन्न ९ (नौ) वटा विशिष्टिकृत विषयगत क्षेत्र तोकिने छ। ती विषयगत क्षेत्रहरूसँगको समन्वयमा विपद् व्यवस्थापनका कार्यहरू सञ्चालन गरिनेछ ।

ग. मानव श्रोत बैंक (Human Resource Bank):

विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सबै सरकारी, गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रले विपद् पूर्व (Pre-Disaster), विपद्को समयमा (During Disaster) तथा विपद् पश्चात् (Post-Disaster) आवश्यक जनशक्ति तयारी गरी जुनसुकै समयमा परिचालन गर्न सक्ने व्यवस्था मिलाउने। जनशक्ति तयारी गर्दा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी विपद् व्यवस्थापन सम्बन्धी मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा, **Operational Response Team (ORT)**, **Quick Response Team (QRT)**, **Search Task Force (STF)**, **Emergency Response Team (ERT)**, **District Disaster Response Team (DDRT)**, अग्नि नियन्त्रण (Fire Fighting) तथा स्वयंसेवकहरूको क्षमता विकास र नियमित अभ्यास (Mock Exercise) सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

घ. विपद् व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी (Major Responsibility):

जुन स्थानीय तह अन्तरगतको क्षेत्रमा विपद्धन्य घटना घटेको छ, सोही स्थानीय तह विपद् व्यवस्थापन गर्न मुख्य जिम्मेवार हुनुका साथै अन्य स्थानीय तहहरूले सहयोगीको भूमिका निर्वाह गर्नेछन्। विपद् व्यवस्थापनका लागि

स्थानीय तहहरू तथा संघीय र प्रदेश सरकारका विभिन्न निकायहरूवीच समन्वय गर्ने जिम्मेवारी जिल्ला विपद् व्यवस्थापन समिति एवम् जिल्ला समन्वय समितिको हुनेछ।

ङ. जिल्ला र प्रमुख सहयोग एजेन्सीः
विपद् व्यवस्थापन कार्यमा प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा विभिन्न गैरसरकारी संस्थाहरूसँग समन्वय गरी स्रोत व्यवस्थापन, विपद् व्यवस्थापन सामग्री व्यवस्थापन, विपद् जन्य घटना र त्यसको व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्कहरूको नियमित अद्यावधिक गर्ने विषयगत क्लष्टरहरूसँग समेत समन्वय सहकार्य गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

च. अन्य
जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले सबै क्लस्टरहरूसँग आवश्यक समन्वय, सहयोग, समझदारी, सहकार्य, निर्देशन र नियन्त्रण कायम गर्नेछ। विपद् व्यवस्थापनमा जिल्ला विपत व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको सहकार्य हुनेछ साथै विपद् व्यवस्थापनमा सबै सरकारी गैरसरकारी, निजी क्षेत्रले सहयोग गर्नु कर्तव्य हुनेछ ।

१.७ जोखिम-विशेष योजनासँग सम्बन्ध
मनसुन, शीतलहर तथा आगलागी/चटयाङ/हावाहुरी/लू आकस्मिक योजनाहरू यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अन्तर्गतका परिशिष्ट (Annex) तथा कार्यान्वयन दस्तावेजका रूपमा रहनेछन्। यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्लामा लागू रहेका बाढी, आगलागी, महामारी, भूकम्प तथा अन्य जोखिम—विशेष आकस्मिक योजना र कार्यविधिहरूसँग परिपूरक रूपमा कार्यान्वयन गरिनेछ। कुनै विशेष प्रकारको विपद् उत्पन्न भएमा सम्बन्धित जोखिम—विशेष योजनालाई यस योजनासँग समन्वय गरी कार्यान्वयन गरिनेछ। यसबाट प्रतिकार्य कार्यमा एकरूपता, स्पष्ट जिम्मेवारी र प्रभावकारी समन्वय सुनिश्चित हुनेछ।

१.८ पुनरावलोकन तथा संशोधन
यो योजनाको प्रभावकारिता कायम राख्न जिल्लाको जोखिम अवस्था, उपलब्ध स्रोत-साधन, नीतिगत व्यवस्था तथा विपद्बाट प्राप्त अनुभवका आधारमा आवश्यकता अनुसार नियमित रूपमा पुनरावलोकन तथा अद्यावधिक गरिनेछ। ठूला विपद्का घटना, कानुनी तथा नीतिगत परिवर्तन वा नयाँ जोखिमको पहिचान भएमा योजनामा आवश्यक संशोधन गरिनेछ। पुनरावलोकन प्रक्रिया जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा सम्बन्धित सरोकारवाला निकायहरूको सहभागितामा सम्पन्न गरिनेछ।

# अध्याय २: बर्दिया जिल्लाको परिचय

## २.१ जिल्लाको परिचय

लुम्बिनी प्रदेशमा पर्ने बर्दिया जिल्ला नेपालको पश्चिम क्षेत्रको अन्न भण्डारको रुपमा चिनिन्छ । यो जिल्लाको पुर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान तथा दक्षिणमा भारतको उत्तर प्रदेशको बहराईच जिल्ला पर्दछ। यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग कि.मी. मध्ये दुई तिहाई भन्दा बढी भु-भाग (६८.७६ प्रतिशत) तराईको समथल जमिनले ओगटेको छ भने बाँकी भाग (३१.२४ प्रतिशत) चुरे पर्वत पर्दछ। बिगतमा आदीबासी थारुहरुको बाहुल्यता रहेको यो जिल्ला पछिल्ला दिनहरुमा बाहिरी जिल्लाहरुबाट बसाईसराईको क्रम बढेसंगै जातिय र साँस्कृतिक बिबिधता रहेको छ।

सुगौली सन्धीबाट गुमेको भु-भाग मध्ये बि.स. १९१७ मा बाँके, बर्दिया, कैलाली र कंञ्चनपुर नेपाललाई फिर्ता आएकोले बर्दिया लगायत उल्लेखित जिल्लाहरु नयाँ मुलुकको रुपमा पनि चिनिन्छन् । यस जिल्लाको नाम बर्दिया रहनुको पछाडी विभिन्न जनश्रुति, धार्मिक एवम् पौराणीक आख्यानहरु रहेको पाइन्छ । ती मध्ये केही यस प्रकार छन् ।

- थारु भाषामा गाईगोरु पाल्नेलाई वर्दवा भनिन्छ । बर्दिया जिल्लामा गाईगोरुलाई प्रशस्त चरनक्षेत्र भएकोले धेरै गाई गोरु पाल्ने र वर्दवाहरु धेरै बसोबास गर्ने भएकाले पछि वर्दवाबाट अपभ्रंस भई बर्दिया जिल्ला नामकरण रहेको हो भन्ने भनाई छ ।
- साविक पदनाह गा.वि.स. हालको बारबर्दिया नगरपालिकामा वारवर्दिया भन्ने गाँउ छ, पहिले यसै ठाँउमा हरिहर उपाध्याय नामका ठुला जमिन्दारको महल थियो । बर्दियामा खेतिको लागि उपयुक्त जमिन भएको कारण बाहिरबाट बसाई सराई गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो, अन्तमा यसै ठाउँको नामबाट बर्दिया जिल्ला नामाकरण रहन गएको हो भन्ने भनाई छ ।

जैविक विविधता, दुर्लभ वन्यजन्तु कृष्णसार संरक्षण, बर्दिया राष्ट्रिय निकुञ्ज, देशकै लामो कर्णाली नदी, धार्मिक-भाषिक विविधता, अन्न भण्डार, विविध धार्मिक पर्यटकीय स्थल, धार्मिक साँस्कृतिक, सहिष्णुता सहितको समाज समेतले बर्दियाको चिनारी दिइरहेको छ ।

## २.२ भौगोलिक अवस्थिति तथा सीमाना

यस जिल्लाको भौगोलिक अवस्थालाई संक्षेपमा निम्न तालिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

तालिका-१, भौगोलिक अवस्थिति र सीमानाः

| | |
|---|---|
| अक्षांस | २८°१७० उत्तरदेखी २८°३९० उत्तर सम्म |
| देशान्तर | ८१°३० पूर्वदेखी ८१°४१० |
| पूर्व | बाँके जिल्ला |
| पश्चिम | कैलाली जिल्ला |
| उत्तर | सुर्खेत र सल्यान जिल्ला |
| दक्षिण | भारतको उ.प्र.को बहराईच जिल्ला |
| क्षेत्रफल | २,०२५ व. कि. मि. |

| | |
|---|---|
| औषत लम्बाई | ६४ कि.मि. |
| औषत चौडाई | ३५.७१ कि.मि. |
| उचाई | समुन्द्र सतहबाट १३८ मि. १२७९ मि.सम्म |
| अधिकतम उचाई | १२७९ मि.(चेपाङ गाउँ) |

२.३ भू-क्षेत्रको वर्गीकरणः

बर्दिया जिल्लाको भौगोलिक क्षेत्रलाई मुलतः दुई भाग चुरे क्षेत्र र तराई क्षेत्रमा वर्गीकरण गरिएको छ। यो क्षेत्रमा २० डिग्रीभन्दा कम भिरालोपना छ । माथिल्लो क्षेत्रमा चुरेबाट आउने बाढी गाउँ बस्तीमा प्रवेश गर्ने जोखिम छ भने तल्लो क्षेत्र समथर भू—भागको क्षेत्रमा भिरालोपनको अभावले गर्दा बर्षायाममा पानी जम्ने र निकासको समस्याले बाढी डुवानको रुप पनि लिने गर्दछ ।

२.४ प्रशासनिक तथा राजनैतिक विभाजनः

लुम्बिनी प्रदेश भित्र पर्ने यो बर्दिया जिल्लालाई २ वटा गाउँपालिका र ६ वटा नगरपालिका सहितको स्थानीय तह कायम गरीएको छ भने जसमा जम्मा ७५ वडाहरु रहेका छन् । २ गाउँपालिका र ६ नगरपालिकालाई २ वटा संघीय र ४ वटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजन गरीएको छ । यसको विस्तृत विवरण यस प्रकार छ ।

तालिका नं. २, जिल्लाको राजनैतिक बिभाजनः

| विवरण | संख्या | नगरपालिका/गाउँपालिका |
|---|---|---|
| संघीय निर्वाचन क्षेत्र | २ | क्षेत्र नं.१ बाँसगढी नगरपालिका, बढैयाताल गाउँपालिका, गुलरिया न.पा. र बारबर्दिया नगरपालिका<br>क्षेत्र नं.२ मधुवन नगरपालिका, ठाकुरद्वारा नगरपालिका, राजापुर नगरपालिका र गेरुवा गाउँपालिका |
| प्रदेश निर्वाचन क्षेत्र | ४ | क्षेत्र नं. १ः बाँसँगढी नपा र बढैयाताल गापा<br>क्षेत्र नं. २ः गुलरिया नपा र बारबर्दिया नपा वडा नं. ४ देखि ११ सम्म<br>क्षेत्र नं. ३ः बारबर्दियाको वडा नं.१ देखि ३ सम्म, मधुवन र ठाकुरबाबा नपा<br>क्षेत्र नं. ४ः राजापुर नपा र गेरुवा गाउँपालिका |
| नगरपालिका | ६ | १.बाँसँगढी नपा, २. गुलरिया नपा, ३. बारबर्दिया नपा,<br>४.मधुबन नपा, ५. ठाकुरबाबा नपा र ६. राजापुर नपा |
| गाउँपालिका | २ | १. बढैयाताल गापा र २. गेरुवा गापा |
| जम्मा वडा | ७५ | (१) बाँसँगढी नपामा ९ वडा , (२) गुलरिया नपामा १२ वडा,<br>(३) बारबर्दिया नपामा ११ वडा, (४) मधुबन नपामा ९ वडा,<br>(५) ठाकुरबाबा नपामा ९ वडा, (६) राजापुर नपामा १० वडा,<br>(७) बढैयाताल गापामा ९ वडा र (८) गेरुवा गापामा ६ वडा |

२.५ जनसंख्या विवरणः

जनगणना २०७८ अनुसार बर्दिया जिल्लामा कुल जनसंख्या ४,५९,९०० रहेको छ । जसमा पुरुषको जनसंख्या २,१६,७६६ जना र महिलाको जनसंख्या २,४३,१३४ जना छ । यस जिल्लामा कुल परिवार संख्या १,०६,३२६ छ । औषत घरपरिवारको आकार ४.३३ छ । जनघनत्व २२७ प्रति वर्ग कि.मि र बार्षिक जनसंख्या बृद्धि दर ०.७२ रहेको छ ।

तालिका ३ मा स्थानीय तह अनुसारको जनसंख्याः (स्रोतः केन्द्रीय तथ्याङ्क विभाग)

| स्थानीय तह | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| बढैयाताल गा.पा. | १२९६१ | ५२८१८ | २४३८४ | २८४३४ | ४.०८ | ८५.७६ | ०.९४ | ४५९ |
| बाँसगढी न.पा. | १५०९१ | ६३२५२ | २९३०७ | ३३९४५ | ४.१९ | ८६.३४ | १.१९ | ३०७ |
| बारबर्दिया न.पा. | १६८९७ | ७२५३३ | ३४१२६ | ३८४०७ | ४.२९ | ८८.८५ | ०.६२ | ३२१ |
| गेरुवा गा.पा. | ७७६२ | ३३५१४ | १५३६३ | १८१५१ | ४.३२ | ८४.६४ | -०.३८ | ४२७ |
| गुलरीया न.पा. | १६००२ | ७४५०५ | ३६७२७ | ३७७७८ | ४.६६ | ९७.२२ | १.०७ | ६३० |
| मधुवन न.पा. | १२४४४ | ५०७३९ | २३३१० | २७४२९ | ४.०८ | ८४.९८ | ०.८५ | ३९१ |
| राजापुर न.पा. | १३६५९ | ६०८३१ | २८६०७ | ३२२२४ | ४.४५ | ८८.७८ | ०.२० | ४७९ |
| ठाकुरबाबा न.पा. | ११४६९ | ४९४२० | २२८७० | २६५५० | ४.३१ | ८६.१४ | १.०५ | ४७३ |
| संस्थागत | ४१ | २२८८ | २०७२ | २१६ | - | - | - | - |
| जम्मा | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | ४.३३ | ८९.१५ | ०.७२ | २२७ |

तालिका ४ भाषा तथा लिङ्ग अनुसार जनसंख्या

| भाषा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| नेपाली | ६६६१४ | ७८५६६ | १४५१८० |
| मैथिली | ३३० | ३२४ | ६५४ |
| भोजपुरी | १०६५ | ९७७ | २०४२ |
| थारू | १०९८४० | १२२७९२ | २३२६३२ |
| तामाङ | ४२३ | ४७० | ८९३ |
| नेपालभाषा (नेवारी) | ७८२ | ८६९ | १६५१ |
| बज्जिका | १५ | २३ | ३८ |
| मगर ढुट | ३७४५ | ४३५२ | ८०९७ |
| डोटेली | ११० | ७७ | १८७ |
| उर्दू | ६२७ | ६७९ | १३०६ |
| अवधी | २३०२६ | २२४८६ | ४५५१२ |

| भाषा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| याक्थुङ (लिम्बू) | ९ | १३ | २२ |
| गुरुङ | ९५२ | ११७४ | २१२६ |
| बैतडेली | ५२ | ३७ | ८९ |
| राई | २१ | ३७ | ५८ |
| अछामी | २५९७ | ३१५७ | ५७५४ |
| राजवंशी | १० | १२ | २२ |
| हिन्दी | १३७० | १२९७ | २६६७ |
| बाज्हाङ्गी | ३२ | ३८ | ७० |
| चेपाङ | १० | १३ | २३ |
| सुनुवार | ५ | ५ | १० |
| मगर खाम | १७८ | २०५ | ३८३ |
| मारवाडी | १२ | ९ | २१ |
| माझी | १७ | १४ | ३१ |
| भुजेल | १० | ११ | २१ |
| कुमाल | ५५ | ५६ | १११ |
| दराई | २६ | ४० | ६६ |
| बाजुरेली | २७ | ३४ | ६१ |
| बोटे | २६ | २४ | ५० |
| घले | २१ | २६ | ४७ |
| दार्चुलेली | १५ | ४ | १९ |
| राजी | ४१३ | ४२९ | ८४२ |
| दैलेखी | २२७९ | २७६३ | ५०४२ |
| खस | ७०६ | ७१९ | १४२५ |
| संस्कृत | २५२ | २५७ | ५०९ |
| मुसलमान | २८० | २७१ | ५५१ |
| जुम्ली | ३८३ | ४४९ | ८३२ |
| सोनाहा | ३२२ | ३२३ | ६४५ |
| अन्य | १०० | ९६ | १९६ |
| उल्लेख नभएको | ९ | ६ | १५ |
| जम्मा | २१६७६६ | २४३१३४ | ४५९९०० |

तालिका ५ जात/समुदाय अनुसारको जनसंख्या

| जात | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| क्षेत्री | २६९४७ | ३१७७५ | ५८७२२ |
| पहाडी ब्राह्मण | १५३७४ | १७४१५ | ३२७८९ |
| मगर | ६३७४ | ७४५२ | १३८२६ |
| थारू | ११००१० | १२२९८० | २३२९९० |
| तामाङ | ४६५ | ५०६ | ९७१ |
| नेवा (नेवार) | १००९ | ११५५ | २१६४ |
| विश्वकर्मा | १३०१३ | १५८८९ | २८९०२ |
| मुसलमान | ६५६१ | ६७६९ | १३३३० |
| यादव | ४७३२ | ४४८४ | ९२१६ |
| राई | ६१ | ९३ | १५४ |
| गुरुङ | १२८० | १६२३ | २९०३ |
| परियार | ३९३९ | ४७१९ | ८६५८ |
| ठकुरी | ४८३७ | ५७४० | १०५७७ |
| याक्थुङ (लिम्बू) | २३ | ३३ | ५६ |
| मिजार | १३०९ | १५३७ | २८४६ |
| तेली | ३२४ | ३२७ | ६५१ |
| चमार/हरिजन/राम | २१३५ | २०५६ | ४१९१ |
| कोइरी/कुशवाहा | २२५ | १८२ | ४०७ |
| मुसहर | २०४ | २०९ | ४१३ |
| कुर्मी | ८०९ | ८१३ | १६२२ |
| सन्यासी/दशनामी | ११२२ | १२४० | २३६२ |
| धनुक | ११ | १४ | २५ |
| दुसाध/पासवान/पासी | ८३४ | ७८२ | १६१६ |
| मल्लाह | ११६३ | १०५९ | २२२२ |
| केवट | १५३० | १५५५ | ३०८५ |
| कठबनियाँ | १३६ | १२५ | २६१ |
| तराई ब्राह्मण | २३५३ | २५३८ | ४८९१ |
| कलवार | ७७ | ८१ | १५८ |
| कानु | २७ | ३१ | ५८ |
| कुमाल | २३१ | २३९ | ४७० |
| घर्ती/भुजेल | ९१ | १२२ | २१३ |

| जात | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| हजाम/ठाकुर | २७६ | २५४ | ५३० |
| राजवंशी | ६१ | ६८ | १२९ |
| शेर्पा | ४ | ७ | ११ |
| धोबी | ६०८ | ६०८ | १२१६ |
| लोहार | ३६२ | ४०७ | ७६९ |
| सुन्डी | ७९ | ८४ | १६३ |
| हलुवाई | २१२ | २०९ | ४२१ |
| माझी | २२५ | २३५ | ४६० |
| बरई | १७ | ८ | २५ |
| बिन | ३ | ७ | १० |
| नुनिया | ३४५ | ३२७ | ६७२ |
| चेपाङ/प्रजा | १६ | १९ | ३५ |
| सुनार | २९८ | २८९ | ५८७ |
| कुम्हार | १२ | १५ | २७ |
| सुनुवार | १८० | २६२ | ४४२ |
| कहार | ४४ | ४६ | ९० |
| मारवाडी | २२ | १४ | ३६ |
| कायस्थ | १३१ | ११९ | २५० |
| राजपूत | १८९ | १८५ | ३७४ |
| बादी | ४२२ | ४९० | ९१२ |
| उराँव/कुडुख | ३५ | ३७ | ७२ |
| लोध | २३९५ | २१६७ | ४५६२ |
| बढई/बढी | ३५ | २८ | ६३ |
| गडेरी/भेडियार | २७ | २५ | ५२ |
| घले | ३० | ३३ | ६३ |
| दराई | २९ | ४१ | ७० |
| माली | ८ | १८ | २६ |
| धुनिया | ७ | ४ | ११ |
| राजधोब | ११ | १९ | ३० |
| भोटे | ८ | १३ | २१ |
| कोरी | १०१ | ९१ | १९२ |
| छन्त्याल/छन्तेल | ५ | ७ | १२ |

| जात | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| बोटे | १९ | १९ | ३८ |
| राजभर | ५७ | ४० | ९७ |
| गाइने | १५० | १७८ | ३२८ |
| राजी | ४६८ | ४९६ | ९६४ |
| व्याँसी/सौका | १९ | २४ | ४३ |
| अमात | ३ | १४ | १७ |
| पत्थरकट्टा/कुशवडिया | ३२७ | ३०७ | ६३४ |
| किसान | १३ | १४ | २७ |
| चिडीमार | ३३ | २८ | ६१ |
| राना थारू | ११ | १३ | २४ |
| बनियाँ | ४२६ | ४२३ | ८४९ |
| गोंड/गोण्ड | ९६९ | ८९१ | १८६० |
| खटिक | ४८४ | ५०९ | ९९३ |
| अन्य | १०४ | १२२ | २२६ |
| विदेशी | २५६ | ३४७ | ६०३ |
| उल्लेख नभएको | २४ | ३० | ५४ |

२.६ स्थानीय तहहरुको परिचय

२.६.१ गुलरिया नगरपालिकाः

यस नगरपालिकाको कुल जनसङ्ख्या ७४,५०५ रहेको छ। जस मध्ये ३६,७२७(४९.३) पुरुष र ३७,७७८(५०.७) महिला रहेको छ भने यसको क्षेत्रफल ११८.२१ वर्गकिलोमिटर रहेको छ। यस नगरपालिकालाई १२ वडामा विभाजन गरिएको छ। यस नगरपालिकाको सिमाना पूर्वमा बढैयाताल गाउँपालिका, पश्चिममा मधुबन नगरपालिका, उत्तरमा बारबर्दिया नगरपालिका तथा दक्षिणमा मित्र राष्ट्र भारतको बहराइच जिल्ला रहेको छ। यस नगरपालिका मुख्य रुपमा बाढी डुबान र मानव-वन्यजन्तु द्वन्द्व, आगलागी, सर्पदंश, हावाहुरी मुख्य जोखिमको रुपमा रहेको छ।

२.६.२ मधुवन नगरपालिकाः

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको नगरपालिकाहरू मध्ये एक नगरपालिका हो। साबिकका सानोश्री, ताराताल, सुर्यपटुवा र ढोढरी सहित ४ गाविस समाहित गरि यो नगरपालिकाको निर्माण भएको छ। यस नगरपालिकाको पूर्वमा बारबर्दिया नगरपालिका ,पश्चिममा राजापुर नगरपालिका र छिमेकि मुलुक भारत, उत्तरमा बर्दिया राष्ट्रिय निकुन्ज र ठाकुरबाबा नगरपालिका र दक्षिणमा गुलारिया नगरपालिका र छिमेकि मुलुक भारत सँग सिमाना जोडिएको छ यस नगरपालिकाको क्षेत्रफल १२९.७३ वर्ग कि.मि. रहेको छ  यो नगरपालिका अक्षांश २६°२१ उत्तर देखि २९° ७ उत्तर सम्म र देशान्तर ८०°२१ पूर्व देखि ८१°१०

पूर्व सम्म छ भने समुन्द्र सतहबाट उचाई १७५ मिटर रहेको छ र यस नगरपालिकामा ११२४३ घरधुरीमा कुल जनसंख्या ५८३४६ रहेको छ हाल यस नगरपालिकामा ९ वटा वडा रहेका छन् । यस नगरपालिका मुख्य रुपमा बाढी डुबान र मानव-वन्यजन्तु द्वन्द्व, आगलागी, सर्पदंश, हावाहुरी, चटयाङ्क, कटान मुख्य जोखिमको रुपमा रहेको छ।

२.६.३ राजापुर नगरपालिकाः

राजापुर नगरपालिकालाई २०७१ पौष २५ गते साविकको दौलतपुर, नयाँगाउँ, राजापुर, बदलापुर, भिम्मापुर र मानपुर टपरा गा.वि.स. समावेश गरी १९ वडा सहितको राजापुर नगरपालिका घोषणा गरीएको थियो भने मिति २०७३ फागुन २२ गते साविकको राजापुर न.पा. र खैरिचन्दनपुर गा.वि.स. समावेश गरि जम्मा १० वडा कायम गरेको छ । कहिले गोलामण्डी, कहिले राजापुर नाम भएको यस ठाउँमा राजाराम कुर्मीको नामबाट राजापुर भएको हो भन्ने कथन रहेको छ भने अर्को कथन अनुसार यस ठाउँमा पहिला ठकुरी जातिका राजारजौटाहरुले बसोबास गर्थे पछि राजा राजा हुंदै राजापुर भएको हो भन्ने विश्वास पाइन्छ। घरधुरी तथ्याङ्क संकलन खानेपानी, सररफाइ तथा स्वच्छता योजना २०७७ अनुसार कुल जनसख्या ६९८७३ मध्ये महिला ३४५६१ र पुरुष ३५३१२ छन। यस नगरपालिका मुख्य रुपमा बाढी डुबान र मानव-वन्यजन्तु द्वन्द्व, आगलागी, सर्पदंश, हावाहुरी, कटान मुख्य जोखिमको रुपमा रहेको छ।

२.६.४ ठाकुरबाबा नगरपालिकाः

बर्दिया जिल्लाको साविकका बगनाह र नेउलापुर गा.वि.स. लाई समेटेर मिति २०७२ साल आश्विन ०२ मा बबई नगरपालिका स्थापना भएको र पछि शिवपुर र ठाकुरद्वारा गा.वि.स.लाई समेत समेटेर ठाकुरबाबा नगरपालिकाको स्थापना वि.सं. २०७३ साल फाल्गुण २७ मा भएको हो। सङ्घीय प्रणाली अनुसार यो नगरपालिका बर्दिया जिल्ला क्षेत्र नं. २ मा र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा क्षेत्र नं. २(क) मा पर्दछ। भौगोलिक हिसाबमा यस नगरपालिकाको पूर्व, पश्चिम र उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज पर्दछ भने दक्षिणमा मधुवन नगरपालिका पर्दछ। कुल क्षेत्रफल १०४.५७ वर्ग कि.मि. रहेको यो नगरपालिका समुन्द्र सतहबाट १४४ मिटरदेखि २१४ मिटरसम्मको उचाईमा रहेको छ भने भौगोलिक रुपमा ८१°१३'२४.६९" देखि ८१°२१'११.७७५" पूर्वी देशान्तर र २८°२१'५३.६३" देखि २८°३१'१९.२९५" उत्तरी अक्षांशमा फैलिएको छ र जनघनत्व ५४८.५५ रहेको छ। प्रशासनिक रुपमा ९ वटा वडामा विभाजन गरिएको यस नगरपालिकाको जनसङ्ख्या वि.सं. २०७९ सालमा गरिएको घरधुरी सर्वेक्षण अनुसार जम्मा जनसंख्या ५७,३६२ (पुरुषः २९,०७०, महिलाः २८,२८७ र अन्यः ५) रहेको छ भने कुल घरधुरीको सङ्ख्या ११,५६४ रहेको छ। यस नगरपालिका मुख्य रुपमा बाढी डुबान र मानव-वन्यजन्तु द्वन्द्व, आगलागी, सर्पदंश, हावाहुरी, चटयाङ्ग, कटान मुख्य जोखिमको रुपमा रहेको छ।

२.६.५ बारबर्दिया नगरपालिकाः

बर्दिया जिल्लामा पर्ने यो बारबर्दिया नगरपालिका नेपाल सरकारको मिति २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको नगरपालिका हो । साविक बानियाभार, पदनाहा, मगरागाडी र धधवार सहित ४ गाविस समाहित गरि यो नगरपालिकाको निर्माण भएको हो। यस नगरपालिकामा जम्मा ११ वटा वडाहरु छन् । बारबर्दिया नगरपालिका बर्दिया जिल्लाको मध्य भागमा २८ डिग्री २६ मिनेट देखि २८ डिग्री ३६ मिनेट उतर आक्षांश सम्म

र ८१ डिग्री ३० मिनेट देखि ८१ डिग्री ५० मिनेट उतर देशान्तर सम्ममा अवस्थित रहेको छ। यस नगरपालिकाको सिमाना पूर्वमा बाँसगढी नगरपालिका, पश्चिममा मधुवन नगरपालिका, उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र ठाकुरबाबा नगरपालिका तथा दक्षिणमा गुलरिया नगरपालिका रहेको छ । यस नगरपालिकाको घरधुरी संख्या १६८९७ र कुल जनसंख्या ७२५३३ रहेको छ जसमा ३४१२६ पुरुष तथा ३८४०७ महिला रहेका छन। यो नगरपालिका २२६.०९ वर्ग किमी क्षेत्रमा फैलिएको छ भने यसको उचाई समुन्द्री सतहदेखि करिब १७५ मिटरमा रहेको छ । उत्तरमा केहि चुरे क्षेत्र र दक्षिणमा तराई रहेको छ । यस नगरपालिका मुख्य रुपमा बाढी डुबान र मानव-वन्यजन्तु द्वन्द्व, आगलागी, सर्पदंश, हावाहुरी, चट्याङ्ग मुख्य जोखिमको रुपमा रहेको छ।

२.६.६ बाँसगढी नगरपालिकाः

बर्दिया जिल्लामा पर्ने यो बाँसगढी नगरपालिका नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७१ साल मंसिर १६ गतेको निर्णयानुसार देशभरी गठन भएका ६१ नगरपालिकाहरू मध्ये एक नगरपालिका हो। साविक बेलुवा, मोतिपुर र डेउढाकला सहित ३ गा.वि.स. समाहित गरि यो नगरपालिकाको निर्माण भएको यो नगरपालिका बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट २५ कि.मी. उत्तर पूर्वमा अवथिस्त छ र पूर्व पश्चिम राजमार्ग यस नगरपालिका बीच हुँदै गरुको छ। पूर्वमा सल्यानको काप्रेचौर, मानखोला (बाँके), पश्चिममा ग्याङ नदी (बारबर्दिया नगरपालिका), उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणमा बढैयाताल गाउँपालिका सँग यो नगरपालिका जोडिएको छ। उत्तरमा केहि चुरे क्षेत्र र दक्षिणमा तराई रहेको यस नगरपालिकाको अन्य बिष्तृत विवरण देहाय अनुसार रहेको छ। नगरपालिकाको क्षेत्रफल २०६ वर्ग कि।मी। रहेको छ भने अक्षांश २८$^0$१३' उत्तर देखि २८$^0$ २४' उत्तर सम्म, देशान्तर ८१$^0$ २५' पूर्व देखि ८१$^0$४६' पूर्व सम्म रहेको छ । यस नगरपालिका मुख्य रुपमा बाढी डुबान र मानव-वन्यजन्तु द्वन्द्व, आगलागी, सर्पदंश, हावाहुरी, चट्याङ्ग मुख्य जोखिमको रुपमा रहेको छ।

२.६.७ बढैयाताल गाउँपालिकाः

बढैयाताल गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्दछ। यस गाउँपालिकाको अन्य बिशेषताका रुपमा बढैया ताल, प्राचिन कालिका मन्दिर, दुई मोहना, नागमणि नाथ आदि जसले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने गरेकोछ। भौगोलिक हिसाबले ८१°२३'१७" देखि ८१°३३'४९" पूर्वी देशान्तर र २८°४'११" देखि २८°१३'५८" उत्तरी अक्षांशमा अवस्थित छ। यस गाउँपालिका समुद्री सतहबाट १४३ मिटरदेखि १५७ मिटरसम्मको उचाइमा अवस्थित छ भने ११५.१९ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बाँसगढी नगरपालिका पश्चिमतिर गुलरिया नगरपालिका, दक्षिणमा भारत रहेको छ भने पूर्वमा बाँके जिल्ला रहेको छ। बढैयाताल गाउँपालिकालाई २०७३/११/२७ गते गाउँपालिका घोषणा गरिएको हो। गाउपाँलिकाको तापक्रम वि.सं. २०७४ मा न्यूनतम ७.७ डिग्री सेल्सियसदेखि अधिकतम तापक्रम ४२.२ डिग्री सेल्सियसका बीच रहेको पाईन्छ । बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिका तथा नगरपालिकाहरुमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रुपमा बढैयाताल गाउँपालिका रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । घरधुरी सर्वेक्षण २०७४ को तथ्याङ्क अनुसार सबैभन्दा धेरै १९,५७१ अर्थात ३९.२ प्रतिशत तराई जनजाती, दोस्रोमा १३,४५२ अर्थात २६.९ प्रतिशत ब्राह्मण क्षेत्रीहरू, तेस्रोमा पहाडी दलित, चौथो र पाँचौमा क्रमश जनजाती र तराइ अन्य तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा कृषि, व्यापार, प्राकृतिक

श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । यस गाउँपालिका मुख्य रुपमा डुबान र आगलागी, सर्पदंश, हावाहुरी, चट्याङ्ग, मानव-वन्यजन्तु द्वन्द्व मुख्य जोखिमको रुपमा रहेको छ।

२.६.८ गेरुवा गाउँपालिकाः

बर्दिया जिल्लाको पश्चिम भेगमा कर्णाली नदिले बनाएको टापु मा अवस्थित रहेको छ। पाताभार, गोला, पशुपतिनगर र मनाउ गा.वि.स.लाई एक गरि यस गेरूवा गाउँपालिकाको निर्माण गरिएको छ।यस गाउँपालिकालाइ ६ वटा वडा रहेको छ। कुल क्षेत्रफल ७८.४१ बर्ग कि.मि. रहेको छ। यहाँको कुल जनसंख्या ४० हजार रहेको छ । यस गाउँपालिकामा मुख्य रुपमा बाढी डुबान, कटान र जंगली जनावरको आक्रमण मुख्य रहेको छ। यस गाउँपालिका मुख्य रुपमा मानव-वन्यजन्तु द्वन्द्व, बाढी डुबान, कटान, आगलागी, सर्पदंश, चट्याङ्ग मुख्य जोखिमको रुपमा रहेको छ।

२.७ प्रमुख नदी, नाला तथा तालतलैया

जलसाधनलाई सबैभन्दा महत्वपूर्ण प्राकृतिक श्रोत रुपमा लिन सकिन्छ । कृषि, उर्जा, उद्योग जस्ता आर्थिक क्षेत्रको विकास गर्न यसको महत्वपूर्ण भुमिका हुनसक्छ। भौगोलिक बनावटका कारण यस जिल्लामा धरातलीय जलश्रोत प्रचुर मात्रामा रहेको छ । यहाँका जलभण्डारहरूमा मूलतः नदिनाला र तालतलैयाहरू पर्दछन् । यस जिल्लामा बग्ने मुख्य नदी र खोलाहरूमा कर्णाली नदी, गेरुवा नदी, बबई नदी, ओराही खोला, बुढीकुला, मानखोला, डुडुवा नाला, रेउखोला, कुठरा लगनिया खोला आदि पर्दछन्। बाह्रै महिना पानी बग्ने यहाँका नदी र खोलाहरूबाट सिंचाईको सुविधा लिनसक्ने प्रचुर सम्भावना रहेको छ ।

२.८ वन तथा जैविक विविधता

बर्दिया जिल्लाको कूल क्षेत्रफल २०२५ वर्ग कि.मि. रहेकोमा बर्दिया राष्ट्रिय निकुञ्जले ९६८ वर्ग किलोमिटर र सामुदायिक वनले २०९५०.४१ हेक्टर क्षेत्रफल ओगटेको छ। जिल्लामा सामुदायिक वनको संख्याः २५२, लाभान्वित घरधुरी संख्याः ५८८४१, लाभान्वित जनसंख्याः ३०४४३८ रहेको डिभिजन वन कार्यालयको अभिलेखमा रहेको। सामुदायिक तथा राष्ट्रिय वनः निकुञ्ज बाहेक जिल्लाका विभिन्न भागमा स्थानीय बासिन्दाद्वारा संरक्षित सामुदायिक वनहरू पनि रहेका छन् । बर्दिया जिल्लाको जंगलमा मुख्यतया साल, सिसौ, खयरलगायतका तराईका सदाबहार रुखहरू पाइन्छन् भने जंगली जनावरमा पाटे बाघ, एकसिंगे गैंडा, हात्ती, चितुवा, र घडियाल गोही लगायतका लागि प्रख्यात छ।

२.९ सडक तथा यातायात सञ्जाल

- **महेन्द्र राजमार्ग (पूर्व-पश्चिम राजमार्ग):** यो जिल्लाको उत्तरी भाग भएर गुज्रने मुख्य सडक हो। यसले बर्दिया जिल्लाको पूर्व बाँसगढी, बारबर्दिया र ठाकुरबाबा नगरपालिकालाई जोडेको छ।
- **हुलाकी राजमार्गः** जिल्लाको दक्षिणी तथा भित्री भागहरू जोड्ने यो महत्वपूर्ण सडक हो। यसले जिल्लाको पूर्वतर्फबाट क्रमशः बढैयाताल गापा, गुलरिया, मधुवन, राजापुर नगरपालिकालाई जोडेको छ।
- **सहायक सडकहरूः** यस अन्तर्गत महेन्द्र राजमार्ग र हुलाकी राजमार्गलाई भोलोगौढी-बाँसगढी, मैनापोखर-बाँसगढी, गणेशपुर-लक्ष्मणा, गुलरिया-जब्दी-कतर्निया, गुलरिया-जब्दी-रम्भापुर,

कुसुम्बाघाट-जयनगर-रम्भापुर/कतर्निया, मधुवन बजार-लठुवाघाट-जयनगर-रम्भापुर/ कतर्निया, मधुवन माचडचोक-भुरिगाउँ, ओराली बजार-डल्ला-ठाकुरद्वारा-अम्बासा, राजापुर रामजानेचोक-मनाउ-पाताभार-सनकट्टी-टिकापुर, राजापुर-दौलतपुर-टिकापुरले जोडिएको छ।




२.१० स्वास्थ्य संस्थाः

| सि.नं. | युनिट | रहेको स्थान | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १ | खैरापुर स्वा.चौ. | गुलरिया न.पा.- १, खैरापुर | ९८४१०१९८३५ |
| २ | आ.स्वा.के. २ | गुलरिया न.पा.- २, पन्डितपुर् | ९८४२६५५६५८ |
| ३ | आ.स्वा.के. ३ | गुलरिया न.पा.- ३, कट्टी | ९८४८१४५४२९ |
| ४ | आ.स्वा.के. ४ | गुलरिया न.पा.- ४, तुलसीपुर | ९८४८०३४२२८ |
| ५ | आ.स्वा.के. ५ | गुलरिया न.पा.- ५, बालापुर | ९८६८०४५२९७ |
| ६ | आ.स्वा.के. ६ | गुलरिया न.पा.- ६, गुलरिया | ९८०२५४४८१६ |
| ७ | आ.स्वा.के. ७ | गुलरिया न.पा.- ७, चौगुर्जी | ९८६३४०६५०४ |
| ८ | आ.स्वा.के. ८ | गुलरिया न.पा.- ८, आशापुर | ९८६७१०२०८७ |
| ९ | मथुराहर्द्वार स्वा.चौ. | गुलरिया न.पा.- ९, डब्बा | ९८५८०४६३६५ |
| १० | आ.स्वा.के. १० | गुलरिया न.पा.- १०, कालाबन्जर | ९८४५६१६६५९ |
| ११ | आ.स्वा.के. ११ | गुलरिया न.पा.- ११, लालपुर | ९८४८२१७३७७ |

| सि.नं. | युनिट | रहेको स्थान | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १२ | मोहम्मदपुर स्वा.चौ. | गुलरिया न.पा.- १२, दुधा | ९८४८०७९४८९ |
| १३ | सुर्यपटुवा स्वास्थ्य चौकी | मधुवन न.पा. १ सुर्पटुवा | ९८५८०२६२६५ |
| १४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र फुलबारी | मधुवन न.पा. २ फुलबारी | ९८४८०२१५२६ |
| १५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र बालकुमारी | मधुवन न.पा. ३ बालकुमारी | ९८६८३७२७४७ |
| १६ | ढोढरी स्वास्थ्य चौकी | मधुवन न.पा. ४ ढोढरी | ९८५८०५९२६१ |
| १७ | आधारभुत स्वास्थ्य सेवा केन्द्र शक्तिपुर | मधुवन न.पा. ५ शक्तिपुर | ९८४९१४५९३४ |
| १८ | मधुवन नगर अस्पताल वडा नं ६ सानोश्री | मधुवन न.पा. ६ सानोश्री | ९७४५५४३१२४ |
| १९ | ताराताल स्वास्थ्य चौकी | मधुवन न.पा. ७ ताराताल | ९८४८०३४२९१ |
| २० | तिलेराना स्मृती आधारभुत स्वास्थ्य सेवा केन्द्र | मधुवन न.पा. ८ दुर्गापुर | ९८६४८२००९० |
| २१ | आधारभुत स्वास्थ्य सेवा केन्द्र धर्मबस्ती | मधुवन न.पा. ९ धर्मबस्ती | ९८४८३०६०३० |
| २२ | दौलतपुर स्वास्थ्य चौकी | वडा १ दौलतपुर | ९८४८४४३३९६ |
| २३ | नयाँगाउ स्वास्थ्य चौकी | वडा २ बालाबजार | ९८४८०७३१५१ |
| २४ | प्रयागपुर आ.स्वा. के. | वडा ३ प्रयागपुर | ९८४९५११५९१ |
| २५ | राजापुर प्राथमिक स्वास्थ्य केन्द्र | वडा ४ राजापुर | ९८४८१७०६५० |
| २६ | बदालपुर स्वास्थ्य चौकी | वडा ५ बदालपुर | ९८६८११४१३ |
| २७ | त्रिबेणीबजार शहरी स्वास्थ्य केन्द्र | वडा ५ त्रिबेणीबजार | ९८४१८७९९२१ |
| २८ | मानपुरटपरा स्वास्थ्य चौकी | वडा ६ जमुनाबोझी | ९८४४८२२४३२ |
| २९ | रामपुर आ.स्वा. के. | वडा ७ रामपुर | ९८५८०४७४१५ |
| ३० | धोबिनपुर आ.स्वा. के. | वडा ८ धोबिनपुर | ९८४८२२१३७३ |
| ३१ | भिम्पुमार स्वास्थ्य चौकी | वडा ९ गोडियाना | ९८४८८९०१९८ |
| ३२ | खैरीान्दनपुर स्वास्थ्य चौकी | वडा १० खैरी | ९८४८२६०८९५ |
| ३३ | नागरिक आरोग्य केन्द्र,राजापुर | वडा ४ रााजापुर | ९८६३४४१२१० |
| ३४ | आधारभूत स्वास्थ्य केन्द्र बगहिपुर | गेरुवा-१ बगहिपुर | 9848273004 |
| ३५ | आधारभूत स्वास्थ्य केन्द्र पाताभार | गेरुवा-२ पाताभार | 9868938910 |
| ३६ | पाताभार स्वास्थ्य चौकी | गेरुवा-३ गणेशपुर | 9812532450 |
| ३७ | गोला स्वास्थ्य चौकी | गेरुवा-४ गोबिन्दपुर | 9868564629 |
| ३८ | पशुपतिनगर स्वास्थ्य चौकी | गेरुवा-५ पशुपतिनगर | 9848296677 |
| ३९ | मनाउ स्वास्थ्य चौकी | गेरुवा-६ प्रशेनीपुर | 9848177732 |
| ४० | नेउलापुर स्वास्थ्य चौकि | ठाकुरबाबा न पा वडा नं १ | 9866801750 |
| ४१ | आ स्वा के रानिपुर | ठाकुरबाबा न पा वडा नं २ | 9866461340 |
| ४२ | ठाकुरबाबा आधारभुत नगर अस्पताल | ठाकुरबाबा न पा वडा नं ३ | 9848081733 |
| ४३ | बगनाहा स्वास्थ्य चौकि | ठाकुरबाबा न पा वडा नं ४ | 9868162273 |

| सि.नं. | युनिट | रहेको स्थान | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| ४४ | आ स्वा के बनकट्टि | ठाकुरबाबा न पा वडा नं ५ | 9848070997 |
| ४५ | शिबपुर स्वास्थ्य चौकि | ठाकुरबाबा न पा वडा नं ६ | 9848136282 |
| ४६ | आ स्वा के मोहनपुर | ठाकुरबाबा न पा वडा नं ७ | 9868380153 |
| ४७ | ठाकुरद्धारा स्वास्थ्य चौकि | ठाकुरबाबा न पा वडा नं ८ | 9848041411 |
| ४८ | आ स्वा के ठाकुरद्धारा | ठाकुरबाबा न पा वडा नं ९ | 9864877873 |
| ४९ | पहाडीपुर आ.स्वा.के. | बारबर्दिया १ पहाडीपुर | ९८४४८६०१४८ |
| ५० | कुमरागाँउ आ.स्वा.के. | बारबर्दिया २ कुमरागाँउ | ९८०४५४५४५० |
| ५१ | बनियाभार स्वास्थ्य चौकी | बारबर्दिया ३ बनियाभार | ९८४८०२३६५९ |
| ५२ | पदनाहा स्वास्थ्य चौकी | बारबर्दिया ४ पदनाह | ९८६४९६९७०६ |
| ५३ | जब्दहवा आ.स्वा.के. | बारबर्दिया ५ जब्दहवा | ९८४८१५४३६८ |
| ५४ | बारबर्दिया नगर अस्पताल | बारबर्दिया ६ जयनगर | ९८५८०४८४४४ |
| ५५ | सिउनियाँ आ.स्वा.के. | बारबर्दिया ७ सिउनिया | ९८४४८८९१६८ |
| ५६ | थानफेना आ.स्वा.के. | बारबर्दिया ८ थानफेना | ९८६६९७४९६७ |
| ५७ | कतर्निया आ.स्वा.के | बारबर्दिया ९ कतर्निया | ९८६८९१५८०० |
| ५८ | धधवार स्वास्थ्य चौकी | बारबर्दिया १० बैदि | ९८४८०२७६८५ |
| ५९ | लम्कीफाँटा आ.स्वा.के. | बारबर्दिया ११ लम्किफाँटा | ९८६६७५७४४५ |
| ६० | आ.स्वा के. वडा नं १ | बढैयाताल गा पा-१ | 9842308190 |
| ६१ | जमुनी स्वास्थ्य चौकी | बढैयाताल गा पा-२ | 9858024590 |
| ६२ | सोरहवा प्रा स्वा के | बढैयाताल गा पा-३ | 9840051291 |
| ६३ | आ.स्वा के. वडा नं ४ | बढैयाताल गा पा-४ | 9814513768 |
| ६४ | आ.स्वा के. वडा नं ५ | बढैयाताल गा पा-५ | 9845953102 |
| ६५ | मैनापोखर स्वास्थ्य चौकी | बढैयाताल गा पा-६ | 9858025375 |
| ६६ | आ.स्वा के. वडा नं ७ | बढैयाताल गा पा-७ | 9841881506 |
| ६७ | कालिका स्वास्थ्य चौकी | बढैयाताल गा पा-८ | 9867683653 |
| ६८ | आ.स्वा के. वडा नं ९ | बढैयाताल गा पा-९ | 9848179506 |
| ६९ | आधारभुत स्वास्थ्य केन्द्र बबई चेपाङ्ग | बाँसगढी १ | ९८४२६७०४६८ |
| ७० | शहरी स्वास्थ्य केन्द्र राँझाँ | बाँसगढी २ | ९८६३३१७०१९ |
| ७१ | वेलवा स्वास्थ्य चौकी | बाँसगढी २ बनमुडुवा | ९७४४६६०००० |
| ७२ | शहरी स्वा्वास्थ्य केन्द्र सुन्दरवस्ती | बाँसगढी ३ सुन्दरवस्ती | ९८१३६७९४२७ |
| ७३ | आधारभुत स्वास्थ्य केन्द्र पुष्पनगर | बाँसगढी ३ पुष्पनगर | ९८६६७१९०३१ |
| ७४ | आधारभुत स्वास्थ्य केन्द्र बठूवा | बाँसगढी ४ | ९८४८३६९४०१ |
| ७५ | बाँसगढी नगर अस्पताल | बाँसगढी ५ | ९८५८०७२३०७ |

| सि.नं. | युनिट | रहेको स्थान | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| ७६ | आधारभुत स्वास्थ्य केन्द्र दमौली | बाँसगढी ६ दमौली | ९८६६८४१२९० |
| ७७ | डेउढाकला स्वास्थ्य चौकी | बाँसगढी ७ | ९८१२५१२६७५ |
| ७८ | आधारभुत स्वास्थ्य केन्द्र ककौरा | बाँसगढी ८ ककौरा | ९८४८२२११२८ |
| ७९ | आधारभुत स्वास्थ्य केन्द्र माछ्रागढ | बाँसगढी ९ शान्तिनगर | ९८४४८८८३२६ |
| ८० | शहरी स्वा्वास्थ्य केन्द्र थुमनी | बाँसगढी ९ थुमनी | ९८६८१३१७४३ |

एम्बुलेन्सको विवरण

| क्र स् | एम्बुलेन्स सेवा संचालन गर्ने संस्थाको नाम | गाडि नं | एम्बुलेन्स चालकको नाम | चालकको सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | बर्दिया अस्पताल | बा २ ज ४०१३ | श्याम प्रशाद चौधरी | 9848066312 |
| २ | बर्दिया अस्पताल | भे १ झ ३२८ | किरण प्रशाद कुर्मी | 9819515546 |
| ३ | सुर्यपटुवा स्वास्थ्य चौकि | बा २ झ ३०९५ | रामफल थारु | 9864971480 |
| ४ | माया सदन स्वास्थ्य क्लिनिक | भे १ च २७६२ | रमेश थारु | 9800510302 |
| ५ | नेपाल रेडक्रस सोसाईटी | भे १ च २२२० | बसन्त कुमार महतो | 9848200722 |
| ६ | नेपाल रेडक्रस सोसाईटी | भे १ च १००३ | सुमन चोधरी | 9868050525 |
| ७ | बंगलामुखी कोअपरेटिभ | भे १ च २१४६ | फिरुवा थारु | 9848083984 |
| ८ | तारताल स्वास्थ्य चौकी | भे १ झ २५७ | बेल बहादुर क्षेत्री | 9868960497 |
| ९ | शहिद प्रतिष्ठान नयाँगाउँ | भे १ च ११०६ | चन्द्र बहादुर थारु | 9814546409 |
| १० | राजापुर प्रा स्वा के | बा २ झ १७४२ | चन्द्रिका लोहाती | 9868106980 |
| ११ | गेरुवा सामुदायिक स्वास्थ्य केन्द्र | भे १ च १२६३ | राजकुमार चौधरी | ९८२४५९०११३ |
| १२ | युनिक नेपाल | भे १ च २०५९ | दिपुलाल थारु | 9848067470 |
| १३ | मानपुर टपरा स्वास्थ्य चौकी | भे १ झ ३४६ | प्रबिन थारु | 9866641307 |
| १४ | नेपाल रेडक्रस सोसाईटी | भे १ च २४०९ | निशान चौधरी | ९८४८१३०१२२ |
| १५ | पाताभार स्वास्थ्य चौकी | भे १ झ ३३६ | अमर रोकाय | 9840485304 |
| १६ | नेपाल रेडक्रस सोसाईटी | भे १ च ४२७१ | दिपक लाल मगर | 9744391900 |
| १७ | ठाकुरद्वारा स्वास्थ्य चौकी | भे १ च २४०२ | दयाल दास थारु | 9764313002 |
| १८ | पदनाहा स्वास्थ्य चौकी | भे १ झ २८६ | बालखराम थारु | |
| १९ | बुद्धभुमी नेपाल | लु ३ च ३००१ | असोक के सी | 9802525858 |
| २० | धधवार स्वास्थ्य चौकी | भे १ झ २६७ | जंगली चौधरी | 9869966801 |
| २१ | आयाम स्वास्थ्य सेवा क्लिनिक | भे १ च १३८४ | अमिर हुसेन जोलाहा | ९८१२५९७५५८ |
| २२ | खैरापुर स्वास्थ्य चौकी | भे १ झ ३५७ | खिद्दुलाल चौधरी | ९८४८२१७३९१ |
| २३ | बदालपुर स्वास्थ्य चौकी | लु १ झ ७२४ | गोबिन्द कुमार थारु | 9863575424 |
| २४ | नेपाल रेडक्रस सोसाईटी | रा १ च १५९० | राम सरण चौधरी | |

| क स् | एम्बुलेन्स सेवा संचालन गर्ने संस्थाको नाम | गाडि नं | एम्बुलेन्स चालकको नाम | चालकको सम्पर्क नम्बर |
|---|---|---|---|---|
| २५ | नगर अस्पताल बारबर्दिया | भे १ झ ३७९ | राम बहादुर थारु | 9766662801 |
| २६ | नगर अस्पताल बाँसगढी | भे १ झ ३६६ | गोपाल जैसी | 9812417073 |
| २७ | कालिका स्वास्थ्य चौकी | भे १ झ ३७४ | सन्तराम थारु | 9848092575 |

२.११ सुरक्षा निकायः

नेपाल प्रहरी

| सि.नं. | प्रहरी ईकाईको नाम | कार्यालयको नम्वर |
|---|---|---|
| १ | जि.प्र.का.वर्दिया | ९८५८०३५५५५ |
| २ | स.प्र.से.वर्दिया | ९८६९९६८६९९ |
| ३ | का.सु.गार्ड वर्दिया | ९८६९९६८८८९ |
| ४ | प्र.चौ.महम्मदपुर बर्दिया | ९८६९९६८६८८ |
| ५ | प्र.चौ.खैरापुर (क) बर्दिया | ९८६९९६८६९० |
| ६ | प्र.चौ.खैरापुर (ख) बर्दिया | ९८६९९६८६९८ |
| ७ | प्र.चौ.सुरजपुर बर्दिया | ९८६९९६८६८९ |
| ८ | इ.प्र.का. मथुरा बर्दिया | ९८६९९६८६९७ |
| ९ | प्र.जि.अ.नि.गार्ड बर्दिया | ९८६९९६८६९३ |
| १० | जि.अ.स.तथा सु.प्र.ई. बर्दिया | ९८६९९६८६९४ |
| ११ | इ.प्र.का.राजापुर बर्दिया | ९८५८०२७३३३ |
| १२ | इ.प्र.का. गोडियाना बर्दिया | ९८५८०९०५४१ |
| १३ | प्र.चौ.खैरिचन्दनपुर बर्दिया | ९८५८०९०५२० |
| १४ | प्र.चौ.भिम्मापुर बर्दिया | ९८५८०९०५२१ |
| १५ | अ.प्र.पोष्ट बालाबजार नयाँगाउ बर्दिया | ९८५८०८८५३० |
| १६ | इ.प्र.का.मैनापोखर बर्दिया | ९८५८०४२१०० |
| १७ | प्र.चौ.जमुनी बर्दिया | ९८६९९६८८९० |
| १८ | प्र.चौ.कालिका बर्दिया | ९८५८०९०५१६ |
| १९ | प्र.चौ.शितलाबजार बर्दिया | ९८५८०४३१०० |
| २० | इ.प्र.का.बगनाह भुरिगाउ बर्दिया | ९८५८०९०५३५ |

| सि.नं. | प्रहरी ईकाईको नाम | कार्यालयको नम्वर |
|---|---|---|
| २१ | प्र.चौ.सुर्यपटुवा बर्दिया | ९८५८०९०५२३ |
| २२ | अ.प्र.पोष्ट ठाकुरद्वारा बर्दिया | ९८६९९६८६९५ |
| २३ | अ.प्र.पोष्ट बकुवा बर्दिया | ९८५८०३५१६६ |
| २४ | इ.प्र.का.बानियाभार बर्दिया | ९८५८०८९१०५ |
| २५ | इ.प्र.का.जयनगर बर्दिया | ९८५८०९०५३४ |
| २६ | इ.प्र.का.मोतिपुर बर्दिया | ९८५८०९०५३७ |
| २७ | प्र.चौ.कतर्नियाघाट बर्दिया | ९८५८०९१३३३ |
| २८ | प्र.चौ. लक्ष्मणा बर्दिया | ९८६४२८३२६५ |
| २९ | प्र.चौ.चेपाङ् बर्दिया | ९८६९५४७६७० |
| ३० | अ.प्र.पोष्ट ककौरा बर्दिया | ९८६९९६८६९६ |
| ३१ | इ.प्र.का. ढोढरी, बर्दिया | ९८५८०९०५२९ |
| ३२ | इ.प्र.का.सानोश्री बर्दिया | ९८५८०९०५३९ |
| ३३ | प्र.चौ.ताराताल बर्दिया बर्दिया | ९८६९९६८६९१ |
| ३४ | प्र.चौकी कोठियाघाट बर्दिया | ९८५८०९०५२५ |
| ३५ | प्र.चौकी धनौरा बर्दिया | ९८५८०७२११० |
| ३६ | इ.प्र.का.पाताभार,बर्दिया | ९८५८०९०१११ |
| ३७ | प्रहरी चौकी मनाउ ,बर्दिया | ९८५८०९०५२२ |
| ३८ | प्रहरी चौकी पशुपतिनगर,बर्दिया | ९८४७९७९१६८ |
| ३९ | जि.ट्रा.प्र.का.बर्दिया | ९८५८०९०५२७ |

सशस्त्र प्रहरी बल नेपाल

| क्र.सं. | युनिटको नाम | ठेगाना | कार्यालयको नं. |
|---|---|---|---|
| १. | नं. 31 गण हे.क्वा. बर्दिया | गुलरिया न.पा.८ सुरजपुर | ९८५१२७५११८ |
| २. | सी.सु. गुल्म कण्ठपुर | बढैयाताल गा.पा.८ कण्ठपुर | ९८५१२७१४२० |
| ३. | सी.सु. गुल्म राजापुर | राजापुर न.पा.-४ राजापुर | ९८५१२७२४८० |
| ४. | बिओपि सानोडाँफे | बढैयाताल गा.पा.१ सानोडाँफे | ९८५१२७१४२४ |
| ५. | बिओपि जमुनी | बढैयाताल गा.पा.-२ जमुनी | ९८५१२७२४७९ |

| क्र.सं. | युनिटको नाम | ठेगाना | कार्यालयको नं. |
|---|---|---|---|
| ६. | बिओपि फुटाहा | बढैयाताल गा.पा.२ फुटाहा | ९८५१२७१४२७ |
| ७. | विओपि कालाबन्जार | गुलरिया न.पा.-९ खालीपुर | ९८५१२७१४२२ |
| ८. | बिओपि टेपरी | गुलरिया न.पा.९ टेपरी | ९८५१२७१४३२ |
| ९. | विओपि कट्टी | गुलरिया न.पा.-३ कट्टी | ९८५१२७१४२९ |
| १०. | बिओपि धर्मवस्ती | मधुवन न.पा.९ धर्मवस्ती | ९८५८२३३७८४ |
| ११. | बिओपि शुत्रवस्ती | मधुवन न.पा.७ शुक्रबस्ति | ९८५१२७१५०० |
| १२. | बिओपि शक्तिपुर | मधुवन न.पा.५ शक्तिपुर | ९८५१२७१३२३ |
| १३. | विओपि धनौरा | मधुवन न.पा.-३ धनौरा | ९८५१२७२५४९ |
| १४. | बिओपि भगरैया | मधुवनन.पा.३ भगरैया | ९८५१२७१३२४ |
| १५. | विओपि खैरिचन्दपुर झप्टी | राजापुर न.पा.१० झप्टी | ९८५१२७१३२८ |
| १६. | बिओपि मानपुर टपरा | राजापुर न.पा.९ मानपुर टपरा | ९८५१२७१३२९ |
| १७. | बिओपि शंकरपुर | राजापुर न.पा.७ शंकरपुर | ९८५१२७१३३२ |
| १८. | सुरक्षा बेश कतर्निया | बारबर्दिया न.पा.-९ कतर्निया | ९८५१२७१३३७ |
| १९. | सुरक्षा बेश मानखोला | बढैयाताल गा.पा.-३ | ९८५१२७१२२४ |
| २०. | FOB गणेशपुर | गुलरिया न.पा.११ गणेशपुर | |

नेपाली सेना

| सि.नं. | नाम | कार्यालय नम्बर |
|---|---|---|
| १ | जबरजंग गण ठकुरद्वारा | ०८४-४०२००४ |
| २ | बज्रदल गण गुलरिया | ९८४४७३८७९१ |

## २.१२ सञ्चार तथा सूचना प्रणाली

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सञ्चार तथा सूचना प्रणालीले समयमै सही सूचना प्रवाह, पूर्वसूचना प्रसारण तथा सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। टेलिफोन, मोबाइल, इन्टरनेट, एफएम रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल तथा वेबसाइटमार्फत विपद्सम्बन्धी सूचना, चेतावनी र जनचेतनामूलक सन्देश सर्वसाधारणसम्म शीघ्र रूपमा पुऱ्याइनेछ। जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) को सञ्चार व्यवस्थामार्फत स्थानीय तह, सुरक्षा निकाय, विषयगत कार्यालय तथा अन्य सरोकारवालाबीच सूचना आदानप्रदान, समन्वय र प्रतिवेदन प्रणालीलाई निरन्तर

सञ्चालनमा राखिनेछ। विपद्को समयमा खोज तथा उद्धार, राहत वितरण तथा आपत्कालीन सेवाको प्रभावकारी परिचालनका लागि सञ्चारका सबै उपलब्ध माध्यमहरूको एकीकृत रूपमा उपयोग गरिनेछ। साथै, सञ्चार प्रणालीलाई नियमित रूपमा अद्यावधिक, परीक्षण तथा सुदृढ गरी विपद्को जुनसुकै अवस्थामा पनि भरपर्दो सूचना प्रवाह सुनिश्चित गरिनेछ।

२.१३ पर्यटकीय स्थल

बबई नदी, सरयु नदी, वेहनावा नाला, भचना ताल, निमकोठिया, सिर्कोया, इन्टेक पार्क, बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र, बर्दिया राष्ट्रिय निकुञ्ज, बढैयाताल, सतखलुवाताल, चिसापानी पुल, कोठियाघाटमा रहेको नेपालको सबैभन्दा लामो पक्की पुल, दौलतपुर झोलुङ्गे पुल, कृष्णसार संरक्षण क्षेत्र, पर्बतिया मन्दीर, कोटही मन्दीर, बागेश्वरी मन्दीर, लक्ष्मीनारायण मन्दीर, थारु संग्रालय, सन्तोषी मन्दीर, बालापुर झोलुङ्गे पुल, गोल पार्क, बालापुर झोलुङ्गे पुल चेपाङ्ग गाउँ, ठाकुरद्वारा, डल्ला/गोबिन्दपुर/जनकनगर होमस्टे, ठाकुरबाबा मन्दिर, राजापुर गणेश मन्दिर, केदारेश्वर धाम (बाँसगढी), इन्टेक गेरुवा आदि यहाँका पर्यटकीय स्थलका रुपमा रहेका छन् ।

२.१४ व्यापारिक तथा औद्योगिक क्षेत्र

यस जिल्लाको मुख्य बजारको रुपमा रहेको गुलरिया बजारका साथ साथै भोलागौडी, जमुनी बजार, मैनापोखर, सितलाबजार, गणेशपुर, खैरापुर, मधुवन, प्रगतिबजार, माचड, ओराली बजार, राजापुर, कोठियाघाट, मानपुरटपरा, बालाबजार, शान्तीबजार, खोल्टी वजार, पथरैया, विहानी बजार, मनाउँ, ठाकुरद्वारा, भुरीगाँउ, बगनाहा, कतर्निया, जयनगर, पदनाहा बजार, बाँसगढी, ककौरा, लखना, आदि मुख्य ब्यापारिक क्षेत्रहरु हुन् ।

२.१५ जलवायु तथा हावापानीः

यस जिल्लाको भौगोलिक बनावट अनुसार हावापानी पनि तीन प्रकारको पाईन्छ। चूरे क्षेत्रमा शितोष्ण र तराइ क्षेत्रमा उष्ण (Tropical) प्रकारको हावापानी पाईन्छ। अधिकतम वार्षिक वर्षा २०५० मि.मि.रेकर्ड भएको पाइन्छ। बर्दिया जिल्लाको जलवायुको अभिलेख अनुसार औषत न्युनतम वर्षा ११९८ मी.ली. छ। जसमध्ये ८५ प्रतिशत वर्षा मनसुन याममा हुने गर्दछ । तुलनात्मक रुपले उत्तरी क्षेत्रमा बर्दिया निकुञ्जको घना जङ्गलको प्रभावले बढी पानी पर्दछ । यस जिल्लाको औसत सापेक्षिक आद्रता ७१.४ छ । हावाको औसत वेग ३ कि.मि. प्रति घण्टा छ । हावापानीको दृष्टिले बर्दिया जिल्लालाई मुलतः ३ भागमा विभाजन गर्न सकिन्छ ।

क) गर्मी सुख्खा र समशितोष्ण हावापानी (Hot Dry sub-tropical climate)

ख) न्यानो सुख्खा समशितोष्ण हावापानी (Warm Dry sub-tropical climate)

ग) शितोष्ण आद्र हावापानी (Cool moist Tropical)

# अध्याय ३: जोखिम तथा संवेदनशीलता विश्लेषण

## ३.१ परिचय

नेपाल भौगोलिक, भौगर्भिक तथा जलवायुगत विविधताका कारण बाढी, पहिरो, डुबान, आगलागी, भूकम्प, चट्याङ, शीतलहर, तातोलहर, खडेरी, महामारी तथा अन्य प्राकृतिक एवं मानव सिर्जित विपद्को उच्च जोखिममा रहेको मुलुक हो। जलवायु परिवर्तन, अनियन्त्रित शहरीकरण, वन विनाश, नदी तथा खोलाको अतिक्रमण, कमजोर भौतिक पूर्वाधार तथा बढ्दो वातावरणीय असन्तुलनका कारण विपद्को जोखिम र यसको प्रभाव थप जटिल बन्दै गएको छ। यस्ता विपद्बाट हुन सक्ने मानवीय, भौतिक, सामाजिक, आर्थिक तथा वातावरणीय क्षतिको न्यूनीकरण गर्न जोखिम तथा संवेदनशीलताको वैज्ञानिक विश्लेषण अत्यन्त आवश्यक हुन्छ। विपद् जोखिम तथा संवेदनशीलता विश्लेषणले कुनै क्षेत्र विशेषमा हुन सक्ने सम्भावित विपद्, त्यसको प्रभाव, जोखिममा रहेका जनसमुदाय, महत्वपूर्ण पूर्वाधार, सेवा प्रणाली तथा उपलब्ध क्षमताको वस्तुगत मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ। यस विश्लेषणका आधारमा जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, राहत, उद्धार तथा पुनःस्थापना सम्बन्धी कार्यक्रमहरू प्राथमिकताका साथ योजना गर्न सकिन्छ। साथै यसले उपलब्ध स्रोत—साधनको प्रभावकारी परिचालन, जिम्मेवारी निर्धारण तथा सरोकारवाला निकायहरूबीच समन्वयलाई थप सुदृढ बनाउन महत्वपूर्ण आधार प्रदान गर्दछ। गृह मन्त्रालयद्वारा जारी *विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६)* तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी प्रचलित कानुनी व्यवस्था अनुरूप जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लाको जोखिम अवस्था, विगतका विपद्का अनुभव, उपलब्ध तथ्याङ्क तथा स्थानीय तहबाट प्राप्त सूचनाका आधारमा यस योजनाको जोखिम तथा संवेदनशीलता विश्लेषण अद्यावधिक गरेको हो। बर्दिया जिल्ला विशेषगरी कर्णाली, बबई तथा अन्य नदी प्रणालीको प्रभावका कारण बाढी, डुबान, नदी कटान तथा आकस्मिक बाढीको उच्च जोखिममा रहेको जिल्ला हो। यसका अतिरिक्त सुख्खा मौसममा आगलागी, वर्षायाममा चट्याङ, सर्पदंश, महामारीजन्य रोग, सडक दुर्घटना, वन्यजन्तु—मानव द्वन्द्व तथा वन डढेलो जस्ता विपद्हरूले पनि जिल्लामा नियमित रूपमा जनधनको क्षति पुऱ्याउँदै आएका छन्। विशेषगरी २०७१ सालको विनाशकारी बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको अनुभवले जिल्लाको जोखिम अवस्था र पूर्वतयारीको आवश्यकता थप उजागर गरेको छ। यस अध्यायमा बर्दिया जिल्लामा विद्यमान प्राकृतिक तथा मानव सिर्जित विपद्को अवस्था, जोखिमको स्तर, संवेदनशील क्षेत्र, जोखिममा रहेका जनसमुदाय, महत्वपूर्ण पूर्वाधार, सेवा प्रणाली तथा उपलब्ध क्षमता सम्बन्धी विश्लेषण प्रस्तुत गरिएको छ। यस विश्लेषणबाट प्राप्त निष्कर्षहरूले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रभावकारी प्रतिकार्य तथा दिगो पुनःस्थापनाका लागि प्राथमिकता निर्धारण गर्न महत्वपूर्ण आधार प्रदान गर्नेछन्। संकटासन्नताको अवस्थालाई विश्लेषण गर्दा बर्दिया जिल्लाको विपद् जोखिमलाई निम्नानुसार प्राथमिकता अनुसार प्रस्तुत गर्न सकिन्छ ।

१. बाढी डुबान
२. आगलागी, वन डढेलो
३. जंगली जनावरको आक्रमण
४. सर्पदंश
५. सडक दुर्घटना
६. विद्युत -करेन्ट_
७. हावाहुरी
८. zLtnx/
९. महामारी
१०. चट्याङ्
११. भुकम्प

तालिका ६ आ.व. २०८०/०८१ मा विपद्बाट भएको क्षति

| सि.नं | घटना | घटना संख्या | मानिस | | | चौपाया | | सरकारी कार्यालय | घर | गोठ | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | घाईते | बेपता | मृत्यु | घाईते | | | | |
| १. | बाढी/डुबान | ७७ | २४ | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २. | आगलागी | ९२ | १० | १९ | ० | ३४ | २२ | ० | २५ | ३४ | ६१ |
| ३. | चट्याङ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४. | हावाहुरी | १०४८ | ५ | ३ | | ४ | २ | २ | ८२३ | ११० | ८८ |
| ५. | जंगली जनावरको आक्रमण | ६९ | ६ | २८ | ० | ३२ | ६ | ० | २० | ० | ५ |
| ६. | सडक दुर्घटना | ८० | २६ | ९९ | ० | ० | ० | ० | ० | ० | ० |
| ७. | करेन्ट | १८ | ९ | ७ | ० | २ | ० | ० | ० | ० | ० |
| ८. | सर्पदंश | १५ | १ | १५ | ० | ० | ० | ० | ० | ० | ० |
| ९. | भुकम्प | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | १४०० | ८२ | १७२ | ० | ७२ | ३० | २ | ८६८ | १४४ | १५४ |

तालिका ७ आ.व. २०८१/०८२ मा विपद्बाट भएको क्षति

| सि.नं. | विपद्को किसिम | जम्मा घटना संख्या | क्षतिको बिवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रभावित घरपरिवार | | व्यक्ति | | | चौपाया | | भान्छा | गोठ | अनुमानित क्षेति रकम(रु.मा) |
| | | | **पुर्ण** | **आंशिक** | **मृत्यू** | **घाईते** | **बेपत्ता** | **मृत्यू** | **घईते** | | | |
| १. | हावाहुरी | ७४ | २ | ६८ | ० | ० | ० | ० | ० | ५० | २० | ५९११००० |
| २. | चट्याङ्ग | ९ | ० | २ | २ | ० | ० | २ | ० | २ | ४ | ६२००० |
| ३. | आगलागी | ८८ | १३ | ५ | १ | ८ | ० | ११ | ४ | १० | २९ | ७२४९५२० |
| ४. | वन्यजन्तु आक्रमण | १२२ | ० | १६ | ८ | २५ | ० | ९६ | ११ | ६ | १ | २३९४८१४ |
| ५. | बाढी/डुवान | १९२ | १ | ७२३ | २४ | ८ | २ | ५ | ० | १०५ | ८५ | ८६१००० |
| ६. | सडक दुर्घटना | ८० | ० | ० | ३८ | ५० | ० | १ | १ | ० | ० | ० |
| ७. | करेन्ट | २८ | ० | ० | १० | १७ | ० | ० | ० | ० | ० | ७०००० |
| ८. | सर्पदंश | २३ | ० | ० | ६ | १८ | ० | ० | ० | ० | ० | ० |
| ९ | अन्य | ४०४ | ३ | ० | १४ | २३ | ० | ० | ० | १ | ० | ७९०००० |
| **जम्मा** | | १०२० | १९ | ८१४ | १०३ | १४९ | २ | ११५ | १६ | १७४ | १३९ | १७३३८३३४ |

तालिका ८ आ.व. २०८२/०८३ मा भएका विपद् घटनाहरुको संख्या

| नगर/गाउँपालिका | सर्पदंश | वन्यजन्तु आक्रमण | अन्य | आगलागी | सडक दुर्घटना | बाढी डुबान | हावाहुरी | करेन्ट | चटयाङ | जम्मा घटना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गुलरिया न.पा. | १० | ११ | ९ | १६ | ५ | १२ | २ | ५ | ० | ७० |
| मधुवन न.पा. | ८ | २९ | ११ | ७ | २ | १ | १ | २ | ० | ६१ |
| बारबर्दिया न.पा. | १ | १९ | १ | ११ | १ | ६ | ३ | ३ | ० | ४५ |
| राजापुर न.पा. | २ | १५ | ५ | ५ | ३ | ३ | १ | ० | ० | ३४ |
| ठाकुरबाबा न.पा. | ५ | ४ | ३ | ८ | ३ | ४ | २३ | १ | १ | ५२ |
| बाँसगढी न.पा. | ४ | २ | ५ | ८ | ७ | ३ | २ | ४ | ० | ३५ |
| बढैयाताल गा.पा. | ७ | ० | २ | ७ | ४ | ३ | ० | १ | १ | २५ |
| गेरुवा गा.पा. | २ | ५ | ४ | ४ | १ | १ | ० | ० | १ | १८ |
| जम्मा | ३९ | ८५ | ४० | ६६ | २६ | ३३ | ३२ | १६ | ३ | ३४० |

तालिका ९ DEOC बर्दियामा टिपोट हुन आएका आ.व. २०८२/०८३ मा विपद् घटना सम्बन्धी क्षतिको विवरण

| विपद् | मृत्यू पुरुष | मृत्यू महिला | हराएको पुरुष | हराएको महिला | घाइते पुरुष | घाइते महिला | जम्मा मृत्यू | जम्मा हराएको | जम्मा घाइते |
|---|---|---|---|---|---|---|---|---|---|
| अन्य | ११ | ५ | १ | ० | ८ | ८ | १६ | १ | १६ |
| बाढी डुबान | ११ | ६ | ० | ० | ० | ० | १७ | ० | ० |
| वन्यजन्तु आक्रमण | ४ | ८ | १ | ० | २० | ५ | १२ | १ | २५ |
| सडक दुर्घटना | ७ | २ | ० | ० | ५० | १७ | ९ | ० | ६७ |
| करेन्ट | ५ | १ | ० | ० | ४ | ४ | ६ | ० | ८ |
| सर्पदंश | ० | ५ | ० | ० | १६ | १८ | ५ | ० | ३४ |
| आगलागी | ० | ० | ० | ० | ३ | २ | ० | ० | ५ |
| चटयाङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| हावाहुरी | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| जम्मा | ३८ | २७ | २ | ० | १०२ | ५४ | ६५ | २ | १५६ |

३.२ बर्दियाका प्रमुख विपद्

I. बाढी तथा डुबानः

बर्दिया जिल्लामा कर्णाली, बबई र अन्य नदीहरूमा मनसुनको समयमा जलसतह बढ्दा बाढी तथा डुबानको जोखिम उच्च रहने गर्दछ। यसबाट जनधन, कृषि, पशुपालन, सडक, पुल तथा अन्य भौतिक संरचनामा क्षति पुग्ने गरेको छ। बाढीका कारण विस्थापन, खाद्य संकट तथा सरुवा रोगको जोखिम पनि बढ्ने गर्दछ। त्यसैले पूर्वसूचना, सुरक्षित स्थानान्तरण तथा प्रभावकारी प्रतिकार्य आवश्यक हुन्छ।

II. नदी कटानः

नदीमा पानीको बहाव र वेग बढ्दा नदी किनारको जमिन कटान भई बस्ती, खेतीयोग्य जमिन तथा पूर्वाधारमा क्षति पुग्ने गर्दछ। बर्दियाका नदी तटीय क्षेत्रहरू नदी कटानबाट बढी प्रभावित हुने गरेका छन्। यसले दीर्घकालीन रूपमा जीविकोपार्जन र विकासमा असर पुर्‍याउँछ। जोखिम न्यूनीकरणका लागि तटबन्ध, वृक्षारोपण तथा नियमित अनुगमन आवश्यक हुन्छ।

III. आगलागी तथा वन डढेलोः

सुख्खा मौसममा आगलागी तथा वन डढेलो बर्दियाको प्रमुख विपद्का रूपमा देखिन्छ। यसबाट मानव बस्ती, वन, वन्यजन्तु, कृषि तथा सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुग्न सक्छ। लापरबाही, विद्युतीय सर्ट तथा अत्यधिक गर्मी आगलागीका मुख्य कारण हुन्। जनचेतना, दमकल सेवा तथा शीघ्र नियन्त्रण प्रणाली आवश्यक हुन्छ।

IV. हावाहुरीः

हावाहुरीका कारण घरका छाना उड्ने, रुख ढल्ने, विद्युत् तथा सञ्चार सेवा अवरुद्ध हुने र कृषि बालीमा क्षति पुग्ने गर्दछ। विशेष गरी प्रि—मनसुन र मनसुन अवधिमा यसको जोखिम बढी हुन्छ। यसले जनजीवन र यातायात सेवामा समेत असर पुर्‍याउँछ। पूर्वसूचना र सुरक्षित व्यवहारले यसको प्रभाव कम गर्न मद्दत गर्दछ।

V. चट्याङः

मनसुन तथा प्रि—मनसुन अवधिमा चट्याङका घटनाबाट मानवीय तथा पशुचौपायाको क्षति हुने गरेको छ। खुला स्थान, अग्ला रुख तथा असुरक्षित संरचनामा रहेका व्यक्तिहरू बढी जोखिममा हुन्छन्। चट्याङले विद्युत् उपकरण तथा संरचनामा समेत क्षति पुर्‍याउन सक्छ। जनचेतना र सुरक्षित आश्रयको व्यवस्था आवश्यक हुन्छ।

VI. शीतलहरः

जाडो मौसममा तराई क्षेत्रमा शीतलहरको प्रभाव देखिने गर्दछ। यसबाट बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी तथा विपन्न समुदाय बढी प्रभावित हुन्छन्। शीतलहरले स्वास्थ्य समस्या बढाउनुका साथै दैनिक जनजीवन प्रभावित बनाउँछ। आवश्यक स्वास्थ्य सेवा, न्यानो कपडा तथा सचेतना कार्यक्रम आवश्यक हुन्छ।

VII. तातो हावा/ लूः

गर्मी मौसममा अत्यधिक तापक्रमका कारण लू लाग्ने जोखिम बढ्ने गर्दछ। यसबाट विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, श्रमिक तथा दीर्घरोगी प्रभावित हुने सम्भावना बढी हुन्छ। लूका कारण स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने भएकाले आवश्यक सावधानी अपनाउनुपर्छ। पर्याप्त पानी पिउने, घामबाट बच्ने तथा जनचेतना अभिवृद्धि आवश्यक हुन्छ।

VIII. सर्पदंशः

बर्दियामा वर्षायाममा सर्पदंशका घटनाहरू बढी हुने गरेका छन्। खेतबारी, झाडी तथा बस्ती आसपास विषालु सर्पको सम्पर्कमा आउँदा मानवीय क्षति हुन सक्छ। समयमै उपचार नपाउँदा मृत्युको जोखिम बढ्ने गर्दछ। जनचेतना, सर्पदंश उपचार सेवा तथा एण्टिभेनमको उपलब्धता आवश्यक हुन्छ।

IX. वन्यजन्तु आक्रमणः

बर्दिया राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्र आसपासका बस्तीमा बाघ, हात्ती, गैंडा, चितुवा, भालु तथा अन्य वन्यजन्तुको आक्रमणको जोखिम रहने गर्दछ। यसबाट मानव, पशुचौपाया तथा कृषि बालीमा क्षति पुग्ने गरेको छ। मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि समन्वित प्रयास आवश्यक हुन्छ। सचेतना, निगरानी तथा सुरक्षाका उपायहरू प्रभावकारी रूपमा लागू गरिनुपर्छ।

X. महामारीः

सरुवा रोग, झाडापखाला, डेङ्गु, टाइफाइड, इन्फ्लुएन्जा लगायतका महामारीले ठूलो जनस्वास्थ्य संकट सिर्जना गर्न सक्छन्। विपद्पछि सरसफाइ, खानेपानी तथा स्वास्थ्य सेवामा समस्या हुँदा महामारी फैलिने जोखिम बढ्छ। समयमै निगरानी, उपचार तथा जनचेतना आवश्यक हुन्छ। स्वास्थ्य निकायबीच प्रभावकारी समन्वयले महामारी नियन्त्रणमा सहयोग पुऱ्याउँछ।

XI. सडक दुर्घटनाः

बर्दिया जिल्लामा राजमार्ग तथा ग्रामीण सडकहरूमा हुने सडक दुर्घटनाबाट मानवीय क्षति हुने गरेको छ। तीव्र गति, लापरबाही, सडकको अवस्था तथा प्रतिकूल मौसम दुर्घटनाका प्रमुख कारण हुन्। दुर्घटनाले जनधनको क्षतिसँगै स्वास्थ्य सेवामा अतिरिक्त दबाब सिर्जना गर्दछ। सडक सुरक्षा, सचेतना तथा आपत्कालीन उद्धार सेवाको सुदृढीकरण आवश्यक हुन्छ।

XII. भूकम्पः

नेपाल भूकम्पीय दृष्टिले उच्च जोखिमयुक्त मुलुक भएकाले बर्दिया जिल्ला पनि यसको प्रभावबाट पूर्ण रूपमा सुरक्षित छैन। भूकम्पका कारण भवन, सडक, पुल तथा अन्य पूर्वाधारमा क्षति पुग्न सक्ने सम्भावना रहन्छ। यसले मानवीय क्षतिसँगै उद्धार तथा राहत व्यवस्थापनमा चुनौती सिर्जना गर्न सक्छ। भूकम्प प्रतिरोधी निर्माण, पूर्वतयारी अभ्यास तथा जनचेतना अभिवृद्धि जोखिम न्यूनीकरणका प्रमुख उपाय हुन्।

३.३ जोखिम विश्लेषण

जोखिम विश्लेषण भनेको जिल्लामा विद्यमान विपद्का खतरा, त्यसको सम्भाव्यता, सम्भावित प्रभाव तथा जोखिमको स्तरको समग्र मूल्याङ्कन गर्ने प्रक्रिया हो। यस विश्लेषणले कुन प्रकारका विपद्ले कुन स्थान, समुदाय तथा पूर्वाधारमा बढी असर पार्न सक्छ भन्ने पहिचान गर्न सहयोग गर्दछ। जोखिमको मूल्याङ्कन गर्दा विगतका विपद्का घटनाहरू, भौगोलिक अवस्था, जनघनत्व, भौतिक संरचना, सामाजिक तथा आर्थिक संवेदनशीलता र उपलब्ध प्रतिकार्य क्षमतालाई आधार मानिनेछ। जोखिम विश्लेषणबाट प्राथमिकतामा राख्नुपर्ने क्षेत्र तथा समुदायको पहिचान गरी पूर्वतयारी, न्यूनीकरण र प्रतिकार्य योजनाहरू तयार गरिनेछ। यस प्रक्रियाले स्रोत—साधनको प्रभावकारी परिचालन तथा निर्णय प्रक्रियालाई थप तथ्यमा आधारित बनाउँछ। जोखिमको स्तर समय, मौसम तथा वातावरणीय अवस्थाअनुसार परिवर्तन हुन सक्ने भएकाले यसको नियमित अद्यावधिक गरिनेछ। स्थानीय तह, विषयगत निकाय तथा सरोकारवालाबाट प्राप्त तथ्याङ्क र सूचनाको आधारमा जोखिम विश्लेषणलाई परिमार्जन गरिनेछ। यसबाट विपद् व्यवस्थापनका सबै चरणमा जोखिममा आधारित योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहज हुनेछ। जोखिम विश्लेषणको नतिजालाई जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आधारभूत सन्दर्भका रूपमा उपयोग गरिनेछ। यसरी गरिएको जोखिम विश्लेषणले सम्भावित क्षति न्यूनीकरण तथा जनधनको सुरक्षा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

तालिका १० जोखिम विश्लेषण

| क्र.सं. | विपद्को प्रकार | सम्भाव्यता | सम्भावित प्रभाव | जोखिम स्तर | प्राथमिकता |
|---|---|---|---|---|---|
| १ | बाढी | उच्च | जनधन, कृषि, पूर्वाधारमा ठूलो क्षति | उच्च | पहिलो |
| २ | डुबान | उच्च | मानवीय क्षति, बस्ती, सडक तथा खेतीयोग्य जमिन प्रभावित | उच्च | पहिलो |
| ३ | आगलागी | मध्यम | घर, सम्पत्ति तथा मानव क्षति | उच्च | दोस्रो |
| ४ | चट्याङ | उच्च | मानव तथा पशुचौपायामा क्षति | मध्यम | दोस्रो |
| ५ | हावाहुरी | मध्यम | घर, विद्युत् तथा कृषि क्षेत्रमा क्षति | मध्यम | तेस्रो |
| ६ | महामारी | मध्यम | जनस्वास्थ्यमा प्रतिकूल प्रभाव | उच्च | पहिलो |
| ७ | सर्पदंश | मध्यम | मानव स्वास्थ्यमा जोखिम | मध्यम | तेस्रो |
| ८ | वन डढेलो | न्यून—मध्यम | वन, जैविक विविधता तथा वातावरणमा क्षति | मध्यम | तेस्रो |

३.४ संवेदनशील समुदाय तथा समूह

विपद्को प्रभाव सबै समुदायमा समान रूपमा नपर्ने भएकाले संवेदनशील समुदाय तथा समूहहरूको पहिचान गरी विशेष संरक्षण तथा सहयोगको व्यवस्था गर्नु आवश्यक हुन्छ। जिल्लाभित्र रहेका बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, एकल महिला, आर्थिक रूपमा विपन्न परिवार तथा दुर्गम क्षेत्रमा बसोबास गर्ने समुदाय विपद्को समयमा बढी जोखिममा पर्ने समूह हुन्। यस्ता समूहहरूको उद्धार,

राहत, अस्थायी आश्रय, स्वास्थ्य सेवा तथा पुनःस्थापनामा प्राथमिकता प्रदान गरिनेछ। विपद् पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्दा यी समूहको सहभागिता सुनिश्चित गरिनेछ। पूर्वसूचना प्रणाली सबैले सहज रूपमा बुझ्न सक्ने र पहुँचयोग्य हुने व्यवस्था गरिनेछ। राहत वितरणमा समावेशिता, समानता तथा विभेदरहित सिद्धान्तलाई अवलम्बन गरिनेछ। स्थानीय तहले संवेदनशील व्यक्तिहरूको अद्यावधिक विवरण तयार गरी सुरक्षित स्थान, आवश्यक औषधि तथा सहयोगी सामग्रीको पूर्वव्यवस्था गर्नेछन्। विपद्को समयमा मनोसामाजिक परामर्श तथा आवश्यक स्वास्थ्य सेवामा पनि विशेष प्राथमिकता दिइनेछ। यसरी संवेदनशील समुदाय तथा समूहको आवश्यकता केन्द्रित योजना तथा कार्यक्रम सञ्चालन गरी विपद्को असर न्यूनीकरण गरिनेछ।

तालिका ११ जोखिमयुक्त समूह र प्राथमिकता

| क.सं. | संवेदनशील समुदाय/समूह | प्रमुख जोखिम | आवश्यक प्राथमिकता |
|---|---|---|---|
| १ | बालबालिका | चोटपटक, हराउने, कुपोषण | सुरक्षित आश्रय, पोषण, बालमैत्री स्थान |
| २ | ज्येष्ठ नागरिक | हिंडडुलमा कठिनाइ, स्वास्थ्य समस्या | उद्धारमा प्राथमिकता, औषधि, स्वास्थ्य सेवा |
| ३ | गर्भवती तथा सुत्केरी महिला | स्वास्थ्य जटिलता | सुरक्षित प्रसूति सेवा, स्वास्थ्य सामग्री |
| ४ | अपाङ्गता भएका व्यक्ति | आवतजावत तथा सूचना पहुँचमा कठिनाइ | पहुँचयुक्त उद्धार, सहायक सामग्री, सहयोगी व्यक्ति |
| ५ | दीर्घरोगी | नियमित उपचार अवरुद्ध हुने | औषधि, उपचारको निरन्तरता |
| ६ | एकल महिला तथा विपन्न परिवार | जीविकोपार्जनमा समस्या | राहत, सामाजिक सुरक्षा तथा जीविकोपार्जन सहयोग |
| ७ | दुर्गम बस्तीका बासिन्दा | सेवा तथा राहतमा पहुँच कठिन | शीघ्र राहत, यातायात तथा सञ्चार व्यवस्था |
| ८ | दलित, सीमान्तकृत तथा विपन्न समुदाय | सामाजिक तथा आर्थिक जोखिम | समावेशी राहत वितरण, विशेष संरक्षण तथा सहभागिता |

### ३.५ उच्च जोखिम क्षेत्रहरुको पहिचान

जिल्लाभित्र रहेका प्राकृतिक तथा मानवजन्य विपद्का सम्भावित जोखिमहरूको आधारमा उच्च जोखिम क्षेत्रहरूको पहिचान गरिन्छ। विगतका विपद्का घटना, भू-स्वरूप, नदी प्रणाली, जलवायुजन्य प्रभाव, जनघनत्व, भौतिक पूर्वाधार तथा सामाजिक—आर्थिक अवस्थालाई आधार मानी जोखिम विश्लेषण गरिन्छ। बाढी, डुबान, नदी कटान, पहिरो, वन डढेलो, आगलागी, चट्याङ, हावाहुरी तथा भूकम्पको उच्च सम्भावना भएका क्षेत्रहरूलाई प्राथमिकताका साथ वर्गीकरण गरिन्छ। स्थानीय तह, सम्बन्धित प्राविधिक निकाय तथा समुदायबाट प्राप्त सूचना र तथ्याङ्कको उपयोग गरी जोखिम क्षेत्रहरूको नक्साङ्कन गरिन्छ। उच्च जोखिम क्षेत्रको पहिचानले पूर्वतयारी, उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ। यस्ता क्षेत्रमा आवश्यक स्रोत—साधनको पूर्वव्यवस्था, जनचेतना अभिवृद्धि तथा नियमित निगरानीको व्यवस्था गरिनेछ। जोखिमको प्रकृति परिवर्तन हुन सक्ने भएकाले आवश्यकताअनुसार जोखिम क्षेत्रहरूको विवरण समय—समयमा अद्यावधिक गरिनेछ। जोखिमको स्तरअनुसार प्राथमिकता निर्धारण गरी

सम्बन्धित निकायहरूबीच समन्वयात्मक रूपमा विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। यस प्रक्रियाबाट विपद्को सम्भावित प्रभाव न्यूनीकरण गर्न तथा जनधनको क्षति कम गर्न महत्वपूर्ण सहयोग पुग्नेछ।

| क्र.सं. | स्थानीय तह/क्षेत्र | प्रमुख विपद् जोखिम | जोखिम स्तर | प्रभावित हुने प्रमुख वस्तु/समुदाय | प्राथमिक कार्य |
|---|---|---|---|---|---|
| १ | नदी तटीय क्षेत्र | बाढी, डुबान, नदी कटान | उच्च | बस्ती, कृषि भूमि, सडक | पूर्वसूचना, सुरक्षित स्थानान्तरण |
| २ | पहाडी भिरालो क्षेत्र | पहिरो | उच्च | बस्ती, विद्यालय, सडक | ढल निकास, पहिरो निगरानी |
| ३ | वन क्षेत्र आसपास | वन डढेलो | उच्च | बस्ती, वन, जैविक विविधता | फायरलाइन, जनचेतना |
| ४ | घना सहरी/बजार क्षेत्र | आगलागी | उच्च | घर, व्यापारिक प्रतिष्ठान | अग्नि नियन्त्रण तयारी |
| ५ | खुला तथा कमजोर संरचना भएका क्षेत्र | भूकम्प | उच्च | जनसंख्या, सार्वजनिक भवन | भूकम्प प्रतिरोधी संरचना, खुला स्थान व्यवस्थापन |
| ६ | खुला मैदान तथा उच्च भूभाग | चट्याङ, हावाहुरी | मध्यम—उच्च | कृषि, पशुपालन, सर्वसाधारण | पूर्वसूचना, जनचेतना कार्यक्रम |

बर्दिया जिल्लानै पूर्ण रुपले विपद्बाट प्रभावित हुने भएता पनि बढी जोखिम रहेका स्थानीय तह, वडा र समुदाय तपसिल बमोजिम रहेका छन् ।

| गापा/नपा | जोखिममा रहेका वडाहरु | समुदाय |
|---|---|---|
| गुलरिया न.पा. | २, ३, ४, १०, ११, १२ | चौधरी टोल, नवजागरण टोल, पार्वति मन्दिर टोल, मिलनटोल, केरावारी, सँगम टोल, दर्जी टोल, छेदापुर, सगाहपुर, मलरिया टोल, १६ नं। गाँउ, १० नं। गाँउ र भगरीया टोल, संगमबस्ती, पण्डितपुर, पचासखल्ला, भगहर, जैनपुर र खैरापुर पटाह, हरियालीटोल, मनकामनाटोल, चेतना, उदयपुर, उदयपुर क, आन्नदनगर, शिवमन्दिर, मनिकापुर, राधाकृष्ण क, शान्तिटोल, दर्गाटोल, शंकरटोल, जानकी, सुर्कहिया र भगौतिटोल, वगही, तुलसीपुर, गणेशचोक उत्तर, तुलापुर, सानो वेचैपुर, लक्ष्मी नारायणटोल, कारागार, तुरुन्तपुर, हरियालीटोल, कैशालनगर र प्रगति नगर, वालापुर, सोहेलवा र सन्तोषीटोल, भेटनरीटोल, दिपेन्द्र नगर, आन्नदटोल, आदर्श नगर, विद्युतटोल, हस्पिटल हुदै दक्षिण भानुभक्तटोल, शिवशंकर, शान्तिटोल, राधाकृष्णटोल र समृद्धिटोल, चौगुर्जी, सर्जुनदी, टपरा, भन्सार वरिपरी र खल्ला, कोठियागाँउ, थपुवा, |

| गापा/नपा | जोखिममा रहेका वडाहरु | समुदाय |
|---|---|---|
| | | मुक्तिनारायण, परसपुर, गंगानगर, सुरजपुर, टेपरा, लक्ष्मणपुर, आशापुर र पकडिया, गोडियनपुर, टपरी, खालीपुर, प्रयागपुर, बाह्रबिगाह उत्तर, डब्बागाऊव, पदमपुर, रामनगर र पण्डापुर, मस्जिदिया, रत्नापुर, बाजी प्रसिया, जयरामपुर, उँगीपुर, शिवशंकरटोल, राधाकृष्णटोल, चमनटोल, लटकनिया, दलितटोल, नयाऊ प्रयागपुर, पुरानो प्रयागपुर, कालाबन्जर, थारु प्रसिया र रामजीटोल, लालपुर, ईन्द्रपुर, डाँडालालपुर, सानो विक्री, ठुलो विक्री, भैसाही, टड्डवा, , सुर्यगौडी, लालपुर र दुद्या । |
| बारबर्दिया नपा | १, २, ३, ४, ५, ८, ११ | मुर्गिया र कुशुमडाँडा, डुङ्ग्रही, कुमरा गाँउ, रामपुर र लक्ष्मणपुर , भैशाखानी , जब्वरपुर, |
| ठाकरबाबा नपा | १, २, ३, ४, ७, ८, ९ | भुरिगाँउ वजारक्षेत्र, कर्मला खोदाउ कर्मला, रानिपुर, वेसर्माफाटा मिर्चैया सुकुम्वासिफाँटा, नेउलापुर, चटकपुर, जुडपानी गोदाना, जम्ति बावननपुर, खैलार, भदेलि, कालिगौडी, सुजानपुर चिटकैया, गोब्रेला, सुखाड, सुतैया ठाकुरद्वारा, खुशालपुर, वनतरिया, शिवपुर र हात्तिसार |
| मधुवन नपा | १, २, ३, ८, ९ | कैलाशि, पथ्थरवोझी, छोटकीटड्डवा, कुशुम्म खाता, खैरेनी, वंगालीपुर, सोनाहा, रजवारा, भगरैया, भगतपुर, कोठियाघाट |
| राजापुर नपा | १, ३, ४, ७, ८, ९, १० | टिहुनी, दौलतपुर, चनौरा, भदाली टोल, प्रेमनगर, मुर्गहवा, सोनाहा, दुर्गानगर, धोविनपुर, मैलाबरगद्दी, सिन्द्रा , सिन्द्रा, मुरैया, बसन्ता, तिघ्रा, रजपुरुवा, टेडीया, चख्खापुर संघर्षनगर, दलई, अनन्तपुर, खल्लाटोल, शंकरपुर, भालुफाँटा, लालचीपुर, बेलासा, , मैलानाला, ईश्वरीगञ्ज,दलैपुर, बनियापुर, चैनपुर, दुर्गानगर, गोडीयाना, लालपुर, भप्टी, ढुण्डीपुर, मझरा, पहाडीपुर , संघर्षनगर, दलई, अनन्तपुर, खल्लाटोल |
| बाँसगढी नपा | १, ३, ८, ९ | चेपाङ्ग, बाटुले(पहिरो), भंगाहा, माहादेवा, सल्यानीटोल, फल्कापुर, पुष्पनगर, उत्तर वखारी ,  कुनैठी, दुर्गाफाँटा, तोरैंया, माछागढ |
| गेरुवा गापा | १, २, ३, ४, ६ | सरखोल, भठेरा, वनखेत, वघैपुर, टिकुलीगड, राजिपुर, वनघुश्रा सनक्टी , वनक्टी , लोहारपुर डिकुनिया, गद्टिोल ,खल्लागाँउ, खोल्टी वजार, सोनहाफाँटा, गुप्तीपुर, सैजनावाचपुर हात्तिखल्ला |
| बढैयाताल गापा | १,३,९ | शान्तिपुर, सतपतिया, भोलागौडि पुष्पनगर, टेसनपुर |

### ३.६ जोखिम न्यूनीकरणका प्राथमिकता

जोखिम तथा संवेदनशीलताको विश्लेषणका आधारमा जिल्लामा विपद् जोखिम न्यूनीकरणका प्रमुख प्राथमिकताहरू निर्धारण गरिनेछन्। उच्च जोखिमयुक्त क्षेत्र, समुदाय तथा पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखी आवश्यक न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। प्राकृतिक तथा मानवसिर्जित विपद्को सम्भावना कम गर्न संरचनागत तथा गैरसंरचनागत उपायहरू अवलम्बन गरिनेछ। स्थानीय तह, विषयगत कार्यालय तथा सरोकारवाला निकायबीच समन्वय गरी जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। पूर्वसूचना प्रणालीको विस्तार, जनचेतना अभिवृद्धि तथा समुदायको क्षमता विकासलाई विशेष प्राथमिकता दिइनेछ। विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा अत्यावश्यक सेवाका पूर्वाधारहरूलाई विपद् प्रतिरोधी बनाउने कार्यलाई प्राथमिकतामा राखिनेछ। जलवायु परिवर्तनका प्रभावलाई मध्यनजर गर्दै वातावरणमैत्री तथा दिगो विकासका उपायहरूलाई प्रोत्साहन गरिनेछ। जोखिम न्यूनीकरणका गतिविधिहरूलाई स्थानीय विकास योजना तथा बजेटसँग एकीकृत गरी कार्यान्वयन गरिनेछ। स्रोत—साधनको उपलब्धता, जोखिमको स्तर तथा प्रभावित जनसंख्याको आधारमा प्राथमिकताहरू समय-समयमा पुनरावलोकन गरिनेछ। यसरी जोखिम न्यूनीकरणका प्राथमिकताहरूको प्रभावकारी कार्यान्वयनबाट सम्भावित जनधनको क्षति न्यूनीकरण गरी सुरक्षित, उत्थानशील तथा विपद् प्रतिरोधी समाज निर्माणमा योगदान पुग्नेछ।

| क्र.सं. | प्राथमिकता क्षेत्र | प्रमुख कार्यहरू | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | उच्च जोखिम क्षेत्रको व्यवस्थापन | जोखिम नक्साङ्कन, भूमि उपयोग व्यवस्थापन | स्थानीय तह, जिल्ला प्रशासन |
| २ | पूर्वसूचना प्रणाली | पूर्वसूचना उपकरण जडान, सूचना प्रवाह सुदृढीकरण | DHM, जिल्ला प्रशासन, स्थानीय तह |
| ३ | सुरक्षित पूर्वाधार | विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक भवनको सुदृढीकरण | सम्बन्धित विषयगत कार्यालय |
| ४ | जनचेतना तथा क्षमता विकास | तालिम, अभ्यास (Mock Drill), जनचेतनामूलक कार्यक्रम | स्थानीय तह, सुरक्षा निकाय, रेडक्रस |
| ५ | वातावरण तथा प्राकृतिक स्रोत संरक्षण | नदी नियन्त्रण, वृक्षारोपण, भू—क्षय नियन्त्रण | डिभिजन वन कार्यालय, स्थानीय तह |
| ६ | संस्थागत समन्वय | विपद् व्यवस्थापन योजना कार्यान्वयन, स्रोत परिचालन तथा नियमित समीक्षा | जिल्ला विपद् व्यवस्थापन समिति |

### ३.७ जोखिम म्याट्रिक्स

यस योजनामा सम्भाव्यता र प्रभावका आधारमा प्रत्येक विपद्को जोखिम स्तर (उच्च/मध्यम/न्यून) निर्धारण गरी जिल्ला विपद् व्यवस्थापन समितिबाट समयानुकूल अद्यावधिक गरिनेछ। जोखिम म्याट्रिक्स विपद्को सम्भाव्यता (Likelihood) र त्यसबाट हुन सक्ने प्रभाव (Impact) को विश्लेषण गरी जोखिमको स्तर निर्धारण गर्ने महत्वपूर्ण

उपकरण हो। यसले जिल्लामा रहेका विभिन्न विपद्‌को जोखिमलाई उच्च, मध्यम वा न्यून तहमा वर्गीकरण गर्न तथा सोहीअनुसार पूर्वतयारी, स्रोत—साधन परिचालन र प्रतिकार्यका प्राथमिकता निर्धारण गर्न सहयोग पुऱ्याउँछ।

| विपद् | सम्भाव्यता | प्रभाव | प्राथमिकता |
|---|---|---|---|
| बाढी/डुबान | उच्च | उच्च | उच्च |
| आगलागी | उच्च | उच्च | उच्च |
| शीतलहर | मध्यम | मध्यम | मध्यम |
| लू | मध्यम | उच्च | उच्च |
| चटयाङ | उच्च | मध्यम | उच्च |
| वन्यजन्तु आक्रमण | मध्यम | मध्यम | मध्यम |
| सडक दुर्घटना | मध्यम | उच्च | मध्यम |
| हावाहुरी | मध्यम | मध्यम | मध्यम |
| सर्पदंश | न्यून | उच्च | मध्यम |


विपद् जोखिम मूल्याङ्कन तालिका

| क्र.सं. | विपद् | सम्भावयता | प्रभाव | प्राथमिकता |
|---|---|---|---|---|
| १ | बाढी/डुबान | उच्च | उच्च | उच्च |
| २ | आगलागी | उच्च | उच्च | उच्च |
| ३ | शीतलहर | मध्यम | मध्यम | मध्यम |
| ४ | लू | मध्यम | उच्च | उच्च |
| ५ | चट्याङ्ग | उच्च | मध्यम | उच्च |
| ६ | वन्यजन्तु आक्रमण | मध्यम | मध्यम | मध्यम |
| ७ | सडक दुर्घटना | मध्यम | उच्च | मध्यम |
| ८ | हावाहुरी | मध्यम | मध्यम | मध्यम |
| ९ | सर्पदंश | न्यून | उच्च | मध्यम |



### ३.८ उपलब्ध श्रोत, क्षमता तथा चुनौतीहरुको विश्लेषण

जिल्लामा विपद् व्यवस्थापनका लागि विभिन्न सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था, रेडक्रस, स्वयंसेवी संस्था तथा समुदायमा आधारित समूहहरू उपलब्ध रहेका छन्। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा स्थानीय स्वयंसेवक समूह खोज, उद्धार तथा प्रारम्भिक प्रतिकार्यका प्रमुख जनशक्ति हुन्। जिल्लामा एम्बुलेन्स, दमकल, स्वास्थ्य सामग्री, सञ्चार उपकरण, उद्धार सामग्री तथा राहत भण्डारणको समेत व्यवस्था रहेको छ। जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) तथा स्थानीय आपत्कालीन

कार्य सञ्चालन केन्द्र (LEOC) मार्फत समन्वय र सूचना व्यवस्थापनको क्षमता विकास गरिएको छ। साथै, विपद् पूर्वतयारीसम्बन्धी तालिम, अभ्यास (Simulation Exercise) तथा जनचेतनामूलक कार्यक्रमहरूले स्थानीय क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याएका छन्। यद्यपि, सबै स्थानीय तहमा आवश्यक मात्रामा उद्धार उपकरण, दक्ष जनशक्ति तथा अत्याधुनिक सञ्चार प्रणाली उपलब्ध छैन। दुर्गम क्षेत्रसम्म तत्काल पहुँच, सडक तथा पुलको अवस्था, प्रतिकूल मौसम र सीमित स्रोत—साधनका कारण प्रतिकार्यमा चुनौती उत्पन्न हुन सक्छ। राहत सामग्रीको पर्याप्त भण्डारण, विशेष उपकरणको उपलब्धता तथा नियमित अभ्यासको अभाव पनि प्रभावकारी विपद् व्यवस्थापनमा चुनौतीका रूपमा रहेका छन्। त्यसैले उपलब्ध स्रोतहरूको अद्यावधिक अभिलेखीकरण, क्षमता अभिवृद्धि, अन्तरनिकाय समन्वय तथा स्रोत—साधनको प्रभावकारी परिचालनलाई प्राथमिकता दिई विपद् व्यवस्थापन प्रणालीलाई थप सुदृढ बनाउनु आवश्यक छ।

| क्षेत्र | उपलब्ध स्रोत/क्षमता | प्रमुख चुनौती | सुधारका प्राथमिकता |
|---|---|---|---|
| जनशक्ति | नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्वास्थ्यकर्मी, स्वयंसेवक | दक्ष जनशक्तिको सीमित उपलब्धता | नियमित तालिम र क्षमता विकास |
| उद्धार सामग्री | डुङ्गा, लाइफ ज्याकेट, स्ट्रेचर, प्राथमिक उपचार सामग्री | उपकरण अपर्याप्त वा पुराना | आवश्यक उपकरण खरिद तथा मर्मत |
| स्वास्थ्य सेवा | अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, एम्बुलेन्स | ठूलो विपद्मा सेवा क्षमता सीमित | आकस्मिक स्वास्थ्य तयारी सुदृढीकरण |
| सञ्चार | DEOC, LEOC, टेलिफोन, मोबाइल, वायरलेस | सञ्चार अवरोध र विद्युत् समस्या | वैकल्पिक सञ्चार प्रणाली विस्तार |
| राहत व्यवस्थापन | खाद्यान्न, त्रिपाल, कम्बल, खानेपानी सामग्री | भण्डारण र ढुवानीमा कठिनाइ | पूर्वभण्डारण र आपूर्ति प्रणाली सुदृढीकरण |
| समन्वय | जिल्ला विपद् व्यवस्थापन समिति, विषयगत समिति | निकायबीच समन्वयमा ढिलाइ | नियमित समन्वय बैठक र अभ्यास |
| पूर्वतयारी | तालिम, सचेतना कार्यक्रम, मोक ड्रिल | सबै समुदायमा पहुँच नपुग्नु | समुदायस्तरमा नियमित अभ्यास र जनचेतना |

## अध्याय ४: नीति तथा रणनीति

### ४.१ परिचय

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ को प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट उद्देश्य, नीति तथा रणनीति निर्धारण गर्नु आवश्यक हुन्छ। यस अध्यायमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, राहत, उद्धार, पुनःस्थापना तथा सरोकारवाला निकायहरूबीचको समन्वयलाई प्रभावकारी बनाउने उद्देश्य, नीतिगत आधार तथा कार्यान्वयन रणनीतिहरू समावेश गरिएको छ। यी उद्देश्य, नीति तथा रणनीतिले जिल्लामा उपलब्ध स्रोत—साधनको प्रभावकारी परिचालन, संस्थागत क्षमता अभिवृद्धि, संवेदनशील समूहको संरक्षण तथा समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गर्न मार्गदर्शन गर्नेछन्। साथै, संघ, प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवाला निकायबीच समन्वय, सहकार्य र उत्तरदायित्व सुनिश्चित गर्दै विपद्बाट हुन सक्ने मानवीय, भौतिक तथा आर्थिक क्षति न्यूनीकरण गरी प्रभावकारी विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

### ४.२ नीतिहरू

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी प्रचलित कानुन, नीति तथा मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ। विपद् व्यवस्थापनका सबै चरणमा समन्वय, सहभागिता, समावेशिता, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिइनेछ। संवेदनशील समूहको संरक्षण, पूर्वतयारी सुदृढीकरण, पूर्वसूचना प्रणालीको विकास तथा उपलब्ध स्रोत—साधनको प्रभावकारी परिचालनमार्फत जनधनको क्षति न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ। जिल्लामा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्यलाई सुदृढ बनाउन थप निम्न नीतिहरू अवलम्बन गरिनेछ।

- विपद् व्यवस्थापनसम्बन्धी प्रचलित कानुन, नीति तथा मापदण्डको पूर्ण पालना गरिनेछ।
- सबै सरोकारवाला निकायबीच समन्वय, सहकार्य तथा साझेदारीलाई प्राथमिकता दिइनेछ।
- विपद् जोखिम न्यूनीकरणलाई विकास योजना तथा कार्यक्रमहरूसँग एकीकृत गरिनेछ।
- पूर्वतयारी, शीघ्र सूचना प्रणाली तथा जनचेतना अभिवृद्धिलाई प्राथमिकतामा राखिनेछ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य संवेदनशील समुदायलाई समेटी समावेशी विपद् व्यवस्थापन गरिनेछ।
- स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गरिनेछ।
- विपद् प्रतिकार्यका सबै कार्यहरू पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाइनेछ।
- सूचना प्रविधि तथा तथ्यमा आधारित निर्णय प्रक्रियालाई प्रोत्साहन गरिनेछ।
- राहत, उद्धार तथा पुनःस्थापनामा मानव अधिकार तथा मानवीय सिद्धान्तको पालना गरिनेछ।
- विपद्पछि सिकिएका पाठका आधारमा योजना तथा कार्यप्रणालीलाई नियमित रूपमा सुधार गरिनेछ।

## ४.३ रणनीतिहरू

जोखिम मूल्याङ्कन अद्यावधिक, DEOC सुदृढीकरण, तालिम, मोक ड्रिल, पूर्वभण्डारण, साझेदारी र जनचेतना कार्यक्रम सञ्चालन गरि जोखिमको नियमित मूल्याङ्कन तथा अद्यावधिक गर्दै पूर्वतयारीका कार्यक्रम सञ्चालन गरिनेछ। विषयगत क्लस्टर, स्थानीय तह, सुरक्षा निकाय तथा अन्य सरोकारवाला संस्थाबीच प्रभावकारी समन्वय र सूचना आदानप्रदान सुदृढ गरिनेछ। पूर्वसूचना प्रणाली, खोज तथा उद्धार क्षमता, राहत व्यवस्थापन, जनचेतना अभिवृद्धि र स्रोत—साधनको पूर्वव्यवस्थापनमार्फत विपद् प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ। उल्लेखित नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि थप निम्न रणनीतिहरू अपनाइनेछ।

- सम्भावित विपद्को जोखिम पहिचान, नक्साङ्कन तथा नियमित अद्यावधिक गरिनेछ।
- जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) तथा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई सुदृढ बनाइनेछ।
- खोज तथा उद्धार, प्राथमिक उपचार, राहत व्यवस्थापन तथा आपतकालीन सञ्चारसम्बन्धी नियमित तालिम र अभ्यास सञ्चालन गरिनेछ।
- आवश्यक राहत सामग्री, उपकरण तथा जनशक्तिको पूर्वव्यवस्था गरिनेछ।
- मौसम तथा विपद् पूर्वसूचना प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- विषयगत समिति तथा साझेदार संस्थाबीच नियमित समन्वय र सूचना आदानप्रदान गरिनेछ।
- विपद्को समयमा एकीकृत सूचना व्यवस्थापन प्रणाली कार्यान्वयन गरिनेछ।
- प्रभावित समुदायको शीघ्र पुनःस्थापना तथा जीविकोपार्जन पुनर्स्थापनामा विशेष जोड दिइनेछ।
- निजी क्षेत्र, गैरसरकारी संस्था तथा समुदायसँग सहकार्य विस्तार गरिनेछ।
- अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकनका आधारमा योजनालाई समयानुकूल परिमार्जन गरिनेछ।

## ४.४ अपेक्षित उपलब्धि

यस योजना कार्यान्वयनबाट जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि हुने, सरोकारवाला निकायबीच प्रभावकारी समन्वय स्थापित हुने तथा उपलब्ध स्रोत—साधनको व्यवस्थित परिचालन सुनिश्चित हुने अपेक्षा गरिएको छ। साथै विपद्बाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षति न्यूनीकरण भई प्रभावित समुदायलाई समयमै प्रभावकारी उद्धार, राहत तथा आवश्यक मानवीय सहायता उपलब्ध गराउन सहयोग पुग्नेछ। दीर्घकालमा समुदायको विपद् उत्थानशीलता अभिवृद्धि भई सुरक्षित र सक्षम समाज निर्माणमा योगदान पुग्ने अपेक्षा गरिएको छ। यस नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयनबाट थप निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ।

| क्र.सं. | अपेक्षित उपलब्धि | मापनको आधार |
|---|---|---|
| १ | विपद् पूर्वतयारीको स्तरमा सुधार | तयारी योजना, अभ्यास तथा प्रतिवेदन |
| २ | खोज तथा उद्धार क्षमता अभिवृद्धि | तालिम प्राप्त जनशक्ति र उपकरणको उपलब्धता |
| ३ | प्रतिकार्यमा समन्वय र सूचना व्यवस्थापन प्रभावकारी | DEOC/LEOC सञ्चालन तथा प्रतिवेदन |

| क.सं. | अपेक्षित उपलब्धि | मापनको आधार |
|---|---|---|
| ४ | राहत वितरण छिटो, व्यवस्थित र पारदर्शी हुने | राहत वितरण अभिलेख तथा अनुगमन प्रतिवेदन |
| ५ | जनधनको क्षति न्यूनीकरण हुने | विपद्पछिको क्षति विवरण |
| ६ | समुदायमा विपद् सचेतना र सहभागिता वृद्धि हुने | सचेतना कार्यक्रम तथा सहभागिता संख्या |
| ७ | संवेदनशील समूहको संरक्षण सुनिश्चित हुने | लक्षित सहायता तथा सेवा पहुँच |
| ८ | पुनःस्थापना तथा पुनर्निर्माण प्रक्रिया प्रभावकारी हुने | पुनःस्थापना प्रगति प्रतिवेदन |
| ९ | संस्थागत क्षमता तथा समन्वय प्रणाली सुदृढ हुने | समीक्षा तथा मूल्याङ्कन प्रतिवेदन |
| १० | विपद् व्यवस्थापन प्रणाली थप प्रभावकारी, उत्तरदायी र दिगो बन्ने | समग्र कार्यसम्पादन मूल्याङ्कन |

## अध्याय ५: संस्थागत व्यवस्था

### ५.१ परिचय

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी, व्यवस्थित तथा समन्वयात्मक रूपमा सञ्चालन गर्न संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहमा संस्थागत व्यवस्था गरिएको छ। जिल्लास्तरमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) ले समग्र विपद् व्यवस्थापनको नेतृत्व तथा समन्वय गर्ने, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) ले सूचना व्यवस्थापन, समन्वय तथा प्रतिवेदनको कार्य गर्ने, स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति (LDMC) ले विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनाका कार्य सञ्चालन गर्ने तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) ले स्थानीय स्तरमा सूचना संकलन, पूर्वसूचना प्रवाह, समन्वय र प्रतिकार्य व्यवस्थापन गर्ने व्यवस्था रहेको छ। यी संस्थाहरूबीच प्रभावकारी समन्वय, सूचना आदानप्रदान तथा स्रोत—साधनको परिचालनमार्फत विपद्को समयमा शीघ्र, समन्वित र प्रभावकारी मानवीय प्रतिकार्य सुनिश्चित गर्ने उद्देश्यले यस अध्यायमा तिनको भूमिका, जिम्मेवारी तथा कार्यसम्बन्धी व्यवस्था समावेश गरिएको छ।

### ५.२ जिल्ला विपद् व्यवस्थापन समिति

जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| (ख) | जिल्ला समन्वय समितिको प्रतिनिधि | -सदस्य |
| (ग) | जिल्ला भित्रका स्थानीय तहका अध्यक्ष तथा प्रमुख | -सदस्य |
| (घ) | स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख | -सदस्य |
| (ङ) | जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु | -सदस्य |
| (च) | जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू | -सदस्य |
| (छ) | राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (ज) | नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख | -सदस्य |
| (झ) | गैरसरकारी महासङ्घको जिल्लास्थित प्रमुख | -सदस्य |
| (ञ) | नेपाल पत्रकार महासङ्घको जिल्लास्थित प्रमुख | -सदस्य |
| (ट) | उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख | -सदस्य |
| (ठ) | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | -सदस्य सचिव |

**जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने,

(ख) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने,

(ग) जिल्लास्तरमा रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने,

(घ) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,

(ङ) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने,

(च) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवत जावतमा नियन्त्रण गर्ने,

(छ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने,

(ज) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने, गराउने,

(झ) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने,

(ञ) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने,

(ट) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(ठ) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्न लगाउने,

(ड) विपद्को अवस्थामा स्थानीयस्तरमा उपलब्ध सरकारी, गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसामान, खाद्य सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(ढ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरू भत्काउन लगाउने,

(ण) असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,

(त) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरिवेक्षण गर्ने,

(थ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट गरिने उद्धार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने,

(द) विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ध) विपद् पश्चात आउन सक्ने सहायक प्रकोपहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरू गर्ने,

(न) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(प) विपद् सम्बन्धी सूचना प्रवाह गर्ने,

(फ) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण प्राधिकरणमा पठाउने,

(ब) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

### ५.३ स्थानीय विपद् व्यवस्थापन समिति :

प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—

(क) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,

(ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(च) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ट) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ठ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ढ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(ण) कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

स्थानीय विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

### ५.४ जिल्ला प्रशासन कार्यालय

- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीको कमाण्डमा प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान तथा आपत्कालीन कार्यसञ्चालन केन्द्रका पदधिकारी रहने गरी जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा विपद् अवधिभरका लागि विपद् प्रतिकार्य कमान्ड पोष्ट स्थापना गरिएको छ ।
- विपद्लाई थप व्यवस्थित र सहज सूचना प्राप्तिका लागि जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा १० सदस्यीय जिल्ला विपद् सहायता कक्ष रहने व्यवस्था गरिएको छ ।

- जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने ।
- कम्तीमा ३५ जना उद्धारकर्मी परिचालन गर्न आवश्यक पर्ने खोज तथा उद्वार सामग्री सहित तयारी अवस्थामा राख्ने ।
- आपत्कालीन आश्रयस्थल, खाद्यान्न, पोषण, लैंगिक संवेदनशीलता जस्ता विषयहरु समेतको ख्याल गरी पूर्वतयारीका कार्यहरू सम्पन्न गर्ने ।
- आवश्यकता अनुसार पर्याप्त मात्रामा खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थाप् गरी मौज्दात राखे।
- राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा प्रवन्ध गर्ने
- सबै विषयगत क्षेत्रका नेतृत्व र सहनेतृत्व (Cluster Lead & Co-Lead) गर्ने निकायहरूलाई तयारी अवस्थामा राखे, राख्न लगाउने ।
- विपद्को घटना घटेको स्थलमा आवश्यकता अनुसार हेल्प डेस्क स्थापना गर्ने ।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलयसंग समन्वय गरी जिल्ला तहमा ओ
- विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापन गर्ने।
- प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरु भारतका सीमावर्ती क्षेत्रका जिल्ला मजिष्ट्रेट लगायत सम्बद्ध पक्षहरु बीच बैठक गरि नाला तथा ड्रेनेजहरु सफा गरी पानीको प्राकृतिक बहावलाई कायम गराउने।
- विपद्को घटना हुने वित्तिकै खोज तथा उद्धारका लागि उद्धारकर्मी परिचालन गर्ने तत्कालै प्रभावितहरूलाई राहत उपलब्ध गराउने प्रवन्ध मिलाउने।.
- विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालाबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने ।
- विपद्को प्रभावसँग सम्बन्धित तथ्याङ्क संकलन तथा एकिन गर्ने कार्यलाई महत्वका साथ ध्यानमा राखी उक्त तथ्याङ्कमा हरसम्भव शुद्धता ल्याउने।
- जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई जनशक्ति र स्रोतसाधन सहित चौविसै घण्टा सञ्चालनमा ल्याउने।
- सीमावर्ती क्षेत्रमा हुने विपद्का घटनाहरुको समाधानका लागि भारतीय समकक्षीकसँग समन्वय गर्ने, समस्या समाधान गर्ने र मन्त्रालयलाई नियमित जानकारी गराउने ।
- थप समस्या समाधानका उपायहरुका बारेमा माथिल्लो निकायमा समन्वय गर्ने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपुर्ति हुने गरि आम उपभोक्ताले उचित मुल्यमा गुणस्तरिय वस्तु तथा सेवाको उपभोग गर्न पाउने ब्यावस्था मिलाउने।
- विपद् जोखिम व्यवस्थापन ऐन, २०७४ पहिले संलेषण गरेको व्यवस्था वमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समितिको सामान्य कार्य
- विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिहरु संग समन्वय गर्ने वा समन्वय गर्न लगाउने ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय मार्फत कार्यकारी समितिमा पेश गर्ने ।
- स्थानीय तहहरुमा रहेका स्थानीय विपद व्यस्थापन समितिबाट संचालित राहत तथा उद्धारको कार्यको अनुगमन गर्ने र संचालित कार्यमा आवश्यक सहयोग गर्ने ।

- समय-समयमा विपद् राहत उद्धार कार्यमा भैरहेको प्रगतिको बारेमा क्षेत्रीय तथा केन्द्रीय विपद् व्यवस्थापन समितिलाई जानकारी दिने ।
- संघीय कार्यकारी समिति, गृह मन्त्रालय तथा  प्रदेश विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य संचालन गर्ने ।
- वाह्य सहयोगका लागि सरकारी र गैरसरकारी निकायका वीच समन्वय वैठकको आयोजना गर्ने ।
- वाह्य सहयोगका लागि सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रेडक्रस अभियानका सदस्य लगायतका निकायहरुकावीच प्रतिकार्यको समीक्षा गर्न वैठक संचालन गर्ने।
- क्षतिको २४ घन्टा भित्र IRA मोवाइल एप्लीकेशन मार्फत विवरण सङ्कलन गर्ने।
- बहु विषयगत प्रारम्भिक द्रुत लेखाजोखा, आवश्यकता अनुसार थप लेखा जोखा गर्ने निर्णय गर्ने र संङ्कलित तथ्याङ्क विश्लेषण र सम्प्रेषण गर्ने।
- विपद्को समयमा प्रयोग हुने बस्तुको मूल्यमा हुनसक्ने अस्वभाविक मूल्यवृद्धिलाई रोक्न बजार अनुगमन तिब्र बनाउने।

५.५ जिल्ला समन्वय समिति

- समन्वयात्मक कार्यमा सहयोग गर्ने ।
- आवास तथा पुनःस्थापनामा कार्य गर्ने ।
- स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत) परिचालन तथा समन्वय गर्ने ।
- क्षमता विकासमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।
- व्यवस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अनुगमन गर्ने।

५.६ स्थानीय तह

- आपनो पालिकाको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने। स्थानीय समुदायलाई विपद्धति जागरूक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने र समितिको क्रियाशीलताका लागि जिम्मेवारी बाँडफाँड र नियमित बैठक बस्ने व्यवस्था गर्ने ।
- विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्ने। प्रतिकार्यको लागि नगर प्रहरीलाई आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा राखे। पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।
- विपद्लाई थप व्यवस्थित र सहज सूचना प्राप्तिका लागि  स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतsf] संयोजकत्वमा स्थानीय विपद् सहायता कक्ष रहने व्यवस्था गरिएको छ ।
- विपद् प्रतिकार्यको निमित्त जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र आवश्यकता अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गर्ने ।
- स्थानीय तहमा विपद्को दौरान आवश्यक पर्ने खोज तथा उद्धार र राहत सामग्रीहरूको व्यवस्थापन गर्ने ।
- ढुंगा, गिटी, बालुवा थुप्रिएर जोखिममा रहेका भौतिक संरचना (पुल, पुलेसा, सडक) हरुको सुरक्षाका लागि तत्काल थुप्रिएका सामग्रीहरु नियमानुसार हटाउने व्यवस्था गर्ने ।

- मनसुन अगावै सहर बस्तिका ढल सफा गर्ने, खोला नालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीका निकासहरू खोल्ने कार्यहरू गर्ने।
- पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्ने।
- स्थानीय तहमा विपद् पूर्वसूचना प्रणालीको विकास गर्ने।
- विपद्को घटना घटेको स्थलमा आवश्यकता अनुसार हेल्प डेस्क स्थापना गर्ने ।
- स्थानीय तहमा अति विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।
- विपद्को दौरान असरदार प्रतिकार्यको लागि पालिका अन्तर्गत रहेका साधन स्रोत परिचालन गर्ने ।
- आवश्यकता अनुसार मनसुन पूर्वतयारी तथा प्रतिकार्यको निमित्त पालिकामा रहेका सरकारी गैर सरकारी निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघ, संस्था र स्थानीय समुदायसँग सहकार्य र समन्वय गर्ने ।
- विपद् जोखिम न्यूनीकरणका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यकम सचालन गर्ने।
- विपद्का कारण विस्थापितका लागि तुरुन्त साधान्न, सरसफाइ र अस्थायी आवास तथा औषधोपचारको व्यवस्था मिलाउने।
- विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातहरूको एकिन तथ्याङ्क अद्यावधिक गर्ने व्यवस्था मिलाउने।
- स्थानीय तहका प्रत्येक वडाहरूमा नेपाल सरकार गृह मन्त्रालयद्वारा निर्दिष्ट गरिएको विपद् प्रतिकार्यका न्यूनतम खोज तथा उद्धारका सामग्रीको आवश्यक सेट तयार गरी उपलब्धताको सुनिधितता गर्ने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपुर्ति हुने गरि आम उपभोक्ताले उचित मुल्यमा गुणस्तरिय वस्तु तथा सेवाको उपभोग गर्न पाउने ब्यावस्था मिलाउने।
- विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।
- विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा सुरक्षा निकाय, वडा विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् जोखिम व्यवस्थापन समितिसंग समन्वय गरी सोही अनुसार परिचालन गर्ने ।
- जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समितिमा विपद् लेखाजोखाको प्रतिवेद पेश गर्ने ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना अनुसारका विषयगत क्षेत्र र सहयोगी निकायहरु समन्वय गरी तत्काल उद्धार तथा राहत कार्यक्रम सञ्चालन गर्ने ।
- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द र प्रदेशस्तरीय आपतकालिन कार्यसञ्चालन केन्द्रमा विपद्का घटना र सोको प्रभाव बारे जानकारी गराउने ।
- विपद् लेखाजोखा मार्गदर्शनले तोकेको ढाँचामा फारम छपाई तयारी अवस्थामा राख्ने ।
- लेखाजोखाका लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्ने ।
- तत्काल प्रारम्भिक द्रुत लेखाजोखा गर्न लगाउने । मनसुनको समयमा हुन सक्ने सम्भावित जोखिमलाइ मध्यनजर गर्दै आवश्यकता अनुरुप तयारी अवस्थामा रहने।

- विपदको जोखिममा परेका वा पर्न सक्ने गाउँ/टोल, समुदायको पहिचान गरी यस सम्बन्धी पूर्वतयारी तथा जोखिम न्युनीकरणको सम्बन्धमा अपनाउन सकिने उपायहरुका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।
- विपद जोखिम न्युनिकरण,पुर्बतयारी तथा प्रतिकार्यको सन्दर्भमा स्थानिय समुदायमा क्रियाशिल विकास साझेदार संघ संस्था,गैर सरकारी संघ संस्थाहरुलाइ तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानिय तहसंग सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउन पत्राचार गर्ने।
- स्थानीय समुदायमा मानवीय सहायताको क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुलाइ तयारी अवस्थामा रहनको लागि अनुरोध गर्ने ।
- सम्भावित विपद् बाट हुन सक्ने विस्तापितहरुलाई पुग्ने सात दिन सम्माको सरसफाई अस्थायी आबास तथा औषधी उपचारको प्रबन्ध मिलाउने ।
- विपद्को कारणबाट रोजगारी गुमाएका नागरिकका लागी नगद खाध्य कार्यक्रम संचालन गर्ने ।
- गर्मियामसँगै सर्पदंशका घटनाहरू बढ्ने भएकोले सचेतना कार्यक्रम प्रचार/प्रशार र सतर्कताका कार्यहरु संचालन गर्ने ।
- स्वास्थ तथा जनसंख्या मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम किटजन्य रोगको रोकथामका उपायहरु अबलम्बन गर्ने ।
- स्थानिय स्तरमा सम्भाबित विपद्को अन्य घटनाहरुको पुर्वानुमान गरी आवश्यकता अनुसार रोकथाम पुर्वतयारी प्रतिकार्य गर्ने साथै सो संग सम्बन्धीत सचेतनाको कार्यक्रम प्रचार/प्रशार र सतर्कता कार्यहरु संचालन गर्ने
- विपद्को समयमा प्रयोग हुने बस्तुको मूल्यमा हुनसक्ने अस्वभाविक मूल्यवृद्धिलाई रोक्न बजार अनुगमन तिब्र बनाउने ।
- कर्कतपाता त्रिपाल, डोरी लगायत विपदमा आवश्यक पर्ने सामग्रीहरुको प्रयाप्त मौज्दात कायम गर्ने।
- विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।
- महिला मैत्री स्थल, महिला तथा बालबालिकाका लागि सुरक्षित स्थल र बालमैत्री स्थलहरूको स्थापना गरी सञ्चालन गर्ने।
- विपद्को समयमा विशेष आवश्यकता रहने डिग्नीटी किट, किशोरी (Adolescent) किट लगायतका जीवन बचाउने राहत सामग्रीहरूको पूर्व निर्धारण र भण्डारण गर्ने । साथै उक्त सामग्रीहरूको भण्डारणको व्यवस्था मिलाउने।

५.७ सुरक्षा निकाय (नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी र नगर प्रहरी)

- प्रमुख जिल्ला अधिकारीको मातहतमा रही खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धार कार्य गर्ने ।
- बिशेष सुरक्षा व्यवस्था मिलाउने ।
- विषयगत समितिमा रही सहयोग गर्ने ।
- जोखिमयुक्त स्थानहरुको नक्सांकन गरी स्रोतसाधन तयारी अवस्थामा राखे ।
- स्थानीय रेडियो तथा एफ.एम. हरुबाट जनचेतनामूलक सामाग्रीहरु प्रसारण गर्ने ।
- विपद्सँग सम्बन्धित स्रोतसाधनहरुको व्यवस्थापन गर्ने ।

- प्रकोपजन्य घटनाहरुको सूचना संकलन तथा उद्धार प्रतिकार्यलाई छिटो छरितो बनाउनका लागि जिल्ला भित्र रहेका स्थानीय तहमा वडा स्तरसम्म निर्वाचित जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरुको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने ।
- विपद्को समयमा विस्थापितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुको अभिलेख र स्थानको क्षमता अद्यावधिक गर्ने ।
- विभिन्न सुरक्षा निकाय तथा संघ संस्थासँग Joint Exercise लगायतका अभ्यास गर्ने ।
- सरोकारवाला निकायहरुसँगको समन्वयमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी वनाउन जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर समन्वय गर्ने ।
- सम्भावित विपद्को सम्बन्धमा पूर्वचेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने,
- कुनै पनि स्थानमा विपद्का घटनाहरू भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने,
- आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने कार्य प्रभावकारी रूपमा सम्पन्न गर्ने,
- विपद् व्यवस्थापन सम्बन्धी विषयमा खोज तथा उद्धार सम्बन्धी तालिम एवम् जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ ।
- सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि प्रदेश विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक सामग्री माग गर्न सक्नेछ।

५.८ राजनीतिक दल

- समन्वय तथा स्रोत संकलनमा सहयोग ।
- जनपरिचालन गर्ने ।
- विपद् व्यवस्थापनमा जिल्ला विपद् व्यवस्थापन समितिलाई सहयोग तथा सहजीकरण गर्ने ।

५.९ निजी क्षेत्रको जिम्मेवारी

- विपद् प्रतिकार्यको दौरान खाद्य तथा गैह खाद्य राहत व्यवस्थापनमा सहजीकरण गर्ने।
- विपद् प्रतिकार्यको दौरान राहत दुवानिमा सहजीकरण गर्ने।
- विपद्बाट प्रभावित क्षेत्रहरूमा बजार व्यवस्थापन गरी दैनिक उपभोग्य वस्तु तथा सामाग्रीहरुको आपूर्ति भएको सुनिस्चितता गर्ने।
- विपद्को दौरान बजारमा हुन सक्ने कृतिम अभाव, कालो बजारी लगायतका अवान्चित गतिविधिलाई नियन्त्रण गर्न बजारको अनुगमन तथा सुपरिवेक्षण गर्ने।
- दैनिक उपभोग्यबस्तु तथा सेवाको सहज आपूर्ति हुनेगरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय बस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने ।

- खाद्य बस्तुहरुको नियमित आपूर्तिको व्यवस्था मिलाउने ।
- विपद्को समयमा प्रयोग हुने बस्तुको मूल्यमा हुनसक्ने अस्वभाविक मूल्यवृद्धिलाई रोक्न बजार अनुगमन तिब्र बनाउने ।
- कर्कतपाता त्रिपाल, डोरी लगायत विपदमा आवश्यक पर्ने सामग्रीहरुको प्रयाप्त मौज्दात कायम गर्ने।
- दैनिक ज्यालादारीबाट जिविको पार्जन गर्ने विपन्न तथा रोजगारी गुमाएका श्रमिकको लागि अत्यावश्यक बस्तु उपलब्ध गराउन सहजीकरण गर्ने ।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्ने।

## ५.१० स्वास्थ्य कार्यालय/जिल्ला अस्पताल/आयूर्वेद केन्द्र

- विपद्का बेलामा स्वास्थ्य क्षेत्रको समन्वयका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरु गर्ने।
- स्वास्थ्य कलस्टर साझेदार संस्थाहरुको म्यापिङ्गको अद्यावधिक गर्ने ।
- रोग/संक्रमण, निगरानी तथा महामारी प्रकोप फैलन सक्ने क्षेत्रको पहिचान गर्ने र जोखिमको आधारमा प्राथमिकिकरण गर्ने।
- एम्बुलेन्स चालक, आकस्मिक चिकित्सकीय प्राविधिक, द्रुत प्रतिकार्य टोलीको क्षमता अभिवृद्धि गर्ने ।
- रणनीतिक स्थानहरुमा आकस्मिक औषधी तथा औषधीजन्य सामग्रीहरुको भण्डारण गर्ने ।
- विपद्का बेलामा हुनसक्ने स्वास्थ्य जोखिम कम गर्न सूचना, शिक्षा तथा संचार सामग्री तयारी अवस्थामा राख्ने ।
- आपतकलिन अवस्थामा जरुरी पर्ने आवश्यक आर्थिक श्रोत र साधनको व्यवस्थापन गर्ने ।
- स्वास्थ्य सेवाका लागि न्युनतम प्रारम्भिक सेवा (minimum initial service Package-MISP) सम्बन्धि क्षमता अभिवृद्दि गरि रोस्टर अद्यावधिक राख्ने आवश्यक किट तथा सामाग्री तयारि अवस्थामा राख्ने ।
- प्रजनन स्वास्थ्य विषयगत क्षेत्र मार्फत यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि न्यूनतम प्रारम्भिक सेवा सम्बन्धी क्षमता अभिवृद्धि गरी अद्यावधिक राख्ने ।
- विपद् प्रभावितहरुमा हुनसक्ने मनोसामाजिक समस्याको पहिचान तथा निराकरणको लागि समयमा समुदायमा आधारित मनोसामाजिक परामर्सदाता मार्फत परिचालन गर्ने ।
- कुपोषण व्यवस्थापन सम्बन्धी सामग्री समयमा खरिद गरी रणनीतिक स्थानहरुमा मौज्दात राख्ने ।
- आपतकालिन अवस्थामा सरोकारवाला निकायसँग समन्वय गरी पोषण सामग्रीहरुको समयमा नै ढुवानी तथा पोषण क्षेत्रको सूचना प्रणाली अद्यावधिक गर्ने ।
- विपद्को जोखिममा रहेका जोखिमयुक्त स्थानीय तहहरुमा पोषण सर्भेक्षण गर्ने ।
- यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य र प्रभावित क्षेत्रहरुमा नसर्ने र सरुवा रोगहरुको हेरचाहको निरन्तरता लगायतका अत्यावश्यक एवम् नियमित स्वास्थ्य सेवाहरुको सुनिस्चितता गर्ने ।

## ५.११ खानेपानी तथा सरसफाई कार्यालय

- खानेपानी तथा  सरसफाईका क्षेत्रमा पुगेको क्षति र आवश्यकताको मापनको लागि कलस्टर सम्बन्धित विस्तृत मापनको पुनरावलोकन अध्ययनका लागि कार्य संचालन मापदण्ड निर्माण गरी कार्य गर्ने ।

- खानेपानी तथा सरसफाई पूर्वतयारी तथा प्रतिकार्यका सम्बन्धमा जोखिममा रहेका स्थानीय तहहरुमा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।
- खानेपानी तथा सरसफाई सम्बन्धी प्राविधिक कर्मचारीहरुको समुह बनाई त्यस्ता विपद् प्रभावित क्षेत्रको नियमित अनुगमन तथा सुधारका लागि आवश्यक कार्य गर्ने ।
- विपद्‌बाट प्रभावित भई पुनर्स्थापना गरिएका स्थानहरुमा शुद्ध पिउने पानी तथा सरसफाईको आवश्यक व्यवस्था मिलाउने ।

## ५.१२ संघीय आयोजना कार्यान्वयन इकाई र शहरी विकास तथा भवन कार्यालय

स्थानीय तह, विपद्का क्षेत्रमा सहयोग गर्ने राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुको सहयोग र समन्वयमा रही तपसिल बमोजिमको कार्य गर्ने ।

- विपद् जोखिमयुक्त बस्तिको पहिचान गरी अभिलेख तयार गर्ने ।
- जोखिमयुक्त बस्ती स्थानान्तरणका लागि सुरक्षित क्षेत्र एकिन गर्ने ।
- एकीकृत बस्ती निर्माण तथा विकास गर्ने ।
- आपतकालीन आवास डिजाइन सम्बन्धी जानकारीमूलक पर्चा प्रकाशन गर्ने ।
- आपतकालीन आवास प्रतिकार्य कोषको स्थापना गर्ने ।
- विपद् प्रभावित क्षेत्रहरुमा आवासको लागि गैरखाद्य राहत वितरण गर्ने ।
- आवास सहायताका लागि नगद वा भौचर हस्तान्तरण तथा वितरण गर्ने । आपतकालीन तथा संक्रमणकालीन आवास समाधानका लागि आवश्यक पहल गर्ने ।
- वर्षा ऋषि अगावै सामुदायिक आश्रय केन्द्रहरुको सुधार गर्ने ।
- खुल्ला ठाउँ सामुदायिक केन्द्रहरु र उपलब्ध आधारभूत सेवाहरुको नक्साङ्कन गर्ने ।
- स्वास्थ्य कार्यालयसँग समन्वय गरी सरसफाई तथा स्वच्छता, स्वास्थ्य, आश्रय र अन्य विषयगत क्षेत्रसँग नजिकबाट समन्वय गर्दै योजना बनाउने, भिडभाड हटाउने र महामारीको प्रकोप रोकथामका काम गर्ने।
- शिविर जस्ता स्थानहरु र सामुदायिक केन्द्रहरुमा मानवीय मापदण्डहरु कायम गर्नका लागि पैरबी गर्ने।
- विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।

## ५.१३ एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय

- प्रभावित र खाद्य असुरक्षित क्षेत्रमा रहेका सबैभन्दा कमजोर र खाद्यान्न असुरक्षित परिवारहरुमा लक्षित मापदण्ड बमोजिमको कार्य गर्ने ।
- वस्तुगत खाद्यान्न सहायता प्रदान गर्दा स्थानीय बजारमा सहजै उपलब्ध हुने र सामान्यतया सबैले दैनिक उपभोग गर्ने खाद्य सामग्रीहरू समेट्ने । खाद्यान्न सहायता प्रदान गर्नुपरेमा 2100 Kcal/person/day बराबर रहेका तपसिल बमोजिमको खाद्य सामग्रीहरू समेटिने छः
    - चामलः ४०० ग्राम/व्यक्ति/दिन
    - दालः १२० ग्राम/व्यक्ति/दिन
    - खानेतेलः ३४ मिलिलिटर/व्यक्ति/दिन
    - नुनः ५ ग्राम/व्यक्ति/दिन

- बिपद् प्रतिकार्यलाई निम्न दुई चरणमा सम्पन्न गर्ने।
    - **पहिलो चरण (पहिलो महिना):**
      यदि विपद्पछि बजारहरू सञ्चालनमा रहेको भए १ महिनाका लागि लक्षित जनसङ्ख्याको लागि सरकारले तोकेको विधिबाट सहायताका साथै पशु तथा माछा स्वास्थ्य उपचार तथा मृत पशुपन्छीको व्यवस्थापन गर्ने ।
    - **दोस्रो चरण (एक महिनापछि):**
      खाद्य सुरक्षा, जीविकोपार्जन र कृषि पुनः प्राप्तिका लागि कामका लागि नगद गतिविधिहरू, बालीको मौसम अनुसार वाली वीउ वितरण (धान, तरकारी, मकै, आदि) र खाद्यान्न र बालीको सुरक्षित भण्डारणमा सहयोग, सिंचाई कुलो मर्मत, गोठ मर्मत आदिमा सहयोग साथै वीमा गरेका कृषकहरूलाई तत्काल दावी भुक्तानिमा सहजिकरण गर्ने ।

## ५.१४ शिक्षा विकास तथा समन्वय इकाई

- विपद्बाट उत्पन्न हुने महामारीबाट जोगाउन सरोकारवालासँगको सहकार्यमा विद्यालय, स्थानीय तह, विद्यार्थी र अभिभावकहरूलाई सार्वजनिक सेवा सम्बन्धी जानकारी (Public Service Announcement) जस्ता सन्देशहरू प्रवाह गरी सचेत तुल्याउने।
- विपद्-प्रेरित सरुवा रोग, विपद्को पूर्वतयारीबारे सचेत गराउने सामग्रीहरू सहित यौन शोषण र दुर्व्यवहार रोकथाम (PSEA) सन्देश जस्ता सचेतना जगाउने पूर्व तयारी सामग्रीहरू तयार पार्ने ।
- संघ, प्रदेश, जिल्ला र स्थानीय स्तरका शिक्षा विषयगत क्षेत्र (Education Cluster)
- का सदस्यहरूसँग प्रभावकारी समन्वय, जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने ।
- शिक्षा समूह सदस्यहरूले आपत्कालीन अवस्थामा शिक्षा (EIE) आपूर्तिहरूको न्यूनतम पूर्व स्थिति (Minimum prepositioning) कायम राखे/नराखेको सुनिश्चित गर्ने ।
- शिक्षा समूह सदस्यहरूले आपत्कालीन तयारी, प्रतिक्रिया र रिपोर्टिङवारे क्षमता विकास प्रशिक्षणहरू सञ्चालन गर्ने ।
- सुरक्षित ठाउँहरूको पहिचान र कृत्रिम घटना अभ्यास (Drill, Tabletop तथा Functional Exercise) सञ्चालन जस्ता तयारी र विद्यालय सुरक्षा गतिविधिहरूमा योगदान दिन स्थानीय स्तरमा सामुदायहरूको (वि.व्य.स., युवा क्लबहरू आदि)परिचालन गर्ने ।

## ५.१५ नेपाल विद्युत प्राधिकरण

- विपद्को दौरान विद्युतका पोलहरुमा क्षति पुगी, ढल्केर वा लच्केर तथा विद्युतका तारहरु चुडिएर वा अन्य कारणबाट क्षतिग्रस्त भइ विद्युत आपूर्ती अबरुद्ध भएमा तत्काल मर्मत गरी विद्युत सुचारु गर्ने व्यवस्था मिलाउने ।
- उक्त कार्यको लागि अन्तर्गतका निकायहरूमा आवश्यक दक्ष प्राविधिक जनशक्ती तथा साधन स्रोत विपद् अवधिभर विभिन्न स्थानहरूमा तयारी अवस्थामा राखे ।

५.१६ डिभिजन वन कार्यालय

- कटान, भु-क्षय नियन्त्रण, पहिरो रोकथाम, पानी मुहान संरक्षणका लागि बोटविरुवा रोप्ने तथा उत्दन गरी वितरण गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने वा ल्याउने ।
- विपद् जोखिमबारे विभिन्न कार्यक्रम मार्फत भू तथा जलाधार संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट प्रभावित परिवारहरुको लागि सहुलियत दरमा आवश्यक काठ दाउरा उपलब्ध गराउने ।

५.१७ जिल्लामा कार्यर सरकारी तथा विकास आयोजना कार्यालय

- विपद्बाट हुने सडक अबरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न Strategic Locations मा पर्याप्त इन्धन र चालकसहित डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट तयारी अवस्थामा राखे ।
- ढुंगा, गिटी, बालुवा थुप्रिएर जोखिममा रहेका भौतिक संरचना (पुल, पुलेसा, सडक) हरुको सुरक्षाका लागि तत्काल थुप्रिएका सामग्रीहरु हटाउने व्यवस्था स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरेर गर्ने ।
- सम्झौता भइ निर्माण कार्य सुरू गरिसकेका भौतिक निर्माणका पूर्वाधारहरूमा हुनसक्ने जोखिमको न्यूनीकरण गर्न विपद् अगावै अत्यावश्यक कार्यहरू सम्पन्न गर्ने ।
- विपद्बाट जोखिम हुन सक्ने स्थानहरूको पहिचान गरी प्राविधिक रूपमा प्राथमिकिकरण गर्ने र आपत्कालीन समस्या समाधानका लागि आवश्यक स्रोतहरू (निर्माण सामग्री, मानव संसाधन) को व्यवस्थापन सम्बन्धित कार्यालयबाट गर्ने ।
- विपद् व्यवस्थापन कार्यहरूको लागि आवश्यक निर्माण सामग्रीहरू खरिद तथा भण्डारण गर्ने ।
- आपत्कालीन अवस्थामा जिल्ला विपद् व्यवस्थापन समिति सित समन्वय गरी तत्काल परिचालन हुने ।
- जिल्लाको जुनसुकै स्थानमा सडक अवरुद्ध भएता पनि ३० मिनेटभित्र खुलाउने कार्य सुरु गर्ने गरी उपकरण तथा जनशक्ति तैनाथी अवस्थामा राखे ।

५.१८ टेलिकम तथा अन्य दूरसञ्चार सेवा प्रदायक

- विपद्को समयमा सञ्चार सम्पर्क विच्छेद भएमा यथाशीघ्र पुनः सञ्चालनको व्यवस्था गर्ने ।
- विपद्को कारण टेलिफोन टावरहरूमा क्षति पुगेमा संचार व्यवस्थाका लागि मोबाइल टावरको व्यवस्था गर्ने ।

५.१९ गैरसकारी संस्था, नागरिक समाज तथा स्वयंसेवी संस्था

- नेपाल रेडक्रस सोसाइटीद्वारा गैह्र सरकारी क्षेत्र र निजी क्षेत्रका मानवीय सहायता क्षेत्रमा सबै तहमा रहेका विपद् व्यवस्थापन समितिहरूलाई आवश्यकता अनुसार सहयोग गर्ने ।
- विपद् प्रतिकार्य पूर्वतयारीका लागि नेपाल रेडक्रस सोसाइटीका स्थानीय तहका सबै शाखाहरूलाई सचेत (अलर्ट) पत्र पठाँउने ।

- नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूमा रहेका विषयगत दक्ष जनशक्तिहरूको विवरण अद्यावधिक गरी आवश्यकता अनुसार जिल्लाहरूमा घट्ने विपद्का घटनामा परिचालन गर्नसक्ने गरी तयारी अवस्थामा रहन सहजीकरण गर्ने ।
- नेपाल रेडक्रस सोसाइटीद्वारा द्रुत-विस्तृत (IRA/Detail Assessment) लेखाजोखा, लाभग्राही छनौट, प्रतिकार्य विश्लेषण र राहत व्यवस्थापन गर्ने ।
- नेपाल रेडक्रस सोसाइटी, विभिन्न विकास साझेदार संस्थाहरुले जिल्लामा २००० का दरले आपत्कालीन आश्रयस्थलका रूपमा टेन्ट र गैर खाद्य सामाग्रीहरु तयारी अवस्थामा राखे ।
- नेपाल रेडक्रस सोसाइटीद्वारा उपलब्ध स्रोत साधन (आवास, खानेपानी सरसफाइ, गैरखाद्य, स्वास्थ्य, सामग्री) हरू गोदामघरमा पूर्वतयारी अवस्थामा भण्डारण गर्ने ।
- नेपाल रेडक्रस सोसाइटीद्वारा आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई मनसुन तथा महामारी पूर्वतयारी र प्रतिकार्यको समन्वयका लागि सञ्चालनमा ल्याउने ।
- स्रोत व्यवस्थापनमा सहजीकरणका लागि रेडकस अभियानका अंगहरू रिडक्रस महासंघ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र राष्ट्रिय सोसाइटीहरू) सँग समन्वय एवं अनुरोध गर्ने ।
- सोसाइटीका प्रदेश तथा जिल्ला शाखाहरूको अगुवाइमा स्थानीय सरकारी तथाँ सुरक्षा निकायहरूमा प्रभावकारी समन्वयका लागि केन्द्रबाट सहजीकरण गर्ने ।
- जल तथा मौसम विज्ञान विभाग तथा प्राधिकरणबाट प्राप्त सूचना, सन्देश तथा श्रव्यदृश्य सामग्रीहरू रेडक्रसका अंग तथा सञ्जालमा सम्प्रेषण गर्ने ।
- राष्ट्र आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च (NHSRP) का सातैवता प्रादेशिक टोली प्राविधिक जनशक्तिद्वारा आवश्यकता अनुसार प्राविधिक समन्वय तथा सूचना व्यवस्थापनमा सहजीकरण गर्ने ।
- आपत्कालीन केन्द्रहरूलाई पूर्वतयारीको निम्ति आवश्यक सूचना व्यवस्थापन सम्बन्धी सहयोग गर्ने।
- राष्ट्रिय आवास तथा वस्ती उत्थानशील समन्वय मञ्चद्वारा प्रादेशिक तहमा विभिन्न उपस्थित संघ संस्थाहरूको सहयोगमा प्रादेशिक मनसुन योजना बनाउन सहयोग. मर्ने । विपद् पश्चातको घटनाहरूको तथ्याङ्क संकलनमा प्राधिकरणसँग सहकार्य गर्ने र प्रादेशिक
- स्तर देखि केन्द्रीय स्तरसम्म जानकारी गराउने । राष्ट्रिय आवास तथा वस्ती उत्थानशील समन्वय मञ्चद्वारा विषेश मनसुन सम्वन्धी घटनाको SitRep प्रकाशित गर्न प्राधिकरणसँग सहकार्य गर्ने ।
- राष्ट्रिय आवास तथा वस्ती उत्थानशील समन्वय मञ्चद्वारा मनसुन पश्चातको ४५, ६० र १०० दिने मनसुन अवस्था प्रतिवेदन तयारीमा प्राधिकरणसँग सहकार्य गरी प्राधिकरणको वेवसाइट र फेसबुकमार्फत प्रकाशित गर्ने।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्ने।

### ५.२० नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र

- रक्तसञ्चार केन्द्रमा न्यूनतम रगत मौज्दात राखे।
- रक्तदाताहरूसँग समन्वय गर्ने।

- आपत्कालीन अवस्थामा रक्तसङ्कलन तथा वितरण गर्ने भौगोलिक क्षेत्र निर्धारण गरी रगत सङ्कलन र आपूर्ति गर्न तयारी गर्ने।
- सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी रगत सङ्कलन तथा वितरणको लागि बन्दोबस्ती मिलाउने।

## ५.२१ जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र

- मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा जिल्लास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- मनसुनको अवधिमा २४सै घण्टा जिल्लास्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना संप्रेषण गर्ने।
- जिल्ला प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।
- विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने।
- विपद् प्रतिकार्यको बेला स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।
- मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्ने।

## ५.२२ स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र

- मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा पालिकास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- मनसुनको अवधिमा २४सै घण्टा पालिकास्तरको विपद्को अवस्थाको निगरानी गर्ने।
- पालिका तहमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।
- विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने ।
- विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।
- मनसुनजन्य विपद्को बेला सूचना व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्ने।

## ५.२३ समन्वय तथा सूचना प्रवाह व्यवस्था

विपद् व्यवस्थापनका सबै चरणमा प्रभावकारी समन्वय तथा सूचना प्रवाहलाई व्यवस्थित, विश्वसनीय र समयमै सुनिश्चित गरिनेछ। विपद्को सूचना प्राप्त भएपछि सम्बन्धित निकायले तत्काल जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) मा जानकारी गराउने व्यवस्था गरिनेछ। DEOC ले प्राप्त सूचनाको प्रमाणीकरण गरी जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC), सुरक्षा निकाय तथा सम्बन्धित विषयगत निकायहरूमा आवश्यक सूचना प्रवाह गर्नेछ। सूचना आदानप्रदानका लागि टेलिफोन, मोबाइल, इमेल, वायरलेस, डिजिटल प्रणाली तथा अन्य उपलब्ध सञ्चार माध्यमहरूको प्रयोग गरिनेछ। विपद्को अवस्था, क्षति, उद्धार, राहत तथा पुनःस्थापनासम्बन्धी सूचना नियमित रूपमा अद्यावधिक गरी सम्बन्धित निकायबीच साझा गरिनेछ। सूचना प्रवाह गर्दा एकीकृत, तथ्यमा आधारित तथा आधिकारिक स्रोतबाट प्रमाणित जानकारी मात्र सार्वजनिक गरिनेछ। अफवाह तथा भ्रामक सूचना नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय तथा DEOC लाई आधिकारिक सूचना

प्रवाह केन्द्रका रूपमा परिचालन गरिनेछ। आवश्यकताअनुसार प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (PEOC/NEOC) सँग नियमित समन्वय कायम गरिनेछ। सूचना व्यवस्थापनमा गोपनीयता, तथ्यपरकता, पारदर्शिता तथा उत्तरदायित्वका सिद्धान्तहरूको पूर्ण पालना गरिनेछ। यस व्यवस्थाले विपद् प्रतिकार्यलाई प्रभावकारी, समन्वित तथा शीघ्र निर्णयमुखी बनाउन सहयोग पुऱ्याउनेछ।

| सूचना प्राप्त गर्ने निकाय | सूचना प्रवाह गर्ने निकाय | प्रवाह हुने सूचना | माध्यम | समय |
|---|---|---|---|---|
| घटना भएको स्थान/स्थानीय समुदाय | वडा कार्यालय/LEOC | प्रारम्भिक घटना विवरण | टेलिफोन, मोबाइल, लिखित | तत्काल |
| वडा कार्यालय/LEOC | DEOC | घटना, प्रारम्भिक क्षति तथा आवश्यकताहरू | टेलिफोन, इमेल, अनलाइन प्रणाली | तत्काल |
| DEOC | जिल्ला विपद् व्यवस्थापन समिति | अवस्थाको अद्यावधिक, निर्णयका लागि विवरण | बैठक, इमेल, टेलिफोन | आवश्यकतानुसार |
| DEOC | सुरक्षा निकाय तथा विषयगत समिति | खोज, उद्धार, राहत तथा परिचालनसम्बन्धी सूचना | टेलिफोन, वायरलेस | तत्काल |
| DEOC | PEOC/NEOC | विस्तृत अवस्था, क्षति र आवश्यक सहयोग | इमेल, वेब प्रणाली, टेलिफोन | नियमित |
| जिल्ला प्रशासन कार्यालय/DEOC | सञ्चार माध्यम तथा सर्वसाधारण | आधिकारिक सूचना, चेतावनी तथा सार्वजनिक सूचना | प्रेस विज्ञप्ति, वेबसाइट, सामाजिक सञ्जाल | आवश्यकता अनुसार |

### ५.२४ घटना आदेश प्रणाली (Incident Command System - ICS)

घटना आदेश प्रणाली (Incident Command System: ICS) विपद् तथा अन्य आपत्कालीन घटनाको प्रभावकारी व्यवस्थापनका लागि प्रयोग गरिने मानकीकृत व्यवस्थापन प्रणाली हो। यस प्रणालीले विपद्को समयमा नेतृत्व, समन्वय, स्रोत परिचालन, सूचना व्यवस्थापन तथा निर्णय प्रक्रियालाई व्यवस्थित बनाउँछ। विपद्को प्रकृति, आकार र जटिलताअनुसार यस प्रणालीलाई आवश्यकतानुसार विस्तार वा संकुचन गर्न सकिन्छ।

बर्दिया जिल्लामा ठूलो वा जटिल विपद् उत्पन्न भएमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को निर्देशनमा ICS सक्रिय गरिनेछ।

### ५.२५ जिम्मेवारीको सारांश

तालिका नं. ६, बिषयगत क्षेत्रहरु, अगुवा संस्था र सदस्यहरुः

| विषयगत क्षेत्र | अगुवा संस्था | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १. समन्वय तथा | जिल्ला प्रशासन | जिल्ला समन्वय समिति, | **डी.ई.ओ.सी. (DEOC)**, नेपाल टेलिकम, |

| विषयगत क्षेत्र | अगुवा संस्था | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| सूचना व्यवस्थापन | कार्यालय | स्थानीय तह, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | स्थानीय एफ.एम., पत्रपत्रिका, नेपाल पत्रकार महासंघ, राष्ट्रिय अनुसन्धान, जल तथा मौसम विज्ञान कार्यालय, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |
| २. खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | **डी.ई.ओ.सी. (DEOC)**, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |
| ३. गैरखाद्य सामग्री तथा शिविर व्यवस्थापन | संघीय आयोजना कार्यान्वयन इकाइ, शहरी विकास तथा भवन कार्यालय, नेपाल रेडक्रस सोसाइटी | स्थानीय तह, डिभिजन वन कार्यालय, सुरक्षा निकाय | सामुदायिक वन उपभोक्ता महासंघ, उद्योग वाणिज्य संघ, गैसस महासंघ, निर्माण व्यवसायी, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |
| ४. खाद्य तथा गोदाम व्यवस्थापन | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय | स्थानीय तह, नेपाल प्रहरी, जिल्ला समन्वय समिति | नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी, गैसस महासंघ, उद्योग वाणिज्य संघ, विश्व खाद्य कार्यक्रम, नेपाल रेडक्रस सोसाइटी, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |
| ५. खानेपानी तथा सरसफाइ | खानेपानी तथा सरसफाइ कार्यालय | जिल्ला समन्वय समिति, स्थानीय तह | विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |
| ६. संरक्षण | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति, स्थानीय तह, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल | विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |
| ७. स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय, बर्दिया | जिल्ला अस्पताल, जिल्ला समन्वय समिति, स्थानीय तह, आयुर्वेद अस्पताल, नेपाल रेडक्रस सोसाइटी | स्वास्थ्य सेवा प्रदायक निकायहरू, उद्योग वाणिज्य संघ, औषधि व्यवसायी संघ, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |
| ८. आपत्कालीन शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | जिल्ला समन्वय समिति, स्थानीय तह | विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |
| ९. पुनःस्थापना | संघीय आयोजना | जिल्ला समन्वय समिति, | सामुदायिक वन उपभोक्ता समिति, नेपाल |

| विषयगत क्षेत्र | अगुवा संस्था | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| तथा पुनर्निर्माण | कार्यान्वयन इकाइ, शहरी विकास तथा भवन कार्यालय, नेपाल रेडक्रस सोसाइटी | स्थानीय तह, डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाइ कार्यालय, विभिन्न आयोजना, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम | रेडक्रस सोसाइटी, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू |

## अध्याय ६: विपद् पूर्वतयारी व्यवस्था

### ६.१ परिचय

विपद्को प्रभाव न्यूनीकरण गर्ने पूर्वतयारी सबैभन्दा महत्वपूर्ण पक्ष हो। प्रभावकारी पूर्वतयारीले विपद् आउनुअघि आवश्यक योजना, स्रोत-साधन, जनशक्ति तथा समन्वय व्यवस्था सुनिश्चित गरी क्षति न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ। यस अध्यायमा विपद् पूर्वसूचना, संस्थागत तयारी, स्रोत-साधन व्यवस्थापन तथा सरोकारवाला निकायहरूको तयारी सम्बन्धी व्यवस्था समावेश गरिएको छ। पूर्वतयारीका माध्यमबाट विपद्को समयमा शीघ्र, समन्वित र प्रभावकारी प्रतिकार्य सुनिश्चित गर्ने उद्देश्य राखिएको छ।

### ६.२ पूर्वसूचना प्रणाली

पूर्वसूचना प्रणालीले सम्भावित विपद्को जानकारी समयमै सम्बन्धित निकाय तथा समुदायसम्म पुऱ्याई जनधनको क्षति न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्दछ। मौसम, जलसतह, बाढी तथा अन्य जोखिमसम्बन्धी सूचना सम्बन्धित निकायबाट प्राप्त गरी समयमै प्रसारण गरिनेछ। जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC), स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC), स्थानीय तह तथा सञ्चार माध्यमबीच समन्वय गरी पूर्वसूचना प्रवाह गरिनेछ। प्राप्त पूर्वसूचनाका आधारमा आवश्यक सतर्कता, तयारी तथा सुरक्षित स्थानान्तरणका कार्यहरू सञ्चालन गरिनेछन्।

### ६.३ संस्थागत तयारी

विपद्को प्रभावकारी व्यवस्थापनका लागि सम्बन्धित सबै निकायहरूको संस्थागत तयारी अत्यावश्यक हुन्छ। जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा विषयगत क्लस्टरहरूले आ-आफ्नो जिम्मेवारीअनुसार पूर्वतयारी गर्नेछन्। आवश्यक जनशक्ति, उपकरण, राहत सामग्री, सञ्चार प्रणाली तथा आपत्कालीन स्रोत-साधनको पूर्वव्यवस्था गरिनेछ। साथै नियमित तालिम, अभ्यास (Simulation Exercise) तथा समन्वय बैठकमार्फत संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

तालिका नं. ७, कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम | समय सीमा (कार्य |
|---|---|---|---|---|
| १. | जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान गर्ने। | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति तथा | घरधुरी सर्वेक्षण, जिल्ला समन्वय समिति तथा | नियमित |
| २. | क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसँग समन्वय | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन | बैठक | आवश्यकता अनुसार |
| ३. | विपद् व्यवस्थापन कार्यसँग सम्बन्धित कृत्रिम | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, | तालिम तथा कृत्रिम घटना अभ्यास | नियमित |
| ४. | उद्धार सामग्रीहरूको संकलन गर्ने। | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, नेपाली सेना, | समन्वय | नियमित |

| | | | | |
|---|---|---|---|---|
| ५. | सुरक्षा निकायका इकाई तथा समुदायस्तरका | जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, | फोन, इमेल तथा अभिलेख संकलन | निरन्तर |
| ६. | समुदायस्तरमा रहेका उद्धार टोलीलाई | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, नेपाल रेडक्रस | अभिमुखीकरण | आवश्यकता अनुसार |
| ७. | खोज तथा उद्धार टोलीलाई पौडी सम्बन्धी व्यवहारिक | डी.ई.ओ.सी. (DEOC), सुरक्षा निकाय | तालिम | आवश्यकता अनुसार तथा |
| ८. | मौजुदा सामग्रीहरूको जाँच तथा परीक्षण गर्ने। | एन.ई.ओ.सी. (NEOC), डी.ई.ओ.सी. (DEOC), सुरक्षा | अनुगमन तथा पूर्वअभ्यास | नियमित |
| ९. | आवश्यकता अनुसार सामग्रीको | डी.ई.ओ.सी. (DEOC), सुरक्षा निकाय तथा खोज तथा उद्धार | संकलन, ढुवानी तथा आवश्यकता पहिचान | आवश्यकता अनुसार |

### ६.४ खोज तथा उद्धार तयारी

विपद्को समयमा प्रभावित व्यक्तिहरूको शीघ्र उद्धार गर्न खोज तथा उद्धार कार्यको पूर्वतयारी आवश्यक हुन्छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा स्वयंसेवकहरूको क्षमता सुदृढीकरण गरिनेछ। आवश्यक उद्धार उपकरण, सञ्चार सामग्री तथा जनशक्तिको पूर्वव्यवस्थापन गरिनेछ। नियमित अभ्यास (Simulation Exercise) र तालिममार्फत खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाइनेछ।

### ६.५ राहत सामग्री पूर्वभण्डारण

विपद्को समयमा राहत वितरणलाई छिटो र प्रभावकारी बनाउन आवश्यक राहत सामग्रीको पूर्वभण्डारण गरिनेछ। खाद्यान्न, त्रिपाल, कम्बल, औषधि, खानेपानी, सरसफाइ सामग्री तथा अन्य अत्यावश्यक वस्तु सुरक्षित स्थानमा भण्डारण गरिनेछ। आवश्यकता अनुसार स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी सामग्रीको व्यवस्थापन गरिनेछ। राहत सामग्रीको नियमित अद्यावधिक तथा अभिलेखीकरण गरिने व्यवस्था मिलाइनेछ।

### ६.६ जनचेतना तथा क्षमता विकास

विपद् जोखिम न्यूनीकरणका लागि समुदायमा जनचेतना अभिवृद्धि तथा क्षमता विकासलाई प्राथमिकता दिइनेछ। विद्यालय, समुदाय तथा सरोकारवाला निकायहरूमा विपद् सम्बन्धी तालिम, अभिमुखीकरण र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। सुरक्षित व्यवहार, पूर्वसूचना प्रणाली तथा विपद्को समयमा अपनाउनुपर्ने उपायबारे जानकारी प्रदान गरिनेछ। यसबाट समुदायको विपद् सामना गर्ने क्षमता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

### ६.७ स्रोत साधनको तयारी तथा परिचालन

विपद्को प्रभावकारी प्रतिकार्यका लागि आवश्यक जनशक्ति, उपकरण, सवारीसाधन, सञ्चार प्रणाली तथा आर्थिक स्रोतको पूर्वतयारी गरिनेछ। उपलब्ध स्रोत-साधन(दमकल, एम्बुलेन्स, हेभी इक्युपमेण्ट, आदि)को विवरण अद्यावधिक गरी आवश्यकता अनुसार परिचालन योजना तयार गरिनेछ। सरकारी, निजी तथा गैरसरकारी क्षेत्रका स्रोतहरूको समन्वित उपयोग सुनिश्चित गरिनेछ। आवश्यक पर्दा थप स्रोत परिचालन गर्ने व्यवस्था समेत मिलाइनेछ।

### ६.८ सुरक्षित आश्रयस्थल तथा उद्धार केन्द्र

विपद्बाट प्रभावित व्यक्तिहरूलाई अस्थायी रूपमा सुरक्षित बसोबासको व्यवस्था गर्न उपयुक्त आश्रयस्थलहरूको पूर्वपहिचान गरिनेछ। विद्यालय, सामुदायिक भवन, सार्वजनिक भवन तथा अन्य सुरक्षित स्थानलाई आवश्यकता अनुसार आश्रयस्थलका रूपमा प्रयोग गरिनेछ। आश्रयस्थलमा खानेपानी, सरसफाइ, स्वास्थ्य, सुरक्षा तथा अन्य आधारभूत सेवाको व्यवस्था सुनिश्चित गरिनेछ। विशेष गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकतालाई प्राथमिकतामा राखिनेछ।

### ६.९ समन्वय व्यवस्थापन

विपद् पूर्वतयारीका सबै गतिविधि प्रभावकारी बनाउन सम्बन्धित निकायहरूबीच नियमित समन्वय र सहकार्य गरिनेछ। जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, विषयगत क्लस्टर, सुरक्षा निकाय तथा अन्य सरोकारवालाबीच सूचना आदानप्रदान र संयुक्त योजना कार्यान्वयन गरिनेछ। उपलब्ध स्रोत-साधनको प्रभावकारी परिचालन, जिम्मेवारीको स्पष्टता तथा दोहोरोपन न्यूनीकरणमा विशेष जोड दिइनेछ। प्रभावकारी समन्वयबाट विपद्को समयमा छिटो, व्यवस्थित र परिणाममुखी प्रतिकार्य सुनिश्चित गरिनेछ।

### ६.१० पूर्वतयारी कार्ययोजना

विपद् जोखिम न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यका लागि पूर्वतयारी कार्ययोजना स्पष्ट, व्यवस्थित र कार्यान्वयनयोग्य हुनुपर्दछ। यस कार्ययोजनाअन्तर्गत सम्भावित विपद्को जोखिम विश्लेषण, आवश्यक स्रोत-साधनको व्यवस्थापन, जनशक्ति परिचालन तथा जिम्मेवारी निर्धारण गरिनेछ। खोज तथा उद्धार, प्राथमिक उपचार, राहत वितरण र सूचना व्यवस्थापनका लागि सम्बन्धित निकायलाई पूर्वतयारी अवस्थामा राखिनेछ। नियमित रूपमा विपद् पूर्वाभ्यास (Simulation Exercise) तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ। आपत्कालीन सञ्चार प्रणाली, सम्पर्क विवरण तथा समन्वय संयन्त्रलाई अद्यावधिक राखिनेछ। राहत सामग्री तथा उद्धार उपकरणको पर्याप्त मौज्दात सुनिश्चित गरिनेछ। जोखिमयुक्त क्षेत्रका समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी सुरक्षित व्यवहारको प्रवर्द्धन गरिनेछ। मौसम तथा विपद्सम्बन्धी पूर्वसूचना प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। पूर्वतयारी कार्ययोजनाको नियमित अनुगमन, समीक्षा तथा आवश्यकताअनुसार परिमार्जन गरिनेछ, जसबाट विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी, समन्वयात्मक र परिणाममुखी बनाउन सहयोग पुग्नेछ।

#### (क) सामान्य पूर्वतयारी

सामान्य पूर्वतयारी सम्बन्धित कामहरूमा विपद् घटना अगावै गरिने, प्रायः सबै प्रकोपका लागि गर्नपर्ने जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन औजार, शीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू समावेश हुनेछन् । यी सबै क्षमता र तयारी आवधिकरुपमा अद्यावधिक गर्न जरुरी हुन्छ ता कि विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमा नै कार्यान्वयन गर्न सकियोस। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि पूर्वतयारी कार्य हो।

(ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी

यो चरणका कार्यहरू प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा तय गरिनेछन्। सही पूर्वानुमान र उपलव्ध अग्रिम समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गरिनेछन् । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तुरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्नेसम्मका हुन सक्नेछन्।

(ग) आपत्कालीन प्रतिकार्य

यो चरणका कामहरुमा विपर्जन्य प्रकोप आएको वा आसन्न खतराको अवस्थामा तत्कालको आवश्यवता अनुसार गर्ने कार्यहरु समावेश गरिनेछन् । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्ते चाल्नुपर्ने उद्धार, उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा मार्ने जस्ता राहत गतिविधिहरू समावेश हुनेछन् । खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य तथा शिघ्र पुनलाभका कार्यहरु यस चरणमा पर्दछन् ।



# अध्याय ७: विपद् प्रतिकार्य व्यवस्था

## ७.१ परिचय

विपद् प्रतिकार्य व्यवस्था भनेको विपद्को समयमा जनधनको क्षति न्यूनीकरण गर्न गरिने तत्काल उद्धार, राहत, स्वास्थ्य सेवा, आश्रय, सुरक्षा तथा आवश्यक मानवीय सहायता सम्बन्धी समन्वित कार्य हो। प्रभावकारी प्रतिकार्यका लागि सम्बन्धित निकायहरूबीच समन्वय, स्पष्ट जिम्मेवारी र स्रोत-साधनको समयमै परिचालन आवश्यक हुन्छ। यस अध्यायमा विपद् प्रतिकार्यका प्रमुख प्रक्रिया, जिम्मेवारी तथा कार्यविधि समावेश गरिएको छ।

## ७.२ प्रतिकार्य सक्रियता (Activation)

विपद्को सूचना प्राप्त भएपछि जोखिमको अवस्था र प्रभावका आधारमा सम्बन्धित निकायहरूको प्रतिकार्य संयन्त्र सक्रिय गरिनेछ। जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC), स्थानीय तह तथा विषयगत क्लस्टरहरू आवश्यकतानुसार परिचालन गरिनेछन्। विपद्को प्रकृति र गम्भीरताअनुसार स्रोत—साधन परिचालन, समन्वय तथा प्रतिकार्य कार्य तत्काल सुरु गरिनेछ।

## ७.३ प्रारम्भिक सूचना, खोज तथा क्षति मूल्याङ्कन

विपद् घटना भएपछि प्रारम्भिक सूचना यथाशीघ्र संकलन, प्रमाणीकरण तथा सम्बन्धित निकायमा सम्प्रेषण गरिनेछ। प्रभावित क्षेत्र, जनधनको क्षति, आवश्यक राहत तथा तत्काल आवश्यकताहरूको प्रारम्भिक मूल्याङ्कन गरिनेछ। प्राप्त विवरणका आधारमा प्रतिकार्यको प्राथमिकता निर्धारण गरी आवश्यक स्रोत-साधन परिचालन गरिने व्यवस्था गरिनेछ।

तालिका नं. १०, विपद् तह निर्धारण

| **सामान्य** | **मध्यम** | **ठूलो** | **उच्च (विनाशकारी)** |
|---|---|---|---|
| २,००० जनासम्म मानिस प्रभावित **वा** १०० जनासम्म मानिस विस्थापित **वा** १० करोडसम्मको आर्थिक क्षति | ५,००० जनासम्म मानिस प्रभावित **वा** २०० जनासम्म मानिस विस्थापित **वा** ५० करोडसम्मको आर्थिक क्षति | १०,००० जनासम्म मानिस प्रभावित **वा** १,००० जनासम्म मानिस विस्थापित **वा** ५ अर्बसम्मको आर्थिक क्षति | १०,००० जनाभन्दा बढी मानिस प्रभावित **वा** १,००० जनाभन्दा बढी मानिस विस्थापित **वा** ५ अर्बभन्दा बढी आर्थिक क्षति |




तालिका नं. ११, विपद् तहमा आँकलन गरिएको जनसंख्याः

| विपद् | प्रभावित हुनसक्ने घरपरिवार संख्या | जम्मा जनसंख्या (१००%) | बालबालिका (२०%) | ज्येष्ठ नागरिक (१०%) | अपाङ्गता भएका नागरिक (१.५%) |
|---|---|---|---|---|---|
| बाढी | २०००० | १००००० | २०००० | १०००० | १५०० |
| जंगली जनावरको आक्रमण | २०० | ५०० | १०० | ५० | ८ |
| आगलागी | २०० | १००० | २०० | १०० | १५ |
| भूकम्प | १००० | ५००० | १००० | ५०० | ७५ |
| महामारी | १०००० | ५०००० | १०००० | ५००० | ७५० |
| चट्याङ | १०० | १०० | २ | २ | २ |
| करेन्ट | १०० | २५ | ५ | ३ | ४ |
| सर्पदंश | १०० | ३० | १० | ५ | ५ |
| हावाहुरी | २५०० | १००० | ५० | ५० | १० |

## ३.५ जिल्लास्थित स्रोत-साधनको आँकलन

तालिका नं. १२, आवश्यकताको लेखाजोखा तथा खाडल (Gap's) को पहिचान

| क्र.सं. | खाडल (Gap) | खाडल पूरा गर्न पूर्वतयारी कार्य | जिम्मेवारी | सहयोग गर्ने प्रतिबद्धता | समय सीमा | संयोजक |
|---|---|---|---|---|---|---|

| क्र.सं. | खाडल (Gap) | खाडल पूरा गर्न पूर्वतयारी कार्य | जिम्मेवारी | सहयोग गर्ने प्रतिबद्धता | समय सीमा | संयोजक |
|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क संकलनमा समस्या | मोबाइल एपमार्फत तथ्याङ्क संकलन, IRA/MIRA तालिम तथा ICT व्यवस्था | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, नेपाल रेडक्रस, DEOC | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था | असार मसान्त | जिल्ला प्रशासन कार्यालय |
| २ | खोज तथा उद्धार सामग्रीको कमी | रबर ट्युब, डुङ्गा, डोरी, लाइफ ज्याकेट भण्डारण | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, रेडक्रस | असार मसान्त | जिल्ला प्रशासन कार्यालय |
| ३ | पौडी खेल्ने जनशक्तिको कमी | ७ दिने पौडी तालिम | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह | असार मसान्त | सुरक्षा निकाय |
| ४ | गैरखाद्य सामग्री (NFI) अभाव | ५००० परिवारका लागि NFI स्टक | जिल्ला समन्वय समिति | स्थानीय तह | असार १५ | जि.स.स./स्थानीय तह |
| ५ | ७२ घण्टाको सुख्खा खाद्य सामग्री अभाव | ५००० परिवारका लागि खाद्य सामग्री स्टक | स्थानीय तह | उद्योग वाणिज्य संघ | असार १५ | स्थानीय तह |
| ६ | बाढी रोकथाम पूर्वतयारी कमी | बाढी संकटासन्नता पहिचान र रोकथाम | स्थानीय तह | सम्बन्धित निकाय | असार मसान्त | स्थानीय विपद् व्यवस्थापन समिति |
| ७ | अन्तरसंस्था समन्वय कमी | प्रतिकार्य योजना तयार | स्थानीय तह | गैरसरकारी संस्था | असार मसान्त | स्थानीय तह |
| ८ | बाटोको समस्या | हेलिकप्टर तथा मोटरबोट व्यवस्था | जिल्ला विपद् व्यवस्थापन समिति | सुरक्षा निकाय | आवश्यकता अनुसार | जिल्ला प्रशासन |
| ९ | स्थानीय विपद् व्यवस्थापन समिति सक्रियता | राहत सामग्री, कोष, अभिमुखीकरण | स्थानीय तह | सम्बन्धित संस्था | निरन्तर | स्थानीय तह |
| १० | DEOC मा | दक्ष जनशक्ति | जिल्ला प्रशासन | राष्ट्रिय तथा | निरन्तर | जिल्ला प्रशासन |

| क्र.सं. | खाडल (Gap) | खाडल पूरा गर्न पूर्वतयारी कार्य | जिम्मेवारी | सहयोग गर्ने प्रतिबद्धता | समय सीमा | संयोजक |
|---|---|---|---|---|---|---|
| | स्थायी जनशक्ति | निरन्तरता | कार्यालय | अन्तर्राष्ट्रिय गैसस | | कार्यालय |
| ११ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना | सूचना संयन्त्र र फोकल पर्सन तालिम | सम्पूर्ण स्थानीय तह | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस | असार मसान्त | स्थानीय तह |

३.६ भौतिक साधन श्रोतको आवश्यकता

**तालिका नं. १३**

| सामग्रीको विवरण | आवश्यकता | जिल्लामा स्रोत | सम्भावित सहयोग |
|---|---|---|---|
| सामग्री ढुवानीका लागि ट्रक तथा ट्रिपर | ५ नगरपालिका र २ गाउँपालिकामा | गुलरिया नगरपालिकासँग २ वटा ट्रिपर र १ वटा ट्र्याक्टर | स्थानीय तह |
| जनशक्ति तथा खाद्यान्न ओसारपसारका लागि जिप तथा हलुका सवारीसाधन | आवश्यकता अनुसार | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी, (मूल Preeti फाइलअनुसार सम्बन्धित निकाय) |
| राहत सामग्री भण्डारणका लागि गोदाम | २५० मे.टन क्षमताका २ वटा गोदाम (गुलरिया नगरपालिकामा १ र राजापुरमा १) | राजापुरस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीको १ गोदाम | स्थानीय तह तथा स्थानीय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू |
| मान खोलामा बाढी पूर्वसूचना प्रणाली स्थापना | वर्षा मापन केन्द्र तथा सूचना संयन्त्र | — | जिल्ला समन्वय समिति |
| ओराही खोलामा बाढी पूर्वसूचना प्रणाली स्थापना | वर्षा मापन केन्द्र तथा सूचना संयन्त्र | — | ठाकुरबाबा नगरपालिका र मधुवन नगरपालिका |
| ऱ्याफ्टिङ बोट (उद्धार सामग्री) | २ थान | — | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह तथा अन्य सहयोगी निकाय |
| सुरक्षित आवास (उच्च मचान) | १० वटा (गुलरिया न.पा. ४, बारबर्दिया न.पा. ३, राजापुर न.पा. ३) | — | स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा दातृ निकायहरू |

विपद्बाट हुने क्षतिको पूर्वानुमान (आर्थिक वर्ष २०८३/८४ (सन् २०२६/२७))

विगतका विपद्हरूको प्रभाव तथा त्यसबाट भएको क्षतिको विश्लेषणका आधारमा आर्थिक वर्ष २०८३/८४ (सन् २०२६/२७) का लागि बाढी तथा डुबान, आगलागी, भूकम्प, शीतलहर, हावाहुरी, चट्याङ लगायतका विपद्हरूलाई दृष्टिगत गरी करिब २०,००० घरधुरी तथा १,००,००० जना जनसंख्या प्रभावित हुन सक्ने तथा ५,००० घरधुरी पूर्णरूपमा क्षतिग्रस्त हुन सक्ने अनुमानका आधारमा यो योजना तयार गरिएको छ। सम्भावित अवस्था निम्नानुसार रहने प्रक्षेपण गरिएको छः

- प्रभावित हुन सक्ने घरपरिवार संख्या : २०,००० (आंशिक क्षति : १५,००० घरधुरी, पूर्ण क्षति : ५,००० घरधुरी)
- घाइते हुनेको संख्या : १००
- मृत्यु हुनेको संख्या : १५
- अस्थायी रूपमा विस्थापित हुन सक्ने परिवार : ५,०००
- स्थायी रूपमा विस्थापित हुन सक्ने परिवार : १००
- पिउने पानीका स्रोतहरू प्रदूषित हुन सक्ने, सरुवा रोग फैलिन सक्ने तथा यातायात, विद्युत् आपूर्ति र सञ्चार सेवा अवरुद्ध हुन सक्ने।
- करिब ४०० मेट्रिक टन खाद्यान्न (घरभित्र भण्डारण गरिएको) मा क्षति हुन सक्ने।
- करिब ५०० मेट्रिक टन अन्नबाली (खडा बाली) मा क्षति हुन सक्ने।
- करिब २०० हेक्टर खेतीयोग्य जमिनमा क्षति हुन सक्ने।
- करिब १ हेक्टर घाँसबालीमा क्षति हुन सक्ने।

उपरोक्त सम्भावित अवस्थालाई आधार मानी यो जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको हो।



तालिका नं. ५ : योजना अद्यावधिकका विभिन्न चरणहरू र प्राप्त उपलब्धिहरू

| क्र.सं. | चरण वा प्रक्रिया | सम्पादित कार्यहरू तथा प्राप्त उपलब्धिहरू |
|---|---|---|
| १ | मानवीय सहायतामा संलग्न निकायहरूको पहिचान तथा सरोकारवालाबीच छलफल | मानवीय सहायतामा संलग्न निकायहरूको पहिचान, समन्वय तथा कार्यपद्धति स्थापना, योजनाको उद्देश्य, कार्यविधि तथा कार्ययोजनाबारे नियमित छलफल तथा परिमार्जन। |
| २ | सन्दर्भ सामग्रीहरूको पुनरावलोकन | प्रभावकारी विपद् प्रतिकार्य योजनाका लागि जिल्लासँग सम्बन्धित विपद् योजनाहरूको समीक्षा, विगतका विपद्को अवस्था तथा प्रभावको विश्लेषण। |
| ३ | बैठकहरू | सम्बन्धित निकायहरूको सूची तयार गर्ने, भूमिका निर्धारण गर्ने, सम्पर्क सूची तयार तथा अद्यावधिक गर्ने, सम्पर्क व्यक्तिको किटानी गर्ने। साथै प्रकोप तथा जोखिम नक्सा अद्यावधिक, स्रोत—साधनको आँकलन तथा विषयगत प्रतिकार्य योजना तर्जुमा गर्ने। |
| ४ | विषयगत निकायहरूको बैठक | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा तोकिएका विषयगत निकाय तथा जिल्ला अगुवा सहयोगी निकायहरूसँग छलफल गरी सबै विषयगत प्रतिकार्य योजना अद्यावधिक गर्ने। |
| ५ | कार्यशालाको आयोजना | जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा विषयगत निकाय, सुरक्षा निकाय तथा सरोकारवालाहरूको सहभागितामा छलफल, सहमति, मूल्याङ्कनका साझा मापदण्ड तय गरी योजनालाई अन्तिम रूप दिने। |
| ६ | अनुमोदन | बैठक तथा कार्यशालाबाट प्राप्त सुझावहरू समावेश गरी अन्तिम मस्यौदा जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गरी योजना अनुमोदन गर्ने। |
| ७ | अद्यावधिक | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना नियमित रूपमा अद्यावधिक गरी कार्यान्वयनमा ल्याउने। |

७.४ खोज तथा उद्धार सञ्चालन

विपद्को समयमा प्रभावित व्यक्तिको जीवन रक्षा गर्न खोज तथा उद्धार कार्यलाई उच्च प्राथमिकता दिइनेछ। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सरोकारवाला निकायको समन्वयमा खोज तथा उद्धार कार्य सञ्चालन गरिनेछ। आवश्यक उपकरण, जनशक्ति तथा सुरक्षा मापदण्डको प्रयोग गरी उद्धार कार्यलाई छिटो, सुरक्षित र प्रभावकारी रूपमा सम्पन्न गरिनेछ।

**तालिका नं. ८,**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य र परिचालन | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | स्थानीय स्तरमा रहेका सम्पर्क निकाय/संयन्त्र/ब्यक्तिहरुद्वारा सम्बन्धित सबै मूख्य निकायहरुमा सूचना लिनेदिने । | सम्पर्क ब्यक्तिको नाम,थर र सम्पर्क नं. टाँसगरी जो सुकैले सूचना दिन सक्ने ब्यबस्था मिलाउने र जिल्ला स्तरका सरोकारवालाहरुलाई सम्पर्क नं.हरु उपलब्ध गराउने र तत्काल खोज, उद्धार कार्य शुरु गर्ने। | स्थानीय स्तरका सम्पर्क ब्यक्तिहरुलाई अभिमूखीकरण र हातेपर्चा छपाइ निर्माणको लागि श्रोतको कमी । | स्थानीय प्रहरी/सुरक्षा निकाय, स्थानीय तह, अन्य सरोकारवालाहरु, समुदाय, संघसंस्थाहरु। |
| १ घण्टा देखि ७ घण्टा भित्र | सुरक्षित आश्रय स्थलको सुनिश्चितामा सहयोग । सूचना संकलन, अनुगमनकर्ता र निगरानीकर्ताको उपस्थिति | जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिबाट पहिचान गरिएका सुरक्षित मार्ग, स्थान, आश्रय स्थल र योजनाको जानकारी दिने, लिने र क्रियाशिल हुने । | सबै सवारी साधन नभएको हुँदा समयमा सम्बन्धित स्थानमा पुगी सेवा दिन कठिन र अनुगमनकर्ताहरुलाई आधारभूत खर्च उपलब्ध नहुँदा खटिन कठिन । | स्थानीय तह, सुरक्षा निकाय र अन्य सरोकारवाला । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य र परिचालन | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ७ घण्टा देखि २४ घण्टा भित्र | जोखिममा पर्ने समुहहरु पहिचान गरी आबश्यक सहयोगको लागि सिफारिस गर्ने । | द्रुत सर्बेक्षण फाराम विपद् पूर्व नै तयार गरी राख्ने । सम्भाब्य प्रभावित स्थानहरु स्थानीय स्तरमा पहिचान गरिएका निकायहरुलाई तयारी अबस्थामा राख्ने, द्रुत टोली परिचालन हुने । | बजेट तथा जनशक्तिको कमी। बालबालिका जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरुको लागि उपयुक्त आश्रय स्थल/ब्यबस्थापन नभएको। | स्थानीय तह |
| २४ देखि ४८ घण्टा भित्र | मानबीय सहयोगको अनुगमन र सुधार गर्न आबश्यक बिषयमा सुझाव संकलनको लागि टोली परिचालन गर्ने। | समन्वय गरी परिचालन | यातायात तथा सञ्चार खर्चको अभाव । | स्थानीय तह र अन्य सरोकारवालाहरु । |
| ४८ घण्टा देखि ७२ घण्टा भित्र | हिंसा दुव्र्यबहारबाट संरक्षणको लागि नियमित टोली वा ब्यक्ति परिचालन गर्ने । मनोसामाजिक परामर्शकर्ताहरु परिचालन गर्ने । हिंसामा परेका महिलाहरुलाई अल्पकालिन आश्रय र आबश्यकता अनुसार कानूनी सहायता प्रदान गर्ने । | Roster मा भएकाको परिचालन, बिपदको समयमा अप्रत्याशित सेवा दिनुपर्ने भएकाले आवश्यक, श्रोतसाधन र दक्ष जनशक्तिको विवरण संकलन अद्यावधिक गर्ने, आल्पकालिन आश्रम र OCMC बाट सहायता। | मनोपरामर्सकर्ताको व्यवस्था भएको नदेखिएको । | स्थानीय तह, सुरक्षा निकाय, जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, सरोकारवाला निकाय, जिल्ला महिला कानूनी सहायता समिति |
| ७२ घण्टा देखि ७ दिन भित्र | गर्भवती, सुत्केरी, बिरामी/अशक्त जेष्ठ नागरिक,अपांगता भएका ब्यक्तिहरु,अनाथ, असहायहरुलाई सहायताकोलागि आबश्यक | प्रभावितहरु सेल्टरमा बस्नुपर्ने अबधिभर दैनिक आलो पालो गरी खट्ने स्वमंसेवकहरु र | सामाग्री खरिदको लागि रकमको अभाव । दिनभर खटिने | स्थानीय तह, स्वास्थ्य कार्यालय र स्वयमसेवक राष्ट्रिय तथा |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य र परिचालन | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | समन्वयकारी भूमिका निर्बाह गर्न नियमित रुपमा स्वमंसेवक परिचालनको ब्यबस्था मिलाउने । अपाङ्गता सहायक सामग्री उपलब्ध गराउने। | सुरक्षाकर्मीहरुको ब्यबस्था गर्ने, सम्भावित संख्यामा प्रभावित हुन सक्ने अपांगता व्यक्तीहरुका लागी सहायक सामाग्रीहरु खरिद गरी राख्ने। | स्वयंसेवकहरुलाई चिया, खाजा सम्मको ब्यबस्था नहुनु । | अन्तराष्ट्रिय संस्थाहरु |
| ७ दिन देखि १५ दिनभित्र | प्रभावित बालबालिका तथा महिलाहरुलाई मनोसामाजिक सेवामा निरन्तरता | निरन्तरता | श्रोतको कमि | स्थानीय तह, स्वास्थ्य कार्यालय र राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु |
| १५ दिन देखि ३० दिन भित्र | बालमैत्री सुरक्षित स्थल निर्माण र उपयोग गर्ने । कानूनी तथा मनोसामाजिक सेवामा निरन्तरताका साथै बिशेष प्रकृतिका मुद्दाहरुलाई जिल्ला सेवा केन्द्र तथा सम्बन्धित निकायहरुमा पठाउने । अस्थाई आवासमा सम्भावित हिंसा बिरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने विपद्बाट प्रभावितहरुको अभिलेख राख्ने नियमित बैठकहरु र समिक्षा गर्ने । अनुगमन तथा प्रतिबेदन पठाउने। | निरन्तरता, सहयोगी सरोकारवालाको पहिचान र समन्वय गर्ने । सचेतनाको लागि आबश्यक पाठ्यसामाग्री, सहजकर्ता र कार्यक्षेत्र निर्धारण गर्ने । | बिशेष आयमुलक क्रियाकलापहरुमा स्थाई सदस्य बाहेककालाई कार्यक्रम नराखिने र प्रभाव क्षेत्र भन्दापनि आफ्नो क्षेत्रलाई प्राथमिकता दिने र समन्वयको कमी । | स्थानीय तह, स्वास्थ्य कार्यालय र राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु |

७.५ राहत वितरण व्यवस्था

विपद्पछि प्रभावित व्यक्ति तथा परिवारलाई आवश्यक खाद्यान्न, अस्थायी आवास सामग्री, लत्ताकपडा, खानेपानी, औषधि तथा अन्य अत्यावश्यक राहत सामग्री प्रचलित मापदण्डबमोजिम वितरण गरिनेछ। राहत वितरणलाई पारदर्शी, समन्वित तथा आवश्यकतामा आधारित बनाइनेछ। संवेदनशील तथा उच्च जोखिममा रहेका समूहलाई प्राथमिकता दिइनेछ। राहत वितरणको अभिलेखीकरण तथा अनुगमनसमेत गरिने व्यवस्था हुनेछ।

७.६ स्वास्थ्य, पोषण तथा WASH सेवा

विपद्को समयमा प्रभावित क्षेत्रमा आकस्मिक स्वास्थ्य सेवा, औषधि, एम्बुलेन्स सेवा तथा आवश्यक स्वास्थ्य जनशक्ति परिचालन गरिनेछ। सुरक्षित खानेपानी, सरसफाइ तथा व्यक्तिगत स्वच्छता (WASH) सम्बन्धी सेवा सुनिश्चित गरिनेछ। महामारीको जोखिम न्यूनीकरणका लागि निगरानी, जनचेतना तथा संक्रमण नियन्त्रणका उपाय अवलम्बन गरिनेछन्। स्वास्थ्य तथा WASH क्लस्टरबीच प्रभावकारी समन्वय कायम गरिनेछ।

७.७ सूचना तथा सञ्चार व्यवस्थापन

विपद्सम्बन्धी सूचना समयमै संकलन, विश्लेषण, प्रमाणीकरण तथा सम्बन्धित निकायमा सम्प्रेषण गरिनेछ। जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) मार्फत सूचना प्रवाह तथा प्रतिवेदन व्यवस्थापन गरिनेछ। सञ्चारका उपलब्ध सबै माध्यमको उपयोग गरी पूर्वसूचना तथा जनचेतनामूलक सूचना प्रवाह गरिनेछ। सही, विश्वसनीय र अद्यावधिक सूचना उपलब्ध गराई प्रभावकारी निर्णय प्रक्रियालाई सहयोग पुर्‍याइनेछ।

७.८ स्रोत साधन परिचालन

विपद्को प्रकृति र आवश्यकताअनुसार उपलब्ध जनशक्ति, उपकरण, राहत सामग्री, सवारीसाधन तथा आर्थिक स्रोतको समन्वित परिचालन गरिनेछ। सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारबीच सहकार्य गरी स्रोत—साधनको अधिकतम उपयोग गरिनेछ। आवश्यक सामग्रीको अभिलेख, वितरण तथा उपयोगको नियमित अनुगमन गरिनेछ। स्रोत—साधन परिचालनमा पारदर्शिता, उत्तरदायित्व तथा प्रभावकारितालाई प्राथमिकता दिइनेछ।

७.९ प्रतिकार्य समापन तथा संक्रमण व्यवस्थापन

विपद्बाट उत्पन्न आपत्कालीन अवस्था नियन्त्रणमा आएपछि सम्बन्धित निकायहरूको समन्वयमा प्रतिकार्य कार्य क्रमशः समापन गरिनेछ। प्रतिकार्य अवधिमा सम्पन्न कार्य, परिचालित स्रोत—साधन तथा उपलब्धिको समीक्षा गरिनेछ। सिकाइ भएका अनुभवहरू अभिलेखीकरण गरी भविष्यका योजनामा समावेश गरिनेछ। आवश्यकताअनुसार पुनःस्थापना तथा पुनर्निर्माणका कार्यक्रमतर्फ कार्य हस्तान्तरण गरिनेछ।

७.१० प्रतिकार्य कार्यप्रवाह

विपद्को सूचना प्राप्त भएदेखि प्रतिकार्य समापनसम्मका सम्पूर्ण कार्यहरू पूर्वनिर्धारित कार्यप्रवाहअनुसार सञ्चालन गरिनेछन्। सूचना प्राप्ति, प्रारम्भिक मूल्याङ्कन, खोज तथा उद्धार, राहत वितरण, स्वास्थ्य सेवा, समन्वय, प्रतिवेदन तथा अनुगमनका कार्य क्रमबद्ध रूपमा सम्पन्न गरिनेछ। प्रत्येक चरणमा सम्बन्धित निकायको भूमिका र जिम्मेवारी स्पष्ट रूपमा कार्यान्वयन गरिनेछ। यस कार्यप्रवाहले प्रतिकार्यलाई छिटो, व्यवस्थित, समन्वित र प्रभावकारी बनाउन सहयोग पुर्‍याउनेछ

१. घटना सूचना प्राप्त → २. DEOC/LEOC सक्रिय → ३. प्रारम्भिक मूल्याङ्कन → ४. खोज तथा उद्धार → ५. स्वास्थ्य तथा राहत → ६. सूचना अद्यावधिक → ७. विस्तृत क्षति मूल्याङ्कन → ८. पुनःस्थापनाको सुरुआत



## अध्याय ८: क्लस्टर प्रणाली तथा जिम्मेवारी

### ८.१ परिचय

विपद्को समयमा प्रभावकारी, समन्वयात्मक तथा समयमै मानवीय सहायता उपलब्ध गराउन सम्बन्धित निकायहरूबीच स्पष्ट कार्यविभाजन, प्रभावकारी समन्वय तथा उपलब्ध स्रोत–साधनको अधिकतम परिचालन आवश्यक हुन्छ। विपद्को प्रकृति, परिमाण तथा प्रभावका आधारमा विभिन्न सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय तह, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायको सक्रिय सहभागिता रहने भएकाले एकीकृत तथा व्यवस्थित प्रतिकार्य संयन्त्रको आवश्यकता पर्दछ। यस उद्देश्यका लागि क्लस्टर प्रणालीलाई विपद् व्यवस्थापनको प्रभावकारी समन्वयात्मक संरचनाका रूपमा अवलम्बन गरिएको छ।

नेपालको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, राष्ट्रिय विपद् प्रतिकार्य रूपरेखा, २०७६ तथा गृह मन्त्रालयद्वारा जारी *विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६)* ले विपद् प्रतिकार्यमा विषयगत क्लस्टर प्रणालीमार्फत कार्य सञ्चालन गर्ने व्यवस्था गरेका छन्। यस प्रणालीअन्तर्गत प्रत्येक विषयगत क्षेत्रका लागि नेतृत्व गर्ने निकाय तोकिनुका साथै सम्बन्धित सहयोगी निकायहरूको भूमिका र जिम्मेवारीसमेत स्पष्ट गरिएको हुन्छ। बर्दिया जिल्लामा बाढी, डुबान, आगलागी, चट्याङ, सर्पदंश, महामारीजन्य रोग तथा अन्य प्राकृतिक एवं मानव सिर्जित विपद्का कारण बहुआयामिक मानवीय आवश्यकता उत्पन्न हुने भएकाले विपद्को समयमा खोज तथा उद्धार, आपत्कालीन आश्रय, खाद्य सुरक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, शिक्षा, संरक्षण, पूर्वाधार पुनःसञ्चालन, सञ्चार, सुरक्षा तथा राहत व्यवस्थापन लगायतका क्षेत्रमा एकीकृत प्रतिकार्य आवश्यक पर्दछ। क्लस्टर प्रणालीले यी सबै विषयगत क्षेत्रबीच समन्वय, सूचना आदानप्रदान, स्रोत–साधनको प्रभावकारी परिचालन, दोहोरोपन न्यूनीकरण तथा सेवाको समान पहुँच सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

यस अध्यायमा जिल्लामा क्रियाशील विषयगत क्लस्टरहरूको संरचना, नेतृत्व तथा सह–नेतृत्व गर्ने निकाय, सदस्य संस्थाहरू, प्रमुख जिम्मेवारी, पूर्वतयारीका कार्य, विपद्को समयमा सञ्चालन गरिने प्रतिकार्य तथा क्लस्टरहरूबीचको समन्वय संयन्त्रको व्यवस्था समावेश गरिएको छ। यसबाट विपद्को अवस्थामा उपलब्ध स्रोत–साधनको प्रभावकारी परिचालन, उत्तरदायित्वको स्पष्टता तथा समन्वयात्मक र परिणाममुखी मानवीय प्रतिकार्य सुनिश्चित हुने अपेक्षा गरिएको छ।

### ८.२. समन्वय तथा सूचना व्यवस्थापन

अगुवाइ गर्ने निकाय : जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (**DEOC**)

मुख्य विपद्का प्रकार : बाढी/डुबान, जंगली जनावरको आक्रमण, आगलागी, चट्याङ, सर्पदंश, भूकम्प, हावाहुरी, शीतलहर, लू तथा महामारी।

विपद्को कुनै पनि घटना घट्नासाथ त्यसको तत्काल व्यवस्थापन गरी अवस्था सामान्य बनाउन सम्बन्धित निकाय तथा व्यक्तिहरूसँग प्रभावकारी समन्वय आवश्यक हुन्छ। विशेष गरी जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष

तथा खोज तथा उद्धार समितिका संयोजकका रूपमा प्रमुख जिल्ला अधिकारीले जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, स्थानीय तह, विषयगत कार्यालय तथा अन्य सरोकारवाला संघ—संस्थाहरूसँग समन्वय गरी विपद् भएको मिति, स्थान, प्रकृति तथा क्षतिको अवस्थाबारे जानकारी संकलन तथा आदानप्रदान गर्नुपर्ने हुन्छ। प्राप्त सूचनाका आधारमा विपद् व्यवस्थापन सम्बन्धी आवश्यक निर्णय गरी प्रतिकार्य कार्य प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

अनुमानित अवस्थाः

आर्थिक वर्ष २०८३/८४ (सन् २०२६/२७) मा करिब २०,००० घरपरिवार (करिब १,००,००० जनसंख्या) प्रभावित हुन सक्ने तथा तीमध्ये करिब ५,००० घरपरिवार पूर्ण रूपमा प्रभावित वा विस्थापित हुन सक्ने अनुमान गरिएको छ। विपद्का कारण निम्न प्रभावहरू पर्न सक्नेछन्।

- सार्वजनिक पूर्वाधार (भवन, सडक, पुल, विद्युत्, खानेपानी, सञ्चार आदि) मा क्षति।
- कृषि उत्पादन, पशुधन तथा व्यापार व्यवसायमा नोक्सानी।
- सामाजिक संरचना तथा आपसी सहयोग प्रणालीमा असर।
- अपराध तथा असुरक्षाको सम्भावना वृद्धि।
- आवास तथा व्यक्तिगत सम्पत्तिमा क्षति पुग्ने तथा बालबालिका, महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू बढी प्रभावित हुने।
- विद्यालय, प्रहरी चौकी, स्वास्थ्य संस्था लगायतका सार्वजनिक संरचनामा थप चाप पर्ने।
- अस्थायी आवासस्थलमा सामुदायिक स्वास्थ्य तथा सरसफाइका मापदण्ड पालना गर्न चुनौती उत्पन्न हुने।
- आवास सम्बन्धी सहयोग आवश्यक पर्ने विस्थापित परिवारको संख्या वृद्धि हुने।

विपद्को अनुमानित अवस्थाः

यस जिल्लामा हुने प्रमुख विपद्हरूबाट निम्नानुसार मानिस प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

सम्भावित प्रभावहरू

- ६ वटा नगरपालिका र २ वटा गाउँपालिकाका प्रभावित समुदायले सम्बन्धित स्थानीय तहसँग सम्पर्क तथा समन्वय विस्तार गर्नुपर्ने अवस्था आउन सक्छ।
- सूचना तथा सञ्चार प्रणाली अवरुद्ध वा क्षतिग्रस्त भई सूचना आदानप्रदानमा कठिनाइ हुन सक्छ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा समस्या उत्पन्न हुन सक्छ।
- कर्णाली नदीको कैलाशपुरी तथा बबई नदीअन्तर्गत भारतको सीमामा रहेको गोपिया ब्यारेजका ढोका (गेट) का कारण पानीको बहाव अवरुद्ध भई नेपालतर्फको भूभाग तथा बस्ती डुबानमा पर्न सक्छ।
- भवन, पुल, कल्भर्ट, सडक, विद्युत् प्रसारण लाइन लगायतका भौतिक पूर्वाधारमा क्षति हुन सक्छ।
- आगलागी तथा जंगली जनावरको आक्रमणका कारण घरगोठ, धनमाल तथा मानवीय क्षति हुन सक्छ।
- सूचना तथा तथ्याङ्क सङ्कलनका लागि दक्ष जनशक्तिको अभाव हुन सक्छ।
- महामारीजन्य तथा सरुवा रोग फैलिन सक्ने सम्भावना रहन्छ।
- कृषि बालीमा रोग तथा किराको प्रकोप बढ्न सक्छ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिहरू उच्च जोखिममा पर्न सक्छन्।

विषयगत उद्देश्य

सूचना सङ्कलन तथा व्यवस्थापनका लागि विपद् लेखाजोखा मार्गदर्शनअनुसारको ढाँचा सहितको प्रभावकारी संयन्त्र स्थापना गर्ने, सूचना प्रवाहका वैकल्पिक उपायहरू पहिचान गर्ने तथा प्राप्त सूचनाको विश्लेषण गरी सम्बन्धित निकायहरूलाई उपलब्ध गराई प्रभावकारी प्रतिकार्य प्रणाली सुनिश्चित गर्ने।

- सूचना सङ्कलन तथा व्यवस्थापनका लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्ने।
- विपद्को जोखिम सम्बन्धी पूर्वसूचना समुदायसम्म समयमै प्रवाह गर्ने।
- सम्पूर्ण विषयगत क्षेत्रहरूसँग सम्पर्क, समन्वय तथा परिचालन गर्ने।
- प्राप्त सूचनाहरू सङ्कलन, विश्लेषण तथा प्रमाणीकरण गरी जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सम्प्रेषण गर्ने।
- मनसुन अवधिमा माथिल्लो तटीय क्षेत्र, छिमेकी जिल्ला तथा भारतीय समकक्षी निकायहरूसँग निरन्तर सम्पर्कमा रही डुबान, कटान तथा सम्भावित क्षतिबारे सूचना आदानप्रदान गर्ने तथा आवश्यक पहल गर्ने।
- संघ, प्रदेश, जिल्ला, स्थानीय तह तथा समुदायस्तरसम्म प्रभावकारी समन्वय कायम गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यमा जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) लाई प्रमुख समन्वयकारी भूमिकामा परिचालन गर्ने तथा विपद्सम्बन्धी सूचना व्यवस्थापनमा एकद्वार प्रणालीको अवलम्बन गर्ने।
- संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित सम्पूर्ण समन्वय कार्य गर्ने।
- तीन दिने मनसुन पूर्वानुमानमा आधारित कार्यविधिअनुसार आवश्यक कार्य गर्ने।

रणनीति

- समुदायमा हुन सक्ने सम्भावित विपद्सम्बन्धी सूचना सम्बन्धित निकायहरूबाट नियमित रूपमा प्राप्त गरी विश्लेषण गर्ने।
- विभिन्न निकायका सूचना अधिकारी तथा समुदायस्तरका सूचना सम्पर्क व्यक्ति/समूहमार्फत स्थानीय तह, स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, सञ्चारमाध्यम तथा स्थानीय संघसंस्थासँग समन्वय गरी जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) मार्फत सम्भावित प्रभावित क्षेत्र तथा सम्बन्धित निकायहरूमा सूचना प्रवाह गर्ने।
- सम्भावित प्रकोप हुन सक्ने अवधिभर तथा विपद्को समयमा एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अन्य सञ्चार माध्यमबाट सूचना प्रसारण तथा प्रकाशन गर्ने।
- विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सरकारी तथा गैरसरकारी निकायहरूलाई सक्रिय रूपमा परिचालन गर्ने।

पूर्वानुमानमा आधारित गतिविधिहरू

- जल तथा मौसम विज्ञान विभागबाट प्रकाशित पूर्वानुमान तथा सूचनाका आधारमा आवश्यक तयारी गर्ने।
- सरोकारवाला निकायबाट प्राप्त सूचना तथा चेतावनीका आधारमा आवश्यक प्रतिकार्य गर्ने।

तालिका नं. १८ विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ०- घण्टा | तत्काल सरोकारवाला सम्पर्क व्यक्तिहरुसँग सूचना लिने ।कर्णाली र बबईको जल मापन केन्द्रका गेज रिडरहरु संग निरन्तर सम्पर्क गरी बाढीको सूचना सङ्कलन गर्ने ।कर्णाली वेसिन कार्यालय नेपालगञ्जसँग निरन्तर मौसमी विवरण लिने ।सम्भाव्य प्रभावित समुदायहरुलाई विपद्को सूचना एफ.एम. रेडियो र टेलिफोन मार्फत आवश्यकताको आधारमा प्रवाह गर्ने ।न.पा./गापा. तथा समुदाय स्तरका विपद् व्यवस्थापन समितिसँग समन्वय गरी नियमित सूचना आदान-प्रदान गर्ने ।बिषयगत क्षेत्रहरुलाई तत्काल सूचना सम्प्रेषण गर्ने । जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र NEOC मा प्रतिवेदन गर्ने ।उद्धार कार्यको लागि थप जनशक्ति र श्रोत साधन का लागि PEOC र NEOC मा तुरुन्त सम्पर्क गर्ने ।अन्तर जिल्ला समन्वय गर्ने ।पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधि अनुसार तयारी गर्ने । | स्थानीय तहमा रहेको सरोकारवाला निकायको सम्रपक व्यक्तिको टेलिफोन नम्बर अद्यावधिक गर्ने ।जलमापन केन्द्रहरुको सम्पर्क व्यक्तिहरुसंग सम्रपक गर्ने ।जल तथा वर्षा मापन केन्द्रमा रहेको उपकरण र जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल रुममा रहेको विद्युतीय डिस्प्ले बोर्डको अवस्था वारे जानकारी लिने ।कर्णाली वेसीन कार्यालयबाट मौसम पुर्वानुमानको आंकलन गरिरहने ।सम्बन्धित सरोकारवाला निकायका सूचना अधिकारी मार्फत बाढी प्रभावित समुदायहरुलाई सूचना प्रवाहित गर्ने। समुदायहरुलाई उपयूक्त सूचनाको माध्यम मार्फत विपद्को बारेमा जानकारी गराउने।पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधि अनुसार विषयगत क्षेत्रको वैठक वस्ने । | बाटो कल्भर्टहरु क्षति हुन सक्ने ।प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने । अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने । पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधि अद्यावधिक गर्ने । | DEOC, जिल्ला विपद् व्यवस्थापन समिति. जि.स.स.,गाँउपालिका, नगर पालिका, स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला प्रहरी कार्यालय, कर्णाली वेसीन कार्यालय, ने.रे.सो. बर्दिया, स्थानीय एफएम रेडीयोहरु विश्व खाद्य कार्यक्रम आदि । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १-७ घण्टा | घाईतेहरुको विवरण लिई महामारी को संक्रमणलाई मध्यनजर गरी उपचारको व्यवस्था मिलाउने ।जल मापन केन्द्रहरुमा नियमित सम्पर्क गर्ने र सूचना सम्प्रेषण गर्ने ।बिषयगत क्षेत्रको बैठक गरी आ-आफ्ना केन्द्रिय निकायमा सूचना प्रवाह गर्ने र गर्न लगाउने ।जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयको NEOC, NDRRMA, PEOC मा निरन्तर जानकारी गराउने।निरन्तर मौसमी सम्बन्धि सूचना लिने।विपद् सम्बन्धी सूचना प्रवाह गर्ने । | ०—१ घण्टा भित्र गरिने सवै गतिविधिहरुलाई निरन्तरता दिने। घाईतेहरुको उपचारका लागि सम्बन्धीत निकायसंग समन्वय गर्ने । | बाटो कल्भर्टहरुमा क्षति हुनसक्ने । प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने । अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने । | DEOC, जिल्ला प्रशासन कार्यालय, जि.स.स., जिल्ला प्रहरी कार्यालय, कर्णाली वेसिन कार्यालय । |
| ७-२४ घण्टा | घाईतेहरुको विवरण अध्यावधिक गर्ने र उपचारको क्रमलाई निरन्तरता दिने।उद्धार गरिएका व्यक्तिहरुको लगत तयार गर्ने।अन्य विषयगत क्षेत्रका क्रियाकलापमा समन्वय र सहयोग गर्ने।प्रतिवेदन सम्बन्धित निकायमा पठाउने मोवाइल मार्फत IRA तथ्याक सकंलन गर्ने ।ACT परिचालनको लागि गृह मन्त्रालयमा पत्राचार गर्ने | प्रभावित व्यक्तिहरुलाई उपचारको लागि शिविर व्यवस्थापन गर्ने। उद्धार गरिएको व्यक्ति (घाईते र विस्थापित) हरुको लगत तयार गरी सम्बन्धित निकायमा पठाउने।रेडक्रस, नेपाल प्रहरी र स्थानीय तहका कर्मचारीको सहभागितामा प्राप्त गर्ने । | समन्वय र सहयोगमा ढिलो भएमा प्राथमिक उपचार शिविर सञ्चालनमा ढिलाई हुने । मोवाइलवाट तथ्याक संकलन गर्ने दक्ष जनशक्तिको अभाव । | DDMC, DEOC, स्वास्थ्य कार्यालय, LDMC र अन्य सरकारी तथा गैरसरकारी संस्था, समुदाय । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| २४-४८ घण्टा | विपद्बाट प्रभावितहरुको लगत तयार गर्ने महामारीलाई मध्यनजर गरी अस्थायी शिविर व्यवस्थापन गर्ने ।मृत जनावार (घरपालुवा चौपाया) को दुर्गन्ध व्यवस्थापन गर्ने ।अस्थायी शिविर सुरक्षाको व्यवस्थापन गर्ने। | तयार गरिएको लगतका आधारमा राहत वितरणका लागि विषयगत क्षेत्र परीचालन गर्ने ।<br>अस्थायी शिविरमा सुरक्षा व्यवस्था गर्ने । | | DEOC,जि.प्रशा.का., जि.स.स., जि.प्र.का. । |
| ४८-७२ घण्टा | खोज तथा उद्धार कार्यको समन्वय र सूचनालाई निरन्तरता दिने । दुर्गन्ध व्यवस्थापन गर्ने । व्यक्तिगत क्षति भएको सम्पतिको विवरण संकलन गर्ने। | व्यक्तिग क्षति भएका विवरणलाई सम्प्रेषण गरी सम्बन्धित निकायमा पठाउने । | समयमै व्यवस्थापन गर्न नसक्दा दुर्गन्ध फैलन सक्ने ।<br>दक्ष जनशक्ति नभएर गलत तथ्यांक आउन सक्ने । | DEOC ,DDMC, सुरक्षा निकाय र LDMC |
| ७२ घण्टा देखि ७ दिन | प्रभावित तथा क्षतिको तथ्यांक अध्यावधिक गर्ने ।शिविर व्यवस्थापनमा सहयोग गर्ने ।स्वास्थ्य शिविर सञ्चालनमा समन्वयात्मक भूमिका निर्वाह गर्ने । | सुरक्षा निकायमा समन्वय गर्ने ।<br>स्वास्थ्य विषयगत क्षेत्र परिचालन गर्ने । | समन्वय र तथ्यांक व्यवस्थापन समयमै हुन नसकेमा थप जोखिम बढ्न सक्ने । | DDMC, LDMC, सुरक्षा निकाय, समुदाय, स्वास्थ्य विषयगत क्षेत्र |
| एक साता देखि १ महिना भित्र | समन्वय र सुचना व्यवस्थापन ।<br>सबै बिषयगत क्षेत्रसंग निरन्तर समन्वय गर्ने | DDMC को बैठक बस्ने ।<br>सुरक्षा समितिको बैठक बस्ने । | अवस्था सामान्यतिर लैजाने | DDMC, सुरक्षा समिति, LDMC, समुदाय |

## ८.३ खोज तथा उद्धार क्लष्टर

अगुवाइ गर्ने निकाय : जिल्ला प्रशासन कार्यालय / जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (**DEOC**)

मुख्य विपद्का प्रकार : बाढी, भूकम्प, सर्पदंश, जंगली जनावरको आक्रमण तथा आगलागी।

खोजः कुनै पनि प्राकृतिक वा मानव सिर्जित विपद् भएको अवस्थामा गरिने पहिलो कार्य खोज (Search) हो। बाढी, आगलागी, भूकम्प लगायतका विपद्हरूले मानव जीवनलाई सामान्य अवस्थाबाट असामान्य अवस्थामा पुऱ्याउँछन्। यस्तो अवस्थामा घटनास्थलमा उद्धारकर्मीहरूले आवश्यक उद्धार सामग्रीसहित मानिस, पशु तथा सम्पत्तिको खोजी गरी सुरक्षित बनाउन प्रारम्भिक कार्य सञ्चालन गर्दछन्।

उद्धारः प्राकृतिक वा मानव सिर्जित विपद्का कारण जोखिममा परेका व्यक्ति, धनसम्पत्ति तथा पशुचौपायालाई खोजी गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई उद्धार भनिन्छ। उद्धार कार्यका क्रममा ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, घाइते तथा बिरामीलाई प्राथमिकताका साथ उद्धार गरिनेछ। उद्धारसँगै प्राथमिक उपचार, सुरक्षा तथा खाद्य व्यवस्थापनको कार्य पनि समानान्तर रूपमा सञ्चालन गरिनेछ। प्रभावित व्यक्तिहरूको पुनःस्थापना नभएसम्म उद्धार तथा सहयोगका कार्यहरू निरन्तर जारी रहनेछन्।

सम्भावित अवस्था

- बाढीबाट प्रभावित २०,००० परिवारमध्ये करिब १५,००० तथा भूकम्पबाट प्रभावित ५,००० परिवारमध्ये करिब ३,००० परिवारलाई तत्काल उद्धार गर्नुपर्ने अवस्था आउन सक्छ।
- घर, सडक, पुल, कल्भर्ट लगायतका भौतिक संरचनामा क्षति पुग्न सक्ने तथा यातायात अवरुद्ध हुन सक्ने।
- मानिस बेपत्ता हुने, पुरिने, बग्ने, नदीबीच फस्ने, घाइते हुने तथा मानवीय क्षति हुन सक्ने।
- ६ नगरपालिका तथा २ गाउँपालिकाका जोखिमयुक्त क्षेत्रमा डुबान, कटान तथा पटान हुन सक्ने।
- शहरी क्षेत्रमा भूकम्पीय जोखिम बढी हुन सक्ने।
- सूचना तथा सञ्चार सम्पर्क विच्छेद भई समन्वयमा कठिनाइ हुन सक्ने।
- आवास तथा व्यक्तिगत सम्पत्तिमा क्षति पुग्ने तथा बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू बढी प्रभावित हुन सक्ने।
- विद्यालय, प्रहरी चौकी तथा स्वास्थ्य संस्थामा अतिरिक्त चाप पर्न सक्ने।
- अस्थायी आवासस्थलमा चोरी, लुटपाट, लैङ्गिक हिंसा तथा मानव बेचबिखनका घटना हुन सक्ने।

विषयगत उद्देश्य

- प्रभावित व्यक्तिको जीवन तत्काल सुरक्षित गर्नु।
- सम्भावित मानवीय तथा भौतिक क्षति न्यून गर्नु।
- सुरक्षित स्थानको पहिचान तथा व्यवस्थापन गर्नु।
- सुरक्षा मापदण्डको पालना गर्दै प्रभावित समुदायलाई सुरक्षित आश्रयस्थलमा स्थानान्तरण गर्नु।
- विपद्का समयमा खोज तथा उद्धारका लागि आवश्यक सामग्री तथा उपकरणको व्यवस्था गर्नु।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा असहाय व्यक्तिलाई खोज तथा उद्धारमा प्राथमिकता दिनु।

रणनीति

- सुरक्षा मापदण्डको पालना गर्दै सुरक्षा निकायको समन्वयमा तालिम प्राप्त स्वयंसेवक तथा समुदायस्तरका जनशक्ति परिचालन गर्ने।
- नियमित समन्वय बैठक तथा प्रतिवेदन प्रणाली प्रभावकारी बनाउने।
- उद्धार सामग्रीको थप आपूर्तिका लागि सम्बन्धित निकायसँग समन्वय गरी व्यवस्था गर्ने।
- जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (**DEOC**) मार्फत सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरी खोज तथा उद्धारका लागि आवश्यक सवारी साधन तथा अन्य उपकरणको व्यवस्था गर्ने।

तालिका नं. २० : विपद्को अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि १ घण्टा | सुचना प्राप्त गर्न साथ आपत्कालीन बैठक बस्ने । प्रभावित क्षेत्रको पहिचान र प्राथमिकता निर्धारण गर्ने ।खोज तथा उद्धार टोलीको परिचालन र खोज तथा उद्धार कार्यको थालनी । खोज तथा उद्धार कार्य सञ्चालन गर्दा महामारी को सुरक्षा मापदण्ड अवलम्वन गर्ने स्वयम् सेवकहरु परिचालन गर्ने ।प्राथमिक उपचारक टोली परिचालन गर्ने ।DDMCका सदस्यलाई जानकारी दिने । | सम्वद्ध व्यक्तिहरुको सम्पर्क नम्बर राख्ने ।खोज तथा उद्धार टोलीको लागि आवश्यक वन्दो वस्तीको सामग्रीहरू तयारी गर्ने ।खोज तथा उद्धार टोली, प्राथमिक उपचार टोली तथा स्वयंसेवक तयारी अवस्थामा राख्ने ।रेकर्ड तयारी गर्ने । स्वयंसेवकहरुलाई अभिमुखिकरण गर्ने । | उद्धार सामग्रीको कमी हुन सक्ने।जोखिम क्षेत्रमा रहेका सुरक्षा निकायका पोष्टरुमा थप उद्धार सामाग्रीको व्यवस्था गर्नु पर्ने । | स्थानीय तह, जिल्ला स्थित सुरक्षा निकायहरु, DEOC , प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय र नेपाल रेडक्रस सोसाइटी, विभिन्न संघसंस्था |
| १ देखि ७ घण्टा | खोज तथा उद्धारका कार्य जारी राख्ने । आवश्यकता अनुसार मोटरबोट, हेलिकप्टर, रवर बोट आदिको प्रयोग गरी खोज तथा उद्धार गर्ने । | ०—१ घण्टामा गरिने कार्यलाई निरन्तरता दिने। खोज तथा उद्धारका गर्न हेलिकप्टर तयारी अवस्थामा राख्न समन्वय गर्ने । | हेलीकप्टर तयारी अवस्थामा राख्नका लागि कठीनाई हुन सक्ने । | जिल्ला स्थित सुरक्षा निकायहरु, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय र DEOC, स्थानीय निकाय |
| ७ देखि २४ घण्टा | जोखिममा रहेकालाई स्थानान्तरण गर्ने । घाईतेहरुलाई प्राथमिक उपचार गर्ने । प्राथमिक उपचार गरी थप उपचारका लागि अस्पताल पठाउने । प्राथमिक उपचार गर्दा महामारी को मापदण्ड अवलम्वन गर्ने ।घटना | सम्वद्ध व्यक्तिहरुसंग सम्पर्क गरि रहने । स्वयंसेवकहरुलाई परिचालनमा निरन्तरता । प्राथमिक उपचारको टोली परिचालनमा निरन्तरता । सुरक्षा निकाय र तालिम प्राप्त स्वयम् सेवकहरुलाई | जोखिममा रहेकाहरुले घर छोड्न तत्परता नदेखाउन सक्ने । | गृह मन्त्रालय नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश विपद् व्यवस्थापन समिति, रेडक्रस सोसाइटी आदि । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | मुचुल्का तयार गर्ने, मृत अवस्थामा फेला परेमा पोष्टमार्टमको लागि अस्पताल पठाउने । खोजी तथा उद्धार कार्यको निरन्तरता दिने । | तयारी अवस्थामा राख्ने ।रेकर्ड तयारी गर्ने । | | |
| २४ देखि ४८ घण्टा | खोज तलासको क्रममा भेटिएका व्यक्ति तथा सम्पत्तिहरु सम्बन्धित परिवारहरुलाई जिम्मा लगाउने ।घटनाको द्रुत लेखाजोखालाई निरन्तरता दिने । थप भेटिएका घाईतेहरुलाई प्राथमिक उपचार गर्ने ।प्राथमिक उपचार गरी थप उपचारको लागि अस्पताल पठाउने ।बेपत्ता व्यक्ति, व्यक्तिगत सम्पति, पशु चौपाय खोजी दुर्गन्ध व्यवस्थापन गर्ने ।घटनाको बारेमा DDMC मा प्रतिवेदन दिने । | सम्वद्ध व्यक्तिहरुसंग सम्पर्क गरी रहने । खोजि तथा उद्धार कार्यलाई निरन्तरता प्रदान गर्ने । शिविर व्यवस्थापन गर्ने । स्वयंसेवक परिचालनमा निरन्तरता । प्राथमिक उपचारको टोली परिचालनमा तयारी अवस्थामा राख्ने । सुरक्षा निकाय र तालिम प्राप्त स्वयम् सेवकहरुलाई तयारी अवस्थामा राख्ने। रेकर्ड तयारी गर्ने । | सञ्चार सम्पर्क बिच्छेद हुनसक्ने । | गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल, प्रदेश विपद् व्यवस्थापन समिति, स्थानीय विपद् तथा वडा विपद् व्यवस्थापन समिति, रेडक्रस सोसाइटी आदि । |

मानवीय सहयोगका मापदण्ड

- विपद् भएको तुरुन्तै आवश्यक उपकरणसहित खोज तथा उद्धार टोली परिचालन गर्ने।
- समन्वय बैठक तथा प्रतिवेदन प्रणाली सक्रिय राख्ने।
- सबैभन्दा जोखिममा रहेका तथा सेवा सुविधाबाट वञ्चित समूहको उद्धार तथा सहयोग कार्यलाई प्राथमिकता दिने।
- आवश्यकताअनुसार प्रारम्भिक क्षति मूल्याङ्कन (IRA) तथा विस्तृत घरधुरी सर्वेक्षण टोली परिचालन गर्ने।
- पहिलो हप्तासम्म दैनिक प्रतिवेदन तथा त्यसपछिका अवधिमा कम्तीमा प्रत्येक दुई हप्तामा प्रतिवेदन पेश गर्ने।

- शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM) को नियमित अनुगमन तथा प्रतिवेदन गर्ने।
- विपद् भएको २४ घण्टाभित्र सञ्चार माध्यममार्फत आधिकारिक सूचना सार्वजनिक गर्ने।
- मानवीय सहायता वितरणलाई पारदर्शी, समन्वित तथा सामाजिक रूपमा स्वीकार्य बनाउने।
- स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय गरी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली प्रभावकारी बनाउने।

**तालिका नं. २१ कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १ | जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान गर्ने। | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति तथा सम्बन्धित गाउँपालिका/नगरपालिका | घरधुरी सर्वेक्षण, जिल्ला समन्वय समिति तथा स्थानीय तहको पाश्र्वचित्र | नियमित |
| २ | क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसँग समन्वय बैठक गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय, **डी.ई.ओ.सी. (DEOC)** आदि | बैठक | आवश्यकता अनुसार |
| ३ | विपद् व्यवस्थापन कार्यसँग सम्बन्धित कृत्रिम घटना अभ्यास गर्ने। | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, जिल्ला विपद् व्यवस्थापन समिति | तालिम तथा कृत्रिम घटना अभ्यास | नियमित |
| ४ | उद्धार सामग्रीहरूको संकलन गर्ने। | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल | समन्वय | नियमित |
| ५ | सुरक्षा निकायका इकाईहरू तथा समुदायस्तरका तालिमप्राप्त स्वयंसेवकहरूको सम्पर्क सूची तयार गर्ने। | जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह आदि | फोन, इमेल तथा अभिलेख संकलन | निरन्तर |
| ६ | समुदायस्तरमा रहेका उद्धार टोलीलाई अभिमुखीकरण गर्ने। | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय आदि | अभिमुखीकरण | आवश्यकता अनुसार |
| ७ | खोज तथा उद्धार टोलीलाई पौडी सम्बन्धी | **डी.ई.ओ.सी. (DEOC)**, सुरक्षा निकाय | तालिम | आवश्यकता |

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| | व्यवहारिक अभ्यास (Simulation) गर्ने। | | | अनुसार तथा निरन्तर |
| ८ | मौजुदा सामग्रीहरूको जाँच तथा परीक्षण गर्ने। | **एन.ई.ओ.सी. (NEOC), डी.ई.ओ.सी. (DEOC),** सुरक्षा निकाय तथा स्थानीय समुदाय | अनुगमन तथा पूर्वअभ्यास | नियमित |
| ९ | आवश्यकता अनुसार सामग्रीहरूको पुग/नपुग आँकलन गर्ने। | **डी.ई.ओ.सी. (DEOC),** सुरक्षा निकाय तथा खोज तथा उद्धार विषयगत क्षेत्र | संकलन, ढुवानी तथा आवश्यकता पहिचान | आवश्यकता अनुसार |

८.४ गैरखाद्य सामाग्री तथा शिविर व्यवस्थापन

**अगुवाइ गर्ने निकाय :** शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ, नेपालगञ्ज

**मुख्य विपद्का प्रकार :** बाढी, जंगली जनावरको आक्रमण, आगलागी, महामारी तथा भूकम्प।

विपद्का कारण विस्थापित भएका व्यक्ति, परिवार तथा समुदायलाई अवस्था सामान्य भई आफ्नै घर फर्कन सक्ने अवस्था नआउँदासम्म सुरक्षित आपत्कालीन आश्रयस्थलमा राख्नुपर्ने हुन्छ। सामान्यतया विद्यालय, सामुदायिक भवन, मन्दिर, स्थानीय तहका भवन, सरकारी भवन तथा सार्वजनिक खुला स्थानलाई आपत्कालीन आश्रयस्थलका रूपमा प्रयोग गरिनेछ। आवश्यकता अनुसार मापदण्डअनुसार अस्थायी शिविर स्थापना गरी बसोबासको व्यवस्था गरिनेछ।

गैरखाद्य सामग्री तथा शिविर व्यवस्थापन अन्तर्गत विस्थापित परिवारलाई दैनिक जीवनयापनका लागि भाँडाकुँडा, ओढ्ने—ओछ्याउने सामग्री, लत्ताकपडा, खाना पकाउने सामग्री, इन्धन तथा आवश्यकता अनुसार नगद सहायता उपलब्ध गराइनेछ।

अनुमानित अवस्था

- बाढीका कारण पूर्ण रूपमा प्रभावित हुन सक्ने करिब ५,००० परिवार का लागि अस्थायी शिविर व्यवस्थापन गर्नुपर्ने।
- भूकम्पका कारण पूर्ण रूपमा प्रभावित हुन सक्ने करिब २,००० परिवार का लागि अस्थायी शिविर व्यवस्थापन गर्नुपर्ने।
- आगलागीबाट वार्षिक रूपमा पूर्ण क्षति हुन सक्ने करिब २०० परिवार का लागि अस्थायी शिविर व्यवस्थापन गर्नुपर्ने।
- सम्भावित असरहरू:
- व्यक्तिगत, सार्वजनिक तथा सामुदायिक भवनमा क्षति वा पूर्ण नष्ट हुन सक्ने।

- भीडभाडका कारण महामारीको संक्रमण फैलिन सक्ने।
- विस्थापित परिवार खुला स्थानमा बस्न बाध्य हुन सक्ने।
- यातायात अवरुद्ध भई राहत सामग्री ढुवानीमा कठिनाइ हुन सक्ने।
- सुरक्षित आश्रयस्थल तथा गैरखाद्य सामग्रीको अभाव हुन सक्ने।
- अपाङ्गता भएका व्यक्ति, बालबालिका, विशेष अवस्थाका महिला तथा ज्येष्ठ नागरिकलाई दैनिक जीवनयापनमा थप कठिनाइ हुन सक्ने।
- विद्यालयहरू बन्द वा क्षतिग्रस्त हुन सक्ने।
- विद्यालय, प्रहरी चौकी, स्वास्थ्य संस्था तथा सार्वजनिक भवनमा विस्थापित परिवारको चाप बढ्न सक्ने।

विषयगत उद्देश्य

- तत्काल त्रिपाल, कम्बल, म्याट्रेस, डोरी लगायतका गैरखाद्य सामग्रीको व्यवस्था गर्ने।
- सुरक्षित आश्रयस्थल पहिचान गरी आवश्यक सामाजिक दूरी तथा न्यूनतम मापदण्डअनुसार अस्थायी शिविर स्थापना गर्ने।
- घरबारविहीन भएका परिवारका लागि दीर्घकालीन आवास व्यवस्थापनको पहल गर्ने।

रणनीति

- स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी स्थानीय तह तथा सरोकारवालासँग समन्वयमा आकस्मिक शिविर व्यवस्थापन गर्ने।
- प्रभावित परिवारलाई समयमै राहत तथा अस्थायी आवास उपलब्ध गराउने।
- आवश्यकताका आधारमा गैरखाद्य सामग्री, नगद सहायता वा भौचर प्रणालीमार्फत सहयोग उपलब्ध गराउने।
- विपद्पश्चात बजारको अवस्था विश्लेषण गरी बजारमा आधारित नगद सहायता कार्यक्रम सञ्चालन गर्ने।

मानवीय सहयोग सम्बन्धी मापदण्ड

- **Sphere Standards** अनुसार प्रति व्यक्ति कम्तीमा ३.५ वर्गमिटर छानाभित्रको बसोबास क्षेत्र तथा शिविर व्यवस्थापनका लागि आवश्यक खुला क्षेत्र उपलब्ध गराइनेछ।
- औसत ५ सदस्यीय परिवारलाई कम्तीमा १० मिटर डोरीसहित प्लास्टिक सिट तथा आवश्यक गैरखाद्य सामग्री उपलब्ध गराइनेछ।
- केन्द्रीय आवास विषयगत क्षेत्रले निर्धारण गरेको राहत मापदण्डलाई स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ।
- प्रत्येक प्रभावित परिवारलाई नेपाल रेडक्रस सोसाइटीको मापदण्ड वा उपलब्ध स्रोतका आधारमा गैरखाद्य सामग्री उपलब्ध गराइनेछ।

➢ विस्तृत क्षति मूल्याङ्कनपछि आवश्यकताअनुसार नगद, भौचर वा जिन्सी सहायता उपलब्ध गराइनेछ।

**तालिका नं. २३ विपद्को् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा | समन्वय गर्ने र क्लष्टर सदस्यलाई गैह्र खाद्य क्षेत्रको बैठकको सुचना दिने । सञ्जाल भित्रबाट सुचना संकलन (टेलिफोन मार्फत) | गैर खाद्य क्षेत्रको सदस्यहरुको सम्पर्क नम्बर राख्ने । रेडक्रस सञ्जाल र सरोकारवाला निकाय भित्रका सदस्यहरुको सम्पर्क नम्बर संकलन र अद्यावधिक गर्ने । | टेलिफोनको सम्पर्क विच्छेद अवस्था हुन सक्ने । | शहरी बिकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज, प्रहरी, DEOC, नपा/गापा, रेडक्रस । | DDMC, LDMC DCC, DUDBC, रेडक्रस, लगायतका संस्थाहरु । |
| १ देखि ७ घण्टा | गैर खाद्य क्षेत्रको बैठक बस्ने र गैर खाद्य सामग्रीहरुको लेखाजोखा गर्ने । | आवश्यक सामग्री उपलब्धताको लागि बजार सर्वेक्षण गर्ने । | तालीम प्राप्त जनशक्तिको अभाव । परिचालनमा कठीनाइ । प्रभावित स्थान सम्मको पहुँचमा अवरोध । | शहरी बिकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज, प्रहरी, DEOC, नपा/गापा, रेडक्रस | |
| ७ देखि २४ घण्टा | तत्काल आवश्यकताको आधारमा त्रिपाल तथा गैर खाद्य सामाग्री वितरण गर्ने । | ५००० वटा त्रिपाल, डोरी, जुट कार्पेट र नाइलन गुन्द्री तयारी अवस्थामा राख्ने । | ४८०० वटा त्रिपालको लागि आर्थिक अभाव । | DDMC, रेडक्रस, सुरक्षा निकाय, राजनैतिक दलहरु, स्थानीय विपद् व्यवस्थापन समिति । | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| २४ देखि ७२ घण्टा | शिविरमा बसेका प्रभावित परिवारहरुलाई गैर खाद्य सामग्री वितरण वालवालिका, विशेष परिस्थितिका महिला, अपागंताका लागि संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्ने | ५००० गैर खाद्य सामग्री तयारी अवस्थामा राख्ने । १०० वटा टेन्ट तयारी अवस्थामा राख्ने । | ४६०० गैह्रखाद्य सामग्री अभाव । १०० टेन्टको अभाव । | DDMC, रेडक्रस, सुरक्षा निकाय, राजनैतिक दलहरु, स्थानीय विपद् व्यवस्थापन समिति | |
| एक हप्ता भित्र | DDMC बाट निर्णय गराई Detailed Assess-ment Form प्रयोग गरी घरधुरी तहको सर्वेक्षण गर्ने ।अन्य विषयगत क्षेत्रसग समन्वय गरी अगाडी वढ्ने। बजारको संभाव्यता अध्ययन गर्ने । | रेडक्रस संजाल, तालिम प्राप्त जनशक्ति क्लष्टरका सदस्यहरुलाई MIRA सम्वन्धी तालिम दिने ।१५००० प्रति विस्तृत सेंक्ष-ण फारमहरु छपाई गर्ने ।बजार संभाव्यता बिश्लेषणका लागि क्षमता भएका आवास सदस्यहरुसँग छलफल तथा समन्वय गर्ने | अभिमुखिकरण खर्च र छपाईका लागि आर्थिक श्रोतको अभाव । | DDMC,LDMC रेडक्रस, विभिन्न सघसंस्था, | |
| १ महिना सम्म | आवास व्यवस्थापन गर्ने। वासस्थानहिन परिवारलाई सुरक्षित वासस्थान निर्माण शुरु गर्ने ।आवासका थप आवश्यकता परिपूर्ति गर्न निर्शत नगद सहयोगका गतिविधि संचालन गर्ने । | ५००० गैर खाद्य सामग्री तयारी अवस्थामा राख्ने ।५००० वटा अस्थायी आवासका लागि सामग्री तयारी अवस्थामा राख्ने ।कामका लागि नगद यो कार्यक्रम आजभोली छ,छैन यकिन गर्न कार्यक्रम मार्फत जम्मा भएको भग्नावशेष हटाउने र निशर्त नगद वितरणका कार्यक्रम संचालन गर्ने । | ४६०० गैह्र खाद्य सामग्री अभाव । | DDMC/DEOC, DCC, DUDBC, नापी, भुमिसुधार तथा मालपोत कार्यालय डिभिजन वन कार्यालय, नपा/गाँपा,नेपाल रेडक्रस, आदि । | DDMC/DEOC, DCC, DUDBC, नापी, वन कार्यालय, नपा/गाँपा,नेपाल रेडक्रस, आदि । |

**तालिका नं. २४ गैर खाद्य सामाग्री र शिविर व्यवस्थापन**

| क्र.सं. | विवरण | अनुमानित आवश्यकता | जिल्लामा उपलब्ध | अपुग | सहयोग प्रतिवद्धता गर्ने संस्था |
|---|---|---|---|---|---|
| १ | गैरखाद्य सामग्री (NFI) | ५,००० घरपरिवार (रु. ३ करोड ५० लाख) | ४०० सेट (रु. २८ लाख) | ४,६०० सेट (रु. ३ करोड २२ लाख) | जिल्लामा कार्यरत संघसंस्थाहरूबाट कोष स्थापना, सामग्री मौज्दात तथा व्यापारीसँग सम्झौता, नेपाल रेडक्रस सोसाइटीबाट १०० सेट |
| २ | त्रिपाल | ५,००० थान (रु. ७५ लाख) | ७०० थान | ४,२०० थान | नेपाल रेडक्रस सोसाइटीबाट २०० थान, युनिसेफबाट ५०० थान |
| ३ | टेन्ट | १०० थान (रु. १० लाख) | – | १०० थान | – |
| ४ | अस्थायी आवास सामग्री | ५,००० सेट | – | ५,००० सेट | – |
| ५ | IRA फाराम तथा मोबाइल एप | ५,००० प्रति (रु. ३०,०००) | – | ५,००० प्रति | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह तथा नेपाल रेडक्रस सोसाइटीबाट करिब ५०० जनालाई IRA मोबाइल एप सञ्चालनसम्बन्धी तालिम |
| ६ | विस्तृत सर्वेक्षण फाराम छपाइ | १५,००० प्रति (रु. २ लाख) | – | १५,००० प्रति | स्थानीय तह |

मानवीय सहयोगसम्बन्धी मापदण्ड

- औसत ६ सदस्यीय परिवारका लागि न्यूनतम १२ × १८ फिट आकारको एक थान त्रिपाल उपलब्ध गराइने।
- प्रत्येक परिवारका सदस्यलाई कम्तीमा एक जोर लुगा उपलब्ध गराइने।
- प्रत्येक परिवारलाई खाना पकाउन आवश्यक भान्साका आधारभूत सामग्री उपलब्ध गराइने।
- विद्यालय तथा सार्वजनिक स्थललाई अस्थायी शिविरका रूपमा प्रयोग गर्न पूर्वसमझदारी (MoU) गरिएको हुनुपर्ने।
- शिविर व्यवस्थापन योजना बनाउँदा स्थानीय सामाजिक, सांस्कृतिक तथा लैङ्गिक संवेदनशीलतालाई ध्यानमा राखिने।
- विगतमा प्रयोग भएका शिविर स्थलहरूको अभिलेख अद्यावधिक राखिने।
- स्थानीय सरकार तथा सम्बन्धित सरोकारवाला निकायहरूको समन्वयमा शिविर स्थापना गरिने।

➢ बालबालिका, अपाङ्गता भएका व्यक्ति, महिला, गर्भवती तथा सुत्केरी, ज्येष्ठ नागरिक लगायतका संवेदनशील समूहलाई प्राथमिकताका साथ सेवा उपलब्ध गराइने।

तालिका नं. २५ : कार्यान्वयन योजना सहितका प्राथमिकताप्राप्त पूर्वतयारी कार्य

| क.सं. | प्राथमिकताप्राप्त पूर्वतयारी कार्य | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन विधि | समयसीमा |
|---|---|---|---|---|
| १ | साझेदार संस्थासँग उपलब्ध राहत सामग्री (नगद तथा जिन्सी) को विवरण अद्यावधिक गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी | बैठक तथा छलफल | मनसुनपूर्व |
| २ | ५,००० घरपरिवारलाई पुग्ने गैरखाद्य सामग्री व्यवस्थापन गरी रणनीतिक स्थान (राजापुर, बाँसगढी, भुरीगाउँ, गुलरिया, मैनापोखर, मगरागढी) मा मौज्दात राख्ने | जिल्ला विपद् व्यवस्थापन समिति | गोदाम व्यवस्थापन सम्बन्धी तालिम तथा भण्डारण | मनसुनपूर्व |
| ३ | राहत सामग्री वितरणलाई एकद्वार प्रणालीमार्फत सञ्चालन गर्ने सहमति गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | बैठक तथा छलफल | मनसुनपूर्व |
| ४ | गैरखाद्य सामग्री उपलब्ध गराउन सक्ने विक्रेता पहिचान गरी आपत्कालीन आपूर्तिका लागि सम्झौता गर्ने | जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी | बजार सर्वेक्षण तथा लिखित सम्झौता | मनसुनपूर्व |
| ५ | गैरखाद्य सामग्री वितरण कार्यविधि तयार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | छलफल | मनसुनपूर्व |
| ६ | १०० वटा टेन्ट खरिद गर्ने वा आपूर्तिकर्तासँग पूर्वसम्झौता गर्ने | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, उद्योग वाणिज्य संघ | बजार सर्वेक्षण तथा सम्झौता | मनसुनपूर्व |
| ७ | शिविर व्यवस्थापनका लागि उपयुक्त स्थानहरूको पहिचान गर्ने | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, स्थानीय तह | समुदायस्तरीय छलफल तथा स्थलगत अध्ययन | मनसुनपूर्व |
| ८ | विपद् प्रभावितलाई नगद सहायता वितरणको कार्यविधि तयार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी तथा अन्य साझेदार संस्था | सेवा प्रदायक छनोट, बजार विश्लेषण, अभिमुखीकरण तथा तालिम | आवश्यकता अनुसार |

८.५ खाद्य सुरक्षा तथा गोदाम व्यवस्थापनः

अगुवाइ गर्ने निकाय : एकीकृत कृषि तथा पशु विकास कार्यालय, गुलरिया, बर्दिया

मुख्य विपद्का प्रकार : बाढी, भूकम्प, जङ्गली जनावरको आक्रमण, आगलागी, शीतलहर, वन्यजन्तुबाट बाली नोक्सानी तथा किराको प्रकोप

सम्भावित अवस्था

- तत्काल आवश्यक खाद्यान्न तथा तयारी खाना (Ready to Eat Food) को अभाव हुने।
- भण्डारण गरिएको खाद्यान्न नष्ट वा क्षतिग्रस्त हुने।
- खाद्यान्नको उपलब्धता तथा पहुँचमा अवरोध सिर्जना हुने।
- खाना पकाउन आवश्यक इन्धन तथा सुरक्षित खानेपानीको अभाव हुने।
- बीउबिजन तथा कृषि सामग्री नष्ट हुने।

विषयगत उद्देश्य

- प्रभावित व्यक्तिलाई समयमै सुख्खा खाना तथा खाद्यान्न उपलब्ध गराउने।
- दैनिक जीवनयापनका लागि आवश्यक खाद्य सामग्रीको व्यवस्थापन गर्ने।
- राहत सामग्रीको सङ्कलन, भण्डारण तथा वितरणलाई प्रभावकारी बनाउने।
- सुरक्षित खाद्यान्न भण्डारण स्थलको पहिचान तथा व्यवस्थापन गर्ने।
- प्रभावित समुदायको खाद्य सुरक्षा सुनिश्चित गरी जीवनयापन सहज बनाउने।

विषयगत रणनीति

- स्थानीय तहमा आपत्कालीन राहत कोष स्थापना तथा सुदृढीकरणका लागि पहल गर्ने।
- गैरसरकारी संस्था तथा सामाजिक संस्थासँग खाद्य सामग्री आपूर्तिमा सहकार्य गर्ने।
- उद्योग वाणिज्य संघ तथा स्थानीय व्यापारीलाई आवश्यक खाद्यान्न मौज्दात राख्न प्रोत्साहित गर्ने।
- नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीमा चामल, पिठो लगायतका खाद्यान्नको मौज्दात सुनिश्चित गर्ने।
- साल्ट ट्रेडिङ कर्पोरेशनसँग चिनी तथा नुनको पर्याप्त मौज्दात राख्न समन्वय गर्ने।
- खाद्यान्न ढुवानीका लागि स्थानीय तहसँग समन्वय गर्ने।
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा मौज्दात खाद्यान्नको अद्यावधिक विवरण राख्ने।

मानवीय सहयोगको मापदण्ड

- स्फेयर मापदण्डअनुसार प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २,१०० किलोक्यालोरी बराबरको खाद्यान्न उपलब्ध गराउने प्रयास गरिने।
- उपलब्ध स्थानीय खाद्य पदार्थलाई परिपूरक (Complementary Food) का रूपमा वितरण गरिने।
- बालबालिका, एचआईभी संक्रमित, कुपोषित तथा अन्य विशेष आवश्यकता भएका व्यक्तिका लागि अतिरिक्त पोषणयुक्त खाद्य सामग्री उपलब्ध गराइने।
- सिफारिस गरिएको खाद्य किट (स्फेयर मापदण्डअनुसार)
  - चामल : ४१० ग्राम प्रति व्यक्ति प्रति दिन
  - दाल : ६० ग्राम प्रति व्यक्ति प्रति दिन
  - वनस्पति तेल : ३० मिलिलिटर प्रति व्यक्ति प्रति दिन
  - नुन : ७.५ ग्राम प्रति व्यक्ति प्रति दिन

- पोषणयुक्त पूरक आहार : ५० ग्राम प्रति व्यक्ति प्रति दिन

➢ स्थानीय अवस्था, प्रभावित जनसंख्या तथा विस्तृत क्षति मूल्याङ्कनका आधारमा खाद्यान्न वितरणको मात्रा आवश्यकतानुसार समायोजन गरिनेछ। प्रारम्भिक चरणमा घरपरिवारको आधारमा राहत वितरण गरिने तथा अन्तिम तथ्याङ्क प्राप्त भएपछि व्यक्ति तथा परिवार सङ्ख्याका आधारमा मापदण्डअनुसार वितरण गरिनेछ।

तालिका नं. २७ विपद्को समयमा गरीने कृयाकलापः

| समयावधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपत्कालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य सम्बोधन गर्न खाडलको पहिचान | मूख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | विपदमा परेका घरधुरी तथा जनसंख्या पहिचान र प्रारम्भिक सूचना/ तथ्यांक संकलन बिषयगत क्षेत्रको बैठक | बिषयगत क्षेत्रको बैठक सम्बन्धित निकायसंग सम्पर्क समन्वय । | सुख्खा खानाको भण्डारण परिमाण यकिन गर्ने । | सहयोगी निकायको पहिचान गर्ने ।सम्बन्धित स्थानीय तहका कृषि शाखाहरु, जिल्ला विपद् ब्यवस्थापन समिति, स्थानीय विपद् ब्यवस्थापन समिति, एकीकृत कृषि तथा पशु विकास कार्यालय, उद्योग बाणिज्य संघ, रेडक्रस, गैससहरु आदि |
| २ देखि ७ घण्टा भित्र | तथ्यांक संकलन तथा अध्यावधिक गर्ने कार्य र समन्वय(निरन्तर) | स्थानीय रुपमा सुख्खा खानाको प्याकेजिंग सुरु गर्ने। थप खाद्य सामग्री खरिद गर्ने। ढुवानी ब्यवस्था गर्ने। वितरण टोली तयारीमा राख्ने। सुख्खा खानाको प्याकेट ढुवानी गर्ने। खाद्य सामग्रीको परिमाण यकिन गर्ने र वितरण। | वितरण टोलीको पहिचान राहत सामग्रीको आंकलन | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ, नेपाल रेडक्रस, कृषि सम्बन्धी कार्यालयहरु, सम्बन्धित स्थानीयतहका कृषि शाखाहरु, जिल्ला समन्वय समिति, गैससहरु आदि । |
| ८ देखि २४ घण्टा भित्र | तथ्यांक संकलन तथा अध्यावधिक गर्ने (निरन्तर) प्रारम्भिक द्रुत सर्वेक्षण गर्ने । सूचना संकलन गर्ने । अन्य निकाय तथा | सुख्खा खाना वितरण । पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण । | खाद्यान्न सामग्री भण्डारण हुने वा नहुने अवस्था अनिश्चित । राहत सामग्रीको आंकलन । | उद्योग बाणिज्य संघ, कृषि सम्बन्धी कार्यालयहरु, यातायात व्यवसायीहरु, विश्व खाद्य कार्यक्रम, स्थानीय तहका कृषि शाखाहरु, राजापुर खाद्य संस्थान, गैससहरु आदि । |

| समयावधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपत्कालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य सम्बोधन गर्न खाडलको पहिचान | मूख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | समितिसंग समन्वय गर्ने। | | सामग्री ढुवानी । | |
| २४ देखि ४८ घण्टा भित्र | तथ्यांक संकलन तथा अध्यावधिक गर्ने । सूचना संकलन गर्न । अन्य निकाय तथा समितिसंग समन्वय गर्ने । | पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने । खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने । | खाद्यान्न सामग्रीहरुको उलब्धता सामग्री ढुवानी ब्यवस्था | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ, विश्व खाद्य कार्यक्रम, स्थानीय तहका कृषि शाखाहरु, कृषि सम्बन्धी कार्यालयहरु्र, राजापुर खाद्य संस्थान, गैससहरु आदि । |
| २४ देखि ४८ घण्टा भित्र | तथ्यांक संकलन तथा अध्यावधिक गर्ने । सूचना संकलन गर्न । अन्य निकाय तथा समितिसंग समन्वय गर्ने । | पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने ।खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने । | खाद्यान्न सामग्रीहरुको उलब्धता सामग्री ढुवानी ब्यवस्था | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ, विश्व खाद्य कार्यक्रम, स्थानीय तहका कृषि शाखाहरु, कृषि सम्बन्धी कार्यालयहरु्र, राजापुर खाद्य संस्थान, गैससहरु आदि । |
| ७२ घण्टा देखि ७ दिन भित्र | तथ्यांक संकलन तथा अद्यावधिक गर्ने । सूचना संकलन गर्ने । अन्य निकाय तथा समितिसंग समन्वय गर्ने । | पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने ।खाद्यान्न लगायतका सामग्रीहरु संकलन गरी राख्ने । | खाद्यान्न सामग्रीको उपलब्धता । | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ, विश्व खाद्य कार्यक्रम, कृषि सम्बन्धी कार्यालयहरु र स्थानीय तहका कृषि शाखाहरु , राजापुर खाद्य संस्थान, गैससहरु आदि । |
| ७२ घण्टा देखि ७ दिन भित्र | तथ्यांक संकलन तथा अद्यावधिक गर्ने । सूचना संकलन गर्ने । अन्य निकाय तथा समितिसंग समन्वय गर्ने । | पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरणलाई निरन्तरता दिने।खाद्यान्न सामग्री संकलन गरी राख्ने । | खाद्यान्न सामग्रीको उपलब्धता । | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ, विश्व खाद्य कार्यक्रम, कृषि सम्बन्धी कार्यालयहरु र स्थानीय तहका कृषि शाखाहरु , राजापुर खाद्य संस्थान, गैससहरु आदि । |

| समयावधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपत्कालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| २ साता देखि १ महिना भित्र | कृषि क्षेत्रमा परेको असरको बारेमा लेखाजोखा गर्ने, तथ्यांक तयार गरी प्रतिवेदन तयार गर्ने । | पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने । पुनःर्स्थापनका लागि पहल गर्ने । | बीउ लगायत अन्य कृषि उत्पादन तथा जीविको पार्जनको लागि राहत कार्यक्रम सञ्चालनका लागि योजना तयारी बजेट माग तथा सञ्चालन। | एकीकृत कृषि तथा पशु विकास कार्यालय, स्थानीय तहका कृषि शाखाहरु,उद्योग बाणिज्य संघ, विश्व खाद्य कार्यक्रम, राजापुर खाद्य संस्थान, गैससहरु, सम्वन्धित विभाग तथा मन्त्रालय। |

तालिका नं. २८ : आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान (भौतिक साधन, दक्ष जनशक्ति तथा बजेट)

| क्र.सं. | विवरण | अनुमानित आवश्यकता | अनुमानित रकम (रु.) | सहयोग प्रतिबद्धता गर्ने निकाय |
|---|---|---|---|---|
| १ | विभिन्न बैठक, कार्यशाला, अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम | ४३ पटक | ६,८२,००० | स्थानीय तहका महिला तथा बालबालिका शाखा |
| २ | सूचना, सचेतना तथा तथ्याङ्क सङ्कलनसम्बन्धी विभिन्न फाराम छपाइ तथा वितरण | ४ पटक | ८०,००० | नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह तथा संरक्षण क्लस्टर सदस्यहरू |
| ३ | निगरानी, अनुगमन, राहत विवरण व्यवस्थापन, ढुवानी तथा भैपरी खर्च | करिब १०० जना | ४,२७,५०० | नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह तथा संरक्षण क्लस्टर सदस्यहरू |
| ४ | सहायक सामग्री खरिद तथा ढुवानी | १०० जना | २,५०,००० | स्थानीय तह |
| ५ | मनोसामाजिक परामर्श सेवा | जिल्लाभर | ३,००,००० | ओरेक, माइती नेपाल, जिल्ला कानुनी सहायता समिति तथा स्थानीय तह |
| ६ | कानुनी सहायता तथा अल्पकालीन आश्रय सेवा | २० जना | १,५०,००० | जिल्ला कानुनी सहायता समिति |
| ७ | बालमैत्री सुरक्षित आश्रयस्थल स्थापना | ३ स्थान | ३,००,००० | प्लान नेपाल, स्याक नेपाल, BEE Group, युनिसेफ, केयर नेपाल, एक्सनएड |
| ८ | विशेष प्रकृतिका प्रभावितलाई राहत वितरण | आवश्यकतानुसार | - | क्लस्टरका सबै सदस्य संस्था |

| क्र.सं. | विवरण | अनुमानित आवश्यकता | अनुमानित रकम (रु.) | सहयोग प्रतिबद्धता गर्ने निकाय |
|---|---|---|---|---|
| ९ | गुनासो सुनुवाइ प्रणाली सुदृढीकरण तथा पैरवी | १० कार्यक्रम | ५,००,००० | संरक्षण क्लस्टर, जिल्ला प्रशासन कार्यालय तथा स्थानीय सरकार |
| १० | Dignity Kit तयारी अवस्थामा राख्ने | १०,००० सेट | - | संरक्षण क्लस्टर, जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तह |
| ११ | यौन तथा लैङ्गिक हिंसा प्रभावितका लागि राहत कोष, अस्थायी आश्रय, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने तथा सेवा प्रदायक निकायको सूची अद्यावधिक गर्ने | रु. ५ लाख | ५,००,००० | संरक्षण क्लस्टर, जिल्ला प्रशासन कार्यालय तथा स्थानीय सरकार |

तालिका नं. २९ : प्रभावित हुन सक्ने अनुमानित जनसंख्या (१,००,००० जना / करिब २०,००० घरपरिवार) का लागि खाद्य सामग्रीको आवश्यकता

| क्र.सं. | विवरण | अनुमानित आवश्यकता | अनुमानित रकम | जिल्लामा उपलब्ध | अपुग | सहयोग प्रतिबद्धता |
|---|---|---|---|---|---|---|
| १ | चाउचाउ | ८ लाख पोका | रु. २ करोड | ८ लाख पोका | - | विपद्पश्चात विभिन्न सरकारी, गैरसरकारी तथा सहयोगी निकायबाट सहयोग जुटाइने |
| २ | बिस्कुट | ४ लाख पोका | रु. ८० लाख | ३ लाख पोका | १ लाख पोका (रु. २० लाख) | आवश्यकता अनुसार सहयोग जुटाइने |
| ३ | चिउरा | १,००,००० के.जी. | रु. ९० लाख | १,००,००० के.जी. | - | - |
| ४ | भुजा | १२,५०० के.जी. | रु. १० लाख | १२,५०० के.जी. | - | - |
| ५ | चिनी | २,५०० के.जी. | रु. २ लाख | २,५०० के.जी. | - | - |
| ६ | सख्खर (गुड) | २,५०० के.जी. | रु. २ लाख | २,५०० के.जी. | - | - |
| ७ | चामल | ३,७१,९१८ के.जी. | रु. १ करोड ६७ लाख | ३,७१,९१८ के.जी. | - | - |
| ८ | दाल | ७,५०० के.जी. | रु. १५ लाख | ७,५०० के.जी. | - | - |

| क्र.सं. | विवरण | अनुमानित आवश्यकता | अनुमानित रकम | जिल्लामा उपलब्ध | अपुग | सहयोग प्रतिबद्धता |
|---|---|---|---|---|---|---|
| ९ | नुन | ७०० के.जी. | रु. १४ हजार | ७०० के.जी. | - | - |
| १० | खाने तेल | २२,५०० लिटर | रु. ३३ लाख ७५ हजार | २२,५०० लिटर | - | - |

अनुमानित खाद्य आवश्यकता

पहिलो ४ दिनका लागि (१,००,००० जनसंख्या)

| सामग्री | आवश्यक परिमाण |
|---|---|
| पिउने पानी | ४ लाख बोतल (स्वच्छ खानेपानी उपलब्ध नभएको अवस्थामा मात्र) |
| चाउचाउ | ८ लाख पोका (प्रति व्यक्ति प्रतिदिन २ पोका) |
| चिउरा | १,००,००० के.जी. (२५० ग्राम प्रति व्यक्ति प्रति दिन) |
| भुजा | १,००,००० के.जी. (२५० ग्राम प्रति व्यक्ति प्रति दिन) |
| चिनी | २०,००० के.जी. (५० ग्राम प्रति व्यक्ति प्रति दिन) |
| नुन | २,००० के.जी. (५ ग्राम प्रति व्यक्ति प्रति दिन) |
| दालमोठ | २०,००० के.जी. (५० ग्राम प्रति व्यक्ति प्रति दिन) |

पाँचौं दिनदेखि बीसौं दिनसम्म (१६ दिनका लागि)

| सामग्री | आवश्यक परिमाण |
|---|---|
| चामल | ७,९२,००० के.जी. (४९५ ग्राम प्रति व्यक्ति प्रति दिन) |
| दाल | १,६०,००० के.जी. (१०० ग्राम प्रति व्यक्ति प्रति दिन) |
| खाने तेल | ४८,००० लिटर (३० मिलिलिटर प्रति व्यक्ति प्रति दिन) |
| नुन | ८,००० के.जी. (५ ग्राम प्रति व्यक्ति प्रति दिन) |

समन्वयका लागि प्रमुख निकाय तथा संस्था

- उद्योग वाणिज्य तथा व्यापार संघहरू
- नगरपालिका तथा गाउँपालिकाहरू
- खाद्य सामग्री आपूर्तिकर्ता
- चामल, दाल तथा तेल मिल उद्योग
- नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था
- पानी, चाउचाउ तथा चिउरा उत्पादन गर्ने उद्योगहरू

तालिका नं. ३० : जिल्लामा प्रकोपको समयमा हुने खाद्यान्नको मौज्दात (के.जी.)
(यस तालिकामा प्रत्येक बजारअनुसार चामल, दाल, तेल, नुन, चिनी, चिउरा, भुजा, बिस्कुट, मसला तथा तरकारीको मौज्दात विवरण समावेश गरिनेछ।)

| क्र.सं. | मुख्य बजार | चामल | दाल | तेल | नुन | चिनी | चिउरा | भुजा | बिस्कुट | मसला | तरकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गुलरिया | ५०,००० | ५,००० | १,००० | १,००० | २,००० | ५०० | ५०० | २०० | १०० | १,००० |
| २ | राजापुर | २,००,००० | १०,००० | १,००० | १,००० | २,००० | ५०० | ५०० | २०० | १०० | २०० |
| ३ | सानोश्री | ५०,००० | १०,००० | १,००० | १,००० | २,००० | १,००० | ८०० | २०० | १०० | १०० |
| ४ | ताराताल | १०,००० | ५,००० | ५०० | ५०० | १,००० | ५०० | ५०० | १०० | ५० | १०० |
| ५ | भुरीगाउँ | ५०,००० | १०,००० | १,००० | १,००० | २,००० | १,००० | ५०० | २०० | १०० | २०० |
| ६ | ठाकुरद्वारा | ५०,००० | २,५०० | ५०० | ५०० | १,००० | ५०० | ५०० | १०० | ५० | १०० |
| ७ | बाँसगढी | १,००,००० | १०,००० | १,००० | १,००० | २,००० | १,००० | १,००० | ३०० | २०० | ५०० |
| ८ | मैनापोखर | १,००,००० | १५,००० | ५०० | ५०० | ७०० | ५०० | ३०० | १०० | ५० | १०० |
| ९ | माछागढ | ५०,००० | ५,००० | ५०० | ५०० | ७०० | ४०० | ३०० | १०० | ५० | १०० |
| १० | कतर्निया | ५०,००० | ५,००० | ५०० | ५०० | ७०० | ४०० | ३०० | १०० | ५० | १०० |
| ११ | मगरागढी | १,००,००० | १०,००० | १,००० | १,००० | २,००० | ७०० | ७०० | २०० | १०० | १०० |
| १२ | बग्नाह | ५०,००० | ५,००० | ५०० | ६०० | १,००० | ५०० | ३०० | १०० | ५० | २०० |
| १३ | शान्तिबजार | ५०,००० | ५,००० | ५०० | ५०० | १,००० | ५०० | ३०० | २०० | १०० | १०० |
| १४ | पशुपतिनगर | २,००० | ५,००० | ५०० | ५०० | १,००० | ३०० | २०० | १०० | ५० | १०० |
| जम्मा | | ९,१२,००० | १,०२,५०० | १०,००० | १०,१०० | १९,१०० | ८,३०० | ६,६०० | २,२०० | १,१५० | ३,००० |

## ८.६ खानेपानी, सरसफाई तथा स्वच्छता

अगुवाइ गर्ने निकाय : खानेपानी तथा सरसफाइ कार्यालय, बर्दिया
मुख्य विपद्का प्रकार : बाढी, आगलागी, भूकम्प तथा महामारी
सम्भावित अवस्था

- स्वच्छ खानेपानी तथा सरसफाइ सेवामा अवरोध उत्पन्न हुन सक्ने।
- बाढी, नदी कटान तथा भूकम्पका कारण खानेपानीका मुहान, इनार, कुवा तथा अन्य स्रोतहरू क्षतिग्रस्त वा दूषित हुन सक्ने।
- व्यक्तिगत तथा सामुदायिक शौचालयहरू क्षतिग्रस्त हुन सक्ने।
- सेफ्टी ट्याङ्की फुट्ने, शौचालय भरिने तथा पानीका स्रोत दूषित भई वातावरणीय प्रदूषण बढ्न सक्ने।
- सुरक्षित खानेपानी तथा सरसफाइ सामग्रीको अभाव हुन सक्ने।

- फोहोरमैला व्यवस्थापनमा कठिनाइ भई महामारी फैलिने जोखिम बढ्न सक्ने।

विषयगत उद्देश्य

- विस्थापित भई शिविरमा बसोबास गर्ने व्यक्तिहरूका लागि प्रचलित स्वास्थ्य तथा सरसफाइ मापदण्डअनुसार सुरक्षित खानेपानी र अस्थायी शौचालयको व्यवस्था गर्ने।
- खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थासँग समन्वय गरी प्रभावित स्थानीय तहमा सेवा प्रभावकारी रूपमा सञ्चालन गर्ने तथा नियमित रूपमा जिल्ला विपद् व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्ने।
- खानेपानी तथा सरसफाइका आवश्यक सामग्रीको खोज, व्यवस्थापन, भण्डारण तथा वितरणलाई प्रभावकारी बनाउने।
- प्रभावित समुदायलाई अस्थायी रूपमा व्यक्तिगत सरसफाइका आधारभूत सुविधामा पहुँच सुनिश्चित गर्ने।
- अस्थायी शिविरहरूमा सरसफाइ कायम राख्न समुदायको क्षमता अभिवृद्धि गर्ने।
- स्थानीय पत्रपत्रिका, एफएम रेडियो तथा अन्य सञ्चार माध्यममार्फत सुरक्षित खानेपानी, सरसफाइ तथा महामारी नियन्त्रणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।
- विपद्का कारण उत्पन्न हुन सक्ने पानीजन्य तथा सरसफाइजन्य रोगको रोकथाम, न्यूनीकरण तथा पुनर्स्थापनामा सहयोग गर्ने।
- जिल्ला तथा स्थानीय तहका खानेपानी सेवा प्रदायक संस्थालाई विपद्को समयमा सुरक्षित तथा निरन्तर खानेपानी सेवा सञ्चालनका लागि जिम्मेवार र तयारी अवस्थामा राख्ने।
- क्षतिग्रस्त खानेपानी तथा सरसफाइ संरचनाको विवरण सङ्कलन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिससहित सम्बन्धित निकायमा पठाउने।
- विपद् आउनुअघि नै स्थानीय तहमा खानेपानी तथा सरसफाइसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा स्थानीय सञ्चार माध्यममार्फत सूचना तथा सन्देश प्रसारण गर्ने।

तालिका नं. ३२ विपद्को समयमा गरीने क्रियाकलापहरुः (खानेपानी तथा सरसफाइ)

| समय अवधि | विपद्को अवस्थामा गरीने आपतकालिन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था संवोधन गर्न गरीने पूर्व तयारी कार्य | कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि २४ घण्टा | खानेपानी तथा स्वच्छता प्रर्वधन समितिको आकस्मिक बैठक बस्ने<br>क्षतिको आकलन गर्न टोली परिचालन गर्ने | विपद् पश्चात बैठक बस्ने समय र स्थान पहिचान गर्ने र सदस्यहरुको सम्पर्क सूची व्यवस्थित गर्ने ।<br>क्षति आकलन टोलीको निर्माण गर्ने र टोलीको कार्य सूची निर्माण गर्ने । | सिमित जनशक्तिबाट कार्य संचालन गर्नुपर्ने थप जनशक्तिको परिचालन गर्नुपर्ने | खानेपाली तथा सरसफाइ कार्यालय, स्थानीय तह, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु | ३,००,०००।– |
| २४ देखि ७२ घण्टा | दुरत सर्वेक्षणको आधारमा प्रभावितहरुको आवश्यकता पहिचान गर्ने ।पानी शुद्धिकरण गर्ने औषधी वितरणगर्न सकिने | पानी शुद्धिकरण गर्ने सामाग्रीहरुको व्यवस्थापन जस्तै: पियूस, एक्वाटयाव्स् वाटरगार्ड | हाइजिनकिट ९९०० वटा, | खानेपाली तथा सरसफाइ कार्यालय, स्थानीय तह, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु | १४,८५,०००।– |
| ७२ घण्टा देखि ७ दिन सम्म | अस्थायी चर्पी र खानेपानीको धारा निर्माण गर्ने,<br>सन्देशमुलक सामग्री स्थानीय एफ. एम. र पत्रपत्रिकाहरुमा प्रसारण गर्ने | चर्पी निर्माणका लागि आवश्यक सामाग्रीहरु गोदाममा व्यवस्थित गर्ने, सचेतना सामाग्रीहरु तयारी अवस्थामा राख्ने | | खानेपाली तथा सरसफाइ कार्यालय, स्थानीय तह, समुदाय, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु | |
| ७ दिन देखि २ हप्ता सम्म | आश्रय स्थलहरुमा चर्पी र खानेपानीको धारा निर्माण गर्ने । | खानेपानी र चर्पी निर्माणका लागि आवश्यक सामाग्रीहरु उचित स्थानमा गोदाम गर्ने । | ५० धारा<br>१०० चर्पीको प्यान | खानेपाली तथा सरसफाइ कार्यालय, स्थानीय तह, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु | धारा जडान रु. ८,२५००० चर्पी प्यान रु. ५०,०००।– |
| २ हप्ता देखि | वितरण गरीएको सामाग्रीहरु तथा | अनुगमन टोली गठन गर्ने र | | खानेपाली तथा सरसफाइ | |

| समय अवधि | विपद्को अवस्थामा गरीने आपतकालिन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था संवोधन गर्न गरीने पूर्व तयारी कार्य | कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| १ महिना सम्म | सरसफाई को अवस्थाबारे अनुगमन गर्ने, अपुगभएको सामाग्रीको उपलब्धता गर्ने र वितरण गर्ने<br>क्षतिग्रस्त क्षेत्रको स्थलगत अध्ययन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस पेश गर्ने । | अनुगमन प्रक्रिया बारे प्रष्ट पार्ने, खानेपानी आयोजना सम्वन्धी उपभोक्ता समितिलाई तालिमको व्यवस्था गर्ने । | | कार्यालय, स्थानीय तह, म्म्ःऋ, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु | |

**तालिका नं. ३३ : खानेपानी तथा सरसफाइ क्षेत्रमा आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान**

| क्र.सं. | विवरण | अनुमानित आवश्यकता | अनुमानित रकम (रु.) | जिल्लामा उपलब्ध | उपलब्ध रकम (रु.) | अपुग परिमाण | अपुग रकम (रु.) | सहयोग प्रतिबद्धता गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्यालो ट्युबवेल | ५० वटा | ८,२५,००० | ५० वटा | ८,२५,००० | – | – | स्थानीय तह, खानेपानी तथा सरसफाइ कार्यालय तथा विभिन्न संघसंस्था |
| २ | प्लास्टिक प्यान | ४०० वटा | २,००,००० | ४०० वटा | २,००,००० | – | – | स्थानीय तह, खानेपानी तथा सरसफाइ कार्यालय तथा विभिन्न संघसंस्था |
| ३ | पियुष (पानी शुद्धीकरण सामग्री) | १२,००० थान | ४०,००० | २,००० थान | १०,००० | १०,००० थान | ३०,००० | स्थानीय तह, खानेपानी तथा सरसफाइ कार्यालय तथा विभिन्न संघसंस्था |
| ४ | एक्वाट्याब्स | ८,००० पत्ता | १,५०,००० | १,५०० पत्ता | १५,००० | ६,५०० पत्ता | ९७,५०० | स्थानीय तह, खानेपानी तथा सरसफाइ कार्यालय तथा विभिन्न संघसंस्था |
| ५ | झुल (मच्छरदानी) | १,००० थान | ३,००,००० | – | – | १,००० थान | ३,००,००० | स्थानीय तह, खानेपानी तथा सरसफाइ |

| क्र.सं. | विवरण | अनुमानित आवश्यकता | अनुमानित रकम (रु.) | जिल्लामा उपलब्ध | उपलब्ध रकम (रु.) | अपुग परिमाण | अपुग रकम (रु.) | सहयोग प्रतिबद्धता गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कार्यालय तथा विभिन्न संघसंस्था |
| ६ | साबुन | २,००० थान | ४०,००० | २,००० थान | ४०,००० | – | – | स्थानीय तह, खानेपानी तथा सरसफाइ कार्यालय तथा विभिन्न संघसंस्था |
| ७ | बाल्टिन | १०,००० वटा | ३०,००,००० | १०० वटा | ३०,००० | ९,९०० वटा | २९,७०,००० | स्थानीय तह, खानेपानी तथा सरसफाइ कार्यालय तथा विभिन्न संघसंस्था |

**खानेपानी तथा सरसफाइ क्षेत्रमा मानवीय सहयोगका न्यूनतम मापदण्ड**

- तराईका जिल्लामा प्रभावित प्रत्येक व्यक्तिलाई प्रारम्भिक चरणमा प्रतिदिन न्यूनतम **५ लिटर** सुरक्षित खानेपानी उपलब्ध गराइने तथा पहिलो चार हप्ताभित्र यो परिमाण बढाई प्रतिव्यक्ति प्रतिदिन **१५ लिटर** पुऱ्याइने।
- शिविरमा बसोबास गर्ने विस्थापित तथा घर र सम्पत्ति गुमाएका परिवारलाई पानी सङ्कलनका लागि बाल्टिन तथा कम्तीमा ३० दिनका लागि पानी शुद्धीकरण सामग्री (पियुष, एक्वाट्याब्स वा वाटरगार्ड) उपलब्ध गराइने।
- अस्थायी शिविरमा पर्याप्त सरसफाइ सुविधा सुनिश्चित गरिने। महिलाका लागि सुरक्षित स्नानस्थल तथा महिनावारी व्यवस्थापनको व्यवस्था गरिने। प्रारम्भिक चरणमा प्रत्येक २० व्यक्तिका लागि कम्तीमा एक अस्थायी शौचालय निर्माण गरिने र पहिलो हप्ताभित्र यसलाई प्रत्येक १० व्यक्तिका लागि एक शौचालय हुने गरी विस्तार गरिने।
- स्वास्थ्य कार्यालय, खानेपानी तथा सरसफाइ कार्यालय, साझेदार गैरसरकारी संस्था, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकसँग समन्वय गरी सरसफाइ सामग्री वितरण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने। यस अन्तर्गत सुरक्षित पानी प्रयोग, पानी शुद्ध गर्ने विधि तथा साबुनपानीले हात धुने अभ्याससम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने।

८.७ संरक्षण

**अगुवाइ गर्ने निकाय :** जिल्ला प्रशासन कार्यालय, बर्दिया

**मुख्य विपद्का प्रकार :** बाढी, भूकम्प, जङ्गली जनावरको आक्रमण तथा आगलागी

**सम्भावित अवस्था**

- बाढीबाट करिब २०,००० घरधुरी तथा १,००,००० जनसंख्या प्रभावित हुन सक्ने।
- करिब ५,००० प्रभावित व्यक्तिलाई विशेष संरक्षण सेवाको आवश्यकता पर्न सक्ने।
- प्रभावित क्षेत्रमा असुरक्षाको वातावरण सिर्जना हुन सक्ने।
- बालबालिका, बिछोडिएका बालबालिका, एकल महिला, अनाथ तथा टुहुरा बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको जोखिम बढ्न सक्ने।
- लुटपाट, चोरी, डकैती, अपहरण, बलात्कार तथा अन्य आपराधिक गतिविधि बढ्न सक्ने।
- गर्भवती, सुत्केरी महिला तथा अपाङ्गता भएका व्यक्ति थप जोखिममा पर्न सक्ने तथा समयपूर्व प्रसूति हुने सम्भावना बढ्न सक्ने।
- लैङ्गिक हिंसा, विशेष गरी बालिका तथा किशोरीमाथि हुने हिंसाको जोखिम बढ्न सक्ने।
- शोषण, भेदभाव तथा सामाजिक द्वन्द्व बढ्न सक्ने।
- मानसिक आघात तथा सहाराविहीन व्यक्तिको सङ्ख्या बढ्न सक्ने।
- गरिबी, मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढ्न सक्ने।
- यौनजन्य हिंसाका घटना बढ्न सक्ने।
- प्रभावित व्यक्तिहरू आवश्यक स्वास्थ्य सेवा, उपचार तथा न्यूनतम पोषणबाट वञ्चित हुन सक्ने।

**विषयगत उद्देश्य**

- आपत्कालीन अवस्थाबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षा तथा अन्य संरक्षणसम्बन्धी जोखिममा रहेका विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण सुनिश्चित गर्ने।
- यौनजन्य हिंसा, शोषण तथा दुर्व्यवहारको रोकथाम, निगरानी, अभिलेखीकरण तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनद्वारा सुनिश्चित संरक्षण अधिकारको कार्यान्वयनमा सहयोग गर्ने।
- बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि सुरक्षित आश्रय तथा संरक्षणमैत्री वातावरण सुनिश्चित गर्न निगरानी तथा सिफारिस गर्ने।
- राहत तथा आपत्कालीन सेवाको न्यायोचित, समावेशी तथा आवश्यकता आधारित वितरण सुनिश्चित गर्न सहयोग गर्ने।
- बालमैत्री तथा महिलामैत्री स्थान स्थापना गरी मनोसामाजिक सहयोग सेवा सञ्चालन गर्ने।
- बिछोडिएका बालबालिकाको पहिचान, दर्ता, स्वास्थ्य परीक्षण, पारिवारिक पुनर्मिलन तथा आवश्यक संरक्षण सेवामा पहुँच सुनिश्चित गर्ने।
- गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अन्य संवेदनशील समूहलाई न्यूनतम आधारभूत सेवा तथा संरक्षणमा पहुँच सुनिश्चित गर्ने।

**संरक्षण समूहका मुख्य कार्यहरू**

- सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँग प्रभावकारी समन्वय गर्ने।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकमाथि हुन सक्ने हिंसा, शोषण तथा दुर्व्यवहारको निगरानी गर्ने।
- मनोसामाजिक परामर्श तथा संरक्षण सेवा उपलब्ध गराउने।
- आवश्यकता मूल्याङ्कन, तथ्याङ्क सङ्कलन तथा नियमित अनुगमन गर्ने।
- प्रतिवेदन तयारी, सूचना सम्प्रेषण, पैरवी तथा समन्वयात्मक समीक्षा गर्ने।
- गुनासो सुनुवाइ संयन्त्रको स्थापना, सुदृढीकरण, अभिलेखीकरण तथा प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने।

**तालिका नं. ३५ : विपद्को अवस्थामा आधारित आपत्कालीन प्रतिकार्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | • स्थानीय स्तरमा रहेका सम्पर्क निकाय/संयन्त्र/ व्यक्तिहरुद्वारा सम्बन्धित सबै मुख्य निकायहरुमा सूचना लिनेदिने । | • सम्पर्क ब्यक्तिको नाम,थर र सम्पर्क नं. टाँसगरी जो कोहीले सूचना दिन सक्ने ब्यबस्था मिलाउने र सरोकारवालाको सम्पर्क नं.हरु उपलब्ध गराउने । | • स्थानीय स्तरका सम्पर्क ब्यक्तिहरुलाई अभिमूखीकरण एवम् सचेतनामूलक सामग्री निर्माणको लागि श्रोतको कमी । | स्थानीय तह, विषयगत कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्वघसंस्थाहरु |
| १ घण्टा देखि ७ घण्टा भित्र | • सुरक्षित आश्रय स्थलको सुनिश्चितामा सहयोग ।<br>• सूचना संकलक, अनुगमनकर्ता र निगरानीकर्ताको उपस्थिती | • जिल्ला विपद् व्यवस्थापन समितिबाट पहिचान गरिएका सुरक्षित मार्ग, स्थान, आश्रय स्थल र योजनाको जानकारी दिने । | • कार्यालयको सवारी साधन मोटर नभएको हुँदा समयमा सम्बन्धित स्थानमा पुगी सेवा दिन कठिन र अनुगमनकर्ताहरुलाई आधारभूत खर्च उपलब्ध नहुँदा खटिन कठिन । | स्थानीय तह, विषयगत कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्वघसंस्थाहरु |
| ७ घण्टा | • स्थानीय महिला सहकारी संस्थाहरु,गाउँ | • द्रुत सर्वेक्षण फाराम विपद् पूर्व नै | • बजेट तथा जनशक्तिको कमी । | स्थानीय तह, विषयगत |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| देखि २४ घण्टा भित्र | बाल संरक्षण समितिहरु, निगरानी समूहहरु र बाल क्लबहरु परिचालन गरी सङ्कटाभिमुख समुहहरु पहिचानगरी सम्बन्धित सबै सम्पर्क निकायहरुमा आबश्यक सहयोगको लागि सिफारिस गर्ने । | तयार गरी राख्ने ।<br>• सम्भाब्य प्रभावित स्थानहरु स्थानीय स्तरमा पहिचान गरिएका निकायहरुलाई तयारी अबस्थामा राख्ने । | • बालबालिका जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरुको लागि उपयुक्त आश्रय स्थल/ब्यबस्थापनमा नभएको । | कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्वघसंस्थाहरु |
| २४ देखि ४८ घण्टा भित्र | • मानबीय सहयोगको अनुगमन र सुधार गर्न आबश्यक बिषयमा सुझाव संकलनको लागि टोली परिचालन गर्ने । | • स्थानीय स्तर मै विभिन्न उपसमितिहरु निर्माण गरी पूर्व तयारी अबस्थामा राख्ने । | • यातायात तथा सञ्चार खर्चको अभाव । | स्थानीय तह, विषयगत कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्वघसंस्थाहरु |
| २४ देखि ४८ घण्टा भित्र | • शिशु, सुत्केरी, गर्भवती,नियमित औषधि सेवन गर्नुपर्ने अबस्थाका जेष्ठ नागरिकहरुलाई आबश्यक पर्ने राहत सामाग्रीका प्याकेज वितरण गर्ने ।<br>• लक्षित वर्गको सुरक्षा र संरक्षणमा जोखिम कम गर्न सुझाव र समन्वयकारी भूमिका निर्वाहका लागि स्वयंसेवकहरु परिचालन गर्ने<br>• महिला र बालिका माथि हुन सक्ने संभाब्य | • सरोकारवाला निकायहरु बीच कार्यक्षेत्र र जिम्मेवारी बाँडफाड गर्ने ।<br>• मनोसामाजिक परामर्शकर्ताहरुको नक्शाङ्कन गर्ने<br>• मनोसामाजिक परामर्श कर्ताहरु लाई पुर्नताजगी गर्ने ।<br>• आकस्मिक सहयोग कोषको स्थापना गर्ने । | • यातायात, खाना, आबास आदि ब्यबस्थाको लागि श्रोतको कमी ।<br>• प्रतिष्ठा सामाग्री - Dignity kits को कमि ।<br>• खोप, स्वच्छ खानेपानी, यातायात, ढुवानी खर्च र भैपरी आउने खर्चको अभावले समयमा प्रभावित स्थानमा पुग्न कठिन । | स्थानीय तह, विषयगत कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्वघसंस्थाहरु |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | हिंसा, दुव्र्यबहारबाट संरक्षणको लागि निगरानी गर्न नियमित रुपमा टोली वा ब्यक्ति परिचालन गर्ने । | | | |
| ४८ घण्टा देखि ७२ घण्टा भित्र | • हिंसा दुव्र्यबहारबाट संरक्षणकोलागि नियमित टोली वा ब्यक्ति परिचालन गर्ने ।<br>• मनोसामाजिक परामर्शकर्ताहरु परिचालन गर्ने ।<br>• हिंसामा परेका महिलाहरुलाई अल्पकालिन आश्रय र आबश्यकता अनुसार कानूनी सहायता प्रदान गर्ने । | • बिपदको समयमा अप्रत्याशित सेवा दिनुपर्ने भएकाले आबश्यक, श्रोतसाधन र दक्ष जनशक्तिको विवरण संकलन अद्यावधिक गर्ने । | • | स्थानीय तह, विषयगत कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु |
| ७२ घण्टा देखि ७ दिन भित्र | • गर्भवती, सुत्केरी, बिरामी/अशक्त जेष्ठ नागरिक,अपांगता भएका ब्यक्तिहरु,अनाथ, असहायहरुलाई सहायताकोलागि आबश्यक समन्वयकारी भूमिका निर्बाह गर्न नियमित रुपमा स्वमंसेवक परिचालनको ब्यबस्था मिलाउने ।<br>• अपांगता सहायक सामाग्री उपलब्ध गराउने । | • प्रभावितहरु सेल्टरमा बस्नुपर्ने अबधिभर दैनिक आलो पालो गरी खट्िने स्वयंसेवकहरु र सुरक्षाकर्मीहरुको ब्यबस्था गर्ने<br>• सम्भावित संख्यामा प्रभावित हुन सक्ने अपांगता व्यक्तीहरुका लागी सहायक सामाग्रीहरु खरिद गरी राख्ने । | • सहायक सामाग्री खरिदको लागि रकमको अभाव ।<br>• दिनभर खटिने स्वयंसेवकहरुलाई चिया, खाजा सम्मको ब्यबस्था नहुनु । | स्थानीय तह, विषयगत कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु |
| ७ दिन देखि | • प्रभावित बालबालिका तथा महिलाहरुलाई | • मनोसामाजिक सेवामा आवश्यक | दक्ष चिकित्सकको कमी । | स्थानीय तह, विषयगत |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| २ साता भित्र | मनोसामाजिक सेवामा निरन्तरता | पर्ने श्रोत सामग्रीहरुका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने | | कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्वघसंस्थाहरु |
| २ साता देखि १ महिना भित्र | • बालमैत्री सुरक्षित स्थल निर्माण र उपयोग गर्ने ।<br>• कानूनी तथा मनोसामाजिक सेवामा निरन्तरताका साथै बिशेष प्रकृतिका मुद्दाहरुलाई जिल्ला सेवा केन्द्र तथा सम्बन्धित निकायहरुमा पठाउने ।<br>• अस्थाई आवासमा सम्भावित हिंसा बिरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>• विपद्बाट प्रभावितहरुको अभिलेख राख्ने ।<br>• नियमित बैठकहरु र समिक्षा गर्ने ।<br>• अनुगमन तथा प्रतिबेदन पठाउने । | • सहयोगी सरोकारवालाको पहिचान र समन्वय गर्ने ।<br>• सचेतनाकोलागि आबश्यक पाठ्य सामाग्री,सहजकर्ता र कार्यक्षेत्र निर्धारण गर्ने । | • बिशेष आयमुलक क्रियाकलापहरुमा स्थाई सदस्य बाहेककालाई कार्यक्रम नराखिने र प्रभाव क्षेत्र भन्दापनि आफ्नो क्षेत्रलाई प्राथमिकता दिने र समन्वयको कमी । | स्थानीय तह, विषयगत कार्यालयहरु, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्वघसंस्थाहरु |

संरक्षण क्षेत्रमा मानवीय सहयोगका न्यूनतम मापदण्ड

- विपद् तथा जनस्वास्थ्य आपतकालीन अवस्थाका बेला सार्वजनिक स्वास्थ्यका मापदण्ड पालना गर्दै, आवश्यकतानुसार व्यक्तिगत सुरक्षा सामग्री (PPE) को प्रयोग, सरसफाइ, सुरक्षित दूरी तथा संक्रमण नियन्त्रणका उपाय अवलम्बन गरी देहायबमोजिमका कार्यहरू गरिनेछः

- प्रभावित समुदायका व्यक्तिहरूको अधिकार उल्लङ्घन, हिंसा, दुर्व्यवहार, शोषण तथा भेदभावका घटनाको अनुगमन, अभिलेखीकरण तथा प्रतिवेदन गर्ने प्रभावकारी संयन्त्र स्थापना गर्ने वा विद्यमान संयन्त्रलाई सक्रिय रूपमा परिचालन गर्ने।
- सबै समुदाय, विशेष गरी अति विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकाको मानवीय सहायता र आधारभूत सेवामा समान तथा समावेशी पहुँच सुनिश्चित गर्न नियमित अनुगमन गर्ने।
- साझेदार निकायहरूबीच तथ्याङ्क, अभिलेख तथा लाभग्राही दर्ता प्रणालीलाई एकरूप, व्यवस्थित र समन्वयात्मक बनाउने।
- बालमैत्री तथा महिलामैत्री सुरक्षित स्थान स्थापना तथा सञ्चालन गरी बालबालिका, महिला, किशोरी र अन्य जोखिमयुक्त समूहका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने।
- शिक्षा, स्वास्थ्य तथा संरक्षणसम्बन्धी कार्यक्रमहरूमा मनोसामाजिक सहयोग (Psychosocial Support) लाई एकीकृत रूपमा सञ्चालन गर्ने।
- बालबालिका परिवारबाट बिछोडिन नदिन आवश्यक रोकथाम तथा संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने।
- परिवारबाट बिछोडिएका, हराएका वा साथविहीन बालबालिका, विशेष गरी पाँच वर्षमुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता, स्वास्थ्य परीक्षण, पारिवारिक खोज तथा पुनर्मिलन प्रक्रियामा सम्बन्धित निकायहरूसँग समन्वय गरी सहयोग गर्ने।
- परिवारविहीन, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी तथा अन्य जोखिमयुक्त व्यक्तिहरूलाई सुरक्षित आवास, हेरचाह, संरक्षण तथा आवश्यक सेवामा पहुँच सुनिश्चित गर्ने।
- आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई उपलब्ध मानवीय सहायता, सेवा, पुनर्स्थापना तथा स्थायी समाधानसम्बन्धी सूचना नियमित रूपमा उपलब्ध गराउने।
- पुनर्स्थापना, पुनःएकीकरण तथा दीर्घकालीन समाधानका कार्यक्रमहरूको योजना, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा प्रभावित समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने।
- अस्थायी शिविर, सामूहिक आश्रयस्थल तथा पुनर्वास क्षेत्रमा पर्याप्त सुरक्षा, उज्यालो, गोपनीयता, लैङ्गिक संवेदनशीलता तथा गुनासो सुनुवाइ प्रणालीको व्यवस्था गर्न आवश्यक समन्वय, सहजीकरण र पैरवी गर्ने।
- लैङ्गिक हिंसा, मानव बेचबिखन, बालश्रम, बालविवाह तथा अन्य संरक्षणसम्बन्धी जोखिमको रोकथाम, उद्धार, सेवा प्रवाह र कानुनी सहायताका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।
- प्रभावित समुदायका लागि गुनासो तथा सुझाव व्यवस्थापन (Complaint and Feedback Mechanism) प्रणाली स्थापना गरी सबैलाई सहज पहुँच सुनिश्चित गर्ने।
- संरक्षणसम्बन्धी सबै कार्यक्रमहरू मानव अधिकार, समावेशिता, लैङ्गिक समानता, बालअधिकार तथा "कसैलाई पनि पछाडि नछोड्ने" (Leave No One Behind) सिद्धान्तका आधारमा सञ्चालन गर्ने।

८.८ स्वास्थ्य तथा पोषणः

क्षेत्रगत अगुवा निकाय : स्वास्थ्य कार्यालय, बर्दिया

मुख्य विपद्का प्रकार : बाढी, डुबान, आगलागी, भूकम्प, जङ्गली जनावरको आक्रमण तथा महामारीजन्य रोग सम्भावित अवस्था

- विपद्का कारण धेरै परिवार विस्थापित हुन सक्ने र स्वच्छ खानेपानी तथा सरसफाइ सेवामा अवरोध उत्पन्न हुन सक्ने।
- बाढी, डुबान, पहिरो तथा भूकम्पका कारण खानेपानीका मुहान, इनार, कुवा तथा खानेपानी संरचनाहरू क्षतिग्रस्त वा दूषित हुन सक्ने।
- व्यक्तिगत तथा सार्वजनिक शौचालय, सेप्टिक ट्याङ्की र सरसफाइ संरचनामा क्षति पुग्न सक्ने।
- सुरक्षित खानेपानी, सरसफाइ सामग्री तथा स्वास्थ्य सेवाको अभावका कारण हैजा, झाडापखाला, टाइफाइड लगायतका पानीजन्य तथा सरुवा रोग फैलिने जोखिम बढ्न सक्ने।
- विस्थापित बस्ती तथा अस्थायी शिविरमा सरसफाइ व्यवस्थापन कमजोर हुँदा महामारी फैलिने सम्भावना रहने।
- महामारीजन्य रोगको संक्रमण फैलिएको अवस्थामा स्वास्थ्य संस्थामा सेवाको चाप बढ्न सक्ने तथा औषधि, स्वास्थ्य सामग्री र दक्ष जनशक्तिको अभाव हुन सक्ने।

विषयगत उद्देश्य

- जुनसुकै प्रकारको विपद् वा आपतकालीन अवस्थामा पनि प्रभावित समुदाय, विशेष गरी बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगीहरूको स्वास्थ्य तथा पोषणसम्बन्धी आधारभूत आवश्यकताको सुनिश्चितता गर्दै जीवन रक्षा र मानव कल्याणमा सहयोग पुऱ्याउने।
- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य र कीटजन्य रोगहरूको रोकथाम, निगरानी र उपचारलाई प्रभावकारी बनाउने।
- स्वास्थ्य तथा पोषण अवस्थाको द्रुत लेखाजोखा (Rapid Assessment) गरी आवश्यक प्रतिकार्य सञ्चालन गर्ने।
- रोगको प्रकोप देखिएको अवस्थामा निगरानी, सूचना व्यवस्थापन तथा प्रतिकार्य क्षमतामा अभिवृद्धि गर्ने।
- आधारभूत स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्दै आवश्यक स्थानमा अस्थायी स्वास्थ्य शिविर सञ्चालन गर्ने।
- आवश्यक परे बिरामीलाई उच्चस्तरीय स्वास्थ्य संस्थामा रिफर गर्ने प्रभावकारी प्रणाली विकास र सञ्चालन गर्ने।
- अत्यावश्यक औषधि, स्वास्थ्य सामग्री, उपकरण तथा दक्ष स्वास्थ्यकर्मीको पूर्वतयारी र व्यवस्थापन सुनिश्चित गर्ने।
- आपतकालीन स्वास्थ्य प्रतिकार्यका लागि स्थानीय, प्रदेश तथा संघीय निकायबीच समन्वय सुदृढ गर्ने।
- गर्भवती तथा सुत्केरी महिला, पाँच वर्षमुनिका बालबालिका तथा अन्य जोखिमयुक्त समूहका लागि पूरक पोषण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने।
- गम्भीर तथा मध्यम कुपोषण भएका बालबालिकाको समयमै पहिचान, उपचार तथा व्यवस्थापन सुनिश्चित गर्ने।
- स्तनपानको संरक्षण, प्रवर्द्धन तथा सहयोग गर्ने र स्तनपानका विकल्पहरूको अनावश्यक वितरणलाई निरुत्साहित गर्ने।
- भिटामिन 'ए', जुकाको औषधि, नियमित खोप तथा सूक्ष्म पोषक तत्वको उपलब्धता सुनिश्चित गर्ने।
- पोषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्दै पोषण सेवामा सबैको समान पहुँच सुनिश्चित गर्ने।

➢ समुदायस्तरमा उपचार सम्भव नभएका बिरामीलाई आवश्यकता अनुसार उपयुक्त स्वास्थ्य संस्थामा समयमै रिफर गर्ने।

**तालिका नं. ३७ विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः**

| समय अवधि | विपद्को समयमा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | सूचना आदान–प्रदान गर्ने गराउने -स्थानीय तह, सेना, प्रहरी र स्थानीय समाजसेवीहरु | सूचनाको आधारमा स्थानीय स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न गराउन तयार पार्ने । | समयमा सही सूचना प्रवाह गर्न नसकिने । | स्थानीय तह, सेना, प्रहरी र स्थानीय समाजसेवीहरु |
| २ देखि ७ घण्टा भित्र | सूचनाको आधारमा विपद् प्रभाविद क्षेत्रमा स्थानीय तहका प्रतिनिधिहरु, स्थानीय स्वास्थ्य कर्मीहरु, सेना, प्रहरी र नेपाल रेडक्रस सोसाइटीका स्थानीय उद्धारकर्ताहरुलाई सहयोग पुर्याउनमा मद्दत गर्ने गराउने । | विपद् प्रभाविद क्षेत्रमा विपद् बाट प्रभावित ब्यक्तिहरुको अवस्था प्रथामिकीकरण गर्न गराउनमा सहयोग पुर्याउने । | उद्धारकर्ताहरु र सामग्रीहरुको कमी हुन सक्ने । | स्थानीय तह, सेना, प्रहरी, स्वास्थ्यकर्मी र स्थानीय समाजसेवीहरु |
| ८ देखि २४ घण्टा भित्र | विपद् प्रभाविद क्षेत्रमा स्थानीय तहका प्रतिनिधिहरु, स्थानीय स्वास्थ्य कर्मीहरु, सेनाहरु, प्रहरीहरु र नेपाल रेडक्रस सोसाइटीका स्थानीय उद्धारकर्ताहरु सँग समन्वय गरी प्राथमिक उपचार सेवा पुर्याउने, प्रेषण गर्ने, स्वास्थ्य शिक्षा दिने, पिउने पानी शुद्धिकरण गर्नको लागि वाटर गार्ड/प्यूस ब्यवस्था गर्ने । | विपद् प्रभाविद क्षेत्रमा प्राथमिक उपचार सेवा पु¥याउने, प्रेषण गर्ने, स्वास्थ्य शिक्षा दिने, पिउने पानी शुद्धिकरण गर्नको लागि वाटर गार्ड/प्यूस ब्यवस्था गर्ने । | आपूर्ति ब्यवस्थापन गर्न गराउनमा कठिनाई हुन सक्ने । | स्थानीय तह, सेना, प्रहरी, स्वास्थ्यकर्मी र स्थानीय समाजसेवीहरु, विभिन्न संघसंस्थाहरु |
| २४ देखि ४८ घण्टा भित्र | च्चत् को बैठक बसी विपदको क्षति आंकलन गर्न गराउन ऋगिकतभच च्बउष्म च्भकउयलकभ त्भबm लाई परिचालन गर्ने । | क्षति आंकलन टोली निर्माण गर्ने र टोलीको कार्यसूची निर्माण गरी परिचालन गर्ने गराउने । अस्थायी स्वास्थ्य शिविर | अस्थायी स्वास्थ्य शिविर निमार्ण गर्न त्रिपाल, स्ट्रेचर तथा अन्य ब्यवस्थापन का साथै आपूति | DDMC, स्थानीय तह तथा स्वास्थ्य कार्यालय बर्दिया, विभिन्न संघसंस्थाहरु |

| समय अवधि | विपद्को समयमा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित ) | आपतकालिन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | विपद् प्रभावित क्षेत्रमा अस्थायी स्वास्थ्य शिविर स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने । | स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने । | ब्यवस्थापन गर्न गराउनमा कठिनाई हुन सक्ने | |
| ४८ देखि ७२ घण्टा भित्र | द्रुत सर्वेक्षणको तथ्यांकको आधारमा प्रभावितहरुको स्वास्थ्य सम्बन्धी आवश्यकताको पहिचान गर्ने गराउने । खानेपानी शुद्धिकरण गर्न सामाग्रीहरु लगायत भाँडा कुँडा वितरण गर्ने । सरसफाई पानीजन्य रोगको बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने। स्तनगरपालिकान प्रर्बद्धन गर्ने र तयारी खानाको व्यबस्थापन र बितरण गर्ने । किट्जन्य रोगहरुबाट बच्न तथा बचाउनको लागि Long Lasting Insecticidal Nets बितरण गर्ने गराउने | द्रुत सर्वेक्षण फारमबारे अभिमुखिकरण गर्ने खानेपानी शुद्धिकरण गर्ने सामाग्रीहरु उचित स्थानमा गोदाममा ब्यवस्थापन गर्ने । सरसफाई सचेतना सम्बन्धी सामाग्रीहरु तयारी अवस्थामा राख्ने । तयारी खानाका र बहु सुक्ष्म पोषक तत्व उचित स्थानमा भण्डारन गर्ने किट्जन्य रोगहरुबाट बच्न तथा बचाउनको लागि Long Lasting Insecticidal Nets तयारी अवस्थामा राख्ने | आपूति ब्यवस्थापन गर्न गराउनमा कठिनाई हुन सक्ने माँग अनुसारको सामग्री प्राप्त हुन नसक्ने र भण्डारणको लागि ठाउँको अभाव हुन सक्ने । | स्थानीय तह, DDMC, NRCsर स्वास्थ्य कार्यालय बर्दिय, विभिन्न संघसंस्थाहरु |
| ७२ घण्टा देखि ७ दिन भित्र | DDMC र सरोकारहरूको सहकार्यमा बैठक बसी प्रकोपको बारेको जानकारी तथा स्वास्थ्य सम्बन्धी संचालन गरीएका कार्यक्रम बारे सूचना प्रदान । जिम्मेवारी बांडफांड, अत्यावश्यकीय तथा स्वास्थ्य सेवा प्रदान, स्रोत परिचालन सुचना तथा जनचेतनामुलक सन्देशहरू प्रसारण गर्ने । आश्रय स्थालहरुमा अस्थाई चर्पि र खानेपानीको धारा निर्माणमा | थप औषधीको भण्डारण तथा ब्यबस्था गर्ने। तालिम प्राप्त जनशक्ति परिचालन पहिचान गरी तयारी अवस्थामा राख्ने समन्वय, स्रोतको पहिचान गरी राख्ने । चर्पि निर्माणका लागि आवश्यक सामाग्रीहरु गोदाममा व्यवस्थित गर्ने सचेतना सम्बन्धी सामाग्रीहरु तयारी अवस्थामा राख्ने पशु सेवाका लागि प्राविधिक टोली गठन | निर्माण कार्यको लागि आवश्यक सामाग्री खरीद गर्न रकमको अभाव | स्थानीय तह, DDMC, LDMC NRCs, र स्वास्थ्य कार्यालय बर्दिया, विभिन्न संघसंस्थाहरु |

| समय अवधि | विपद्को समयमा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित ) | आपतकालिन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | सहयोग गर्ने । अभिलेख तथा प्रतिवेदन अत्यावश्यकीय सेवाहरुको उपलव्धता -खोप, पोषण, क्षयरोग, प्रजजन स्वास्थ्य, मनोवैज्ञानिक परामर्श)Disease Survelilance Specimen Collection Spraying to prevent endemic from insects Waste management पशु उपचार, रोग नियन्त्रण र रोकथाम कार्यहरुका लागि सम्बन्धीत निकाय संग समन्वय गर्ने । | | | |
| ७ दिन देखि २ साता भित्र | बितरण गर्ने सामाग्रीहरु तथा सरसफाईको अवस्थाबारे अनुगमन गर्ने । नपुग भएको सामाग्रीहरुको उपलब्धता गर्ने र बितरण गर्ने | अनुगमन टोली गठन गर्ने र अनुगमन प्रक्रियाबारे स्पष्ट गराउने । सामाग्रीहरु उपलब्ध गराउने निकाय एवं संगठनहरुको अग्रिम पहिचान गर्ने | समयमा अनुगमन प्रक्रिया अगाडी बढन नसक्ने । | स्थानीय तह, DDMC, NRCs,र स्वास्थ्य कार्यालय बर्दिया, विभिन्न संघसंस्थाहरु |
| २ साता देखि १ महिना भित्र | मानवको पुर्व अवस्था नहुदा सम्म प्याकेज कार्यक्रम निरन्तर संचालन तथा फलोअप गर्ने । अनुगमन तथा निरिक्षण कार्यलाई निरन्तरता दिने । सरोकारहरूसंग बैठक, पूर्व तयारी कार्य योजनाको समीक्षा गर्ने । सूचना तथा जनचेतनामुलक सन्देशहरू प्रसारण, समन्वय अत्यावश्यकीय स्वास्थ्य सेवाको निरन्तरता दिने । | पूर्व तयारी कार्य योजना निमार्ण गर्ने नियमित सरोकारवालाहरु सँग समन्वय गर्ने । | नियमित सरोकारवालाहरु सँग समन्वय नहुन सक्ने । | स्थानीय तह, DDMC, NRCs, र स्वास्थ्य कार्यालय बर्दिया, विभिन्न संघसंस्थाहरु |

| समय अवधि | विपद्को समयमा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित ) | आपतकालिन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | मध्यम शिघ्र कुपोषणको व्यवस्थापनको लागि थप आहार कार्यक्रम तथा कडा शिघ्र कुपोषणको व्यवस्थापन कार्यक्रम लाई निरन्तरर्ता दिने सुक्ष्मपोषण तत्व कार्यक्रम अन्र्तगत बाल भिटा र भिटामिन ए वितरण। गर्भवती र सुत्केरी महिलाहरुका लागि आइरन फोलिक एसिड चक्कि वितरण तथा मातृ पोषण परामर्श प्रदान गर्ने | | | |

८.९ आपतकालिन शिक्षाः

क्षेत्रगत अगुवा निकाय : शिक्षा विकास तथा समन्वय इकाइ, बर्दिया

मुख्य विपद्का प्रकार : बाढी, भूकम्प, जङ्गली जनावरको आक्रमण, महामारी तथा आगलागी

सम्भावित अवस्था

- बर्दिया जिल्लाका ६ नगरपालिका र २ गाउँपालिकाका करिब १५० वटा विद्यालय बाढी, डुबान तथा अन्य विपद्बाट प्रभावित हुन सक्ने।
- जिल्लाका अधिकांश विद्यालय भवनहरू भूकम्पीय दृष्टिले जोखिमयुक्त भएकाले ठूलो क्षति हुन सक्ने।
- करिब १५,००० विद्यार्थीका पाठ्यपुस्तक, शैक्षिक सामग्री तथा अभिलेख नष्ट वा हराउन सक्ने।
- विपद्का बेला विद्यालयलाई अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गर्दा नियमित पठनपाठन प्रभावित हुन सक्ने तथा विद्यालय संरचनामा थप क्षति पुग्न सक्ने।
- विद्यालय आवतजावतका क्रममा रुख ढल्ने, सडक अवरुद्ध हुने तथा सवारी दुर्घटनाबाट विद्यार्थी र शिक्षक जोखिममा पर्न सक्ने।
- गर्मी याममा अत्यधिक तापक्रमका कारण लु लाग्ने तथा जाडोयाममा शीतलहरबाट विशेष गरी साना बालबालिका र विपन्न परिवारका विद्यार्थी प्रभावित हुन सक्ने।
- शिक्षक तथा विद्यालय कर्मचारी स्वयं विपद्बाट प्रभावित भई नियमित रूपमा विद्यालय उपस्थित हुन नसक्ने।
- विद्यार्थीको नियमित उपस्थितिमा कमी आउनु, सिकाइ उपलब्धि घट्नु, विद्यालय छोड्ने दर बढ्नु तथा मनोसामाजिक समस्या उत्पन्न हुन सक्ने।

- बाढी तथा अन्य विपद्का कारण विद्यालय जाने बाटो अवरुद्ध भई वैकल्पिक सिकाइ व्यवस्थापन गर्न कठिनाइ हुन सक्ने।
- भूकम्प, आगलागी, बाढी तथा हावाहुरीबाट विद्यालय भवन, फर्निचर, प्रयोगशाला सामग्री, सूचना प्रविधि उपकरण तथा शैक्षिक अभिलेखमा आंशिक वा पूर्ण क्षति हुन सक्ने।
- विद्यालय परिसरको खानेपानी तथा सरसफाइ प्रणाली प्रभावित हुँदा झाडापखाला, ज्वरो तथा अन्य सरुवा रोग फैलिन सक्ने।
- जङ्गली जनावरको आक्रमणबाट विद्यालय जाने विद्यार्थी तथा शिक्षक जोखिममा पर्न सक्ने।
- महामारीका समयमा विद्यालयलाई क्वारेन्टिन वा अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गर्दा संक्रमण फैलिने जोखिम बढ्न सक्ने।
- लामो समयसम्म विद्यालय बन्द हुँदा विद्यार्थीको सिकाइमा गम्भीर असर पर्नुका साथै सिकाइमा असमानता बढ्न सक्ने।

विषयगत उद्देश्य

- विपद्बाट प्रभावित विद्यालय उमेरका बालबालिकालाई सुरक्षित, समावेशी तथा गुणस्तरीय शिक्षामा निरन्तर पहुँच सुनिश्चित गर्ने।
- आपतकालीन अवस्थामा विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा स्थानीय समुदायको विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने।
- बालबालिका, शिक्षक तथा विद्यालय कर्मचारीको सुरक्षा सुनिश्चित गर्दै विद्यालयस्तरीय विपद् जोखिम न्यूनीकरण कार्यक्रमलाई प्रभावकारी बनाउने।
- शिक्षा क्षेत्रका सरोकारवाला निकायबीच समन्वय, सूचना आदानप्रदान, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्ने।
- विद्यालय भवन, शैक्षिक सामग्री तथा अभिलेखको संरक्षण, पुनर्स्थापना र पुनर्निर्माणमा स्थानीय तहलाई आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराउने।
- विपद्का कारण विद्यालय सञ्चालन अवरुद्ध भएको अवस्थामा वैकल्पिक सिकाइ, दूरशिक्षा, अनलाइन तथा अन्य उपयुक्त माध्यमबाट शिक्षण सिकाइलाई निरन्तरता दिने।
- बालमैत्री, समावेशी तथा अपाङ्गतामैत्री सिकाइ वातावरणको विकास र विस्तार गर्ने।
- विद्यालयस्तरमा मनोसामाजिक सहयोग तथा बाल संरक्षणका कार्यक्रम सञ्चालन गरी प्रभावित विद्यार्थीको सिकाइ र मानसिक स्वास्थ्यमा सहयोग पुऱ्याउने।

तालिका नं. ३९ शिक्षा कलस्टरको विपद व्यवस्थापन कार्यान्वयन योजना एबम् गरीने क्रियाकलापहरु M

| समायवधि | विपद अवस्थामा गरीने आपतकालिन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्थाको सम्वोधन गरीने पूर्वतयारी कार्य | कार्य सम्पादन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | • विषयगत क्षेत्रको बैठकको आह्वान गर्ने । शिक्षक, स्थानीय स्वयंसेवक, सहयोगी कार्यकर्ताको कार्यदल गठन गरी परिचालन गर्ने । | • विपद् प्रभावित हुने संभावित क्षेत्रमा रहेका विद्यालय मदरसाका शिक्षक र अभिभावकहरुको मोवाइल एवम् टेलिफोन नम्वर अद्यावधिक | • पूर्ण रुपले अद्यावदिक भैसकेको । पूर्ण रुपले अद्यावधिक भै नसकेको । | • शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, विद्यालय, शिक्षक, नेपाल रेडक्रस सोसाइटी, वडा समितिहरु, विभिन्न संघसंस्थाहरु । |
| १ देखि ७ घण्टा सम्म | • प्रारम्भिक विवरण संकलन गर्ने । | • स्थानीय स्तरमा रहेको दक्ष जनशक्तिलाई तालीम प्रदान गर्ने । | • कलस्टरका सदस्यहरुको विवरण अद्यावधिक भएको । | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• स्थानीय तह, विभिन्न संघसंस्था |
| | • प्रारम्भिक विवरण स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने । | • शिक्षा कलस्टरमा सहभागी संघसस्थाको विवरण अद्यावधिक | • सर्भे फारम विवरण संकलक र उद्दारकर्मीलाई अभिमुखीकरण | • गाउँपालिका,नगरपालिका, वडा समितहरु<br>• नेपाल रेडक्रस सोसाइटि |
| | • थप क्षति हुन नदिन सूचना प्रवाह गर्ने, स्थानीय स्तरमा रहेको दक्ष जनशक्ति परिचालन गर्ने | • विवरण संकलन गर्ने फारम दक्ष र तालिम प्राप्त संकलक एबम् उद्दारकर्मीहरुको सूची अद्यावधिक | • टेन्टको व्यवस्थापन गर्न बाँकी | • स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटीहरु |
| ८ देखि २४ घण्टा सम्म | • सुरक्षित स्थानको पहिचान गर्ने | • आवश्यक पर्ने स्थान, कक्षा कोठा र टेन्टको व्यवस्थापन | • टेन्टको व्यवस्थापन गर्ने काम बाकी | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• गाँउ र नगरपालिका वडा समितिहरु<br>• विद्यालय र अन्य विषयगत क्षेत्रहरु<br>• नेपाल रेडक्रस सोसाइटी |

| समायवधि | विपद अवस्थामा गरीने आपतकालिन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्थाको सम्वोधन गरीने पूर्वतयारी कार्य | कार्य सम्पादन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | • शिक्षा कलस्टरको बैठक सञ्चालन गरी क्षतिको प्रारम्भिक विवरणको विश्लेषण | • आवश्यक पर्ने स्थान ,कक्षाकोठा र टेन्टको व्यवस्थापन गर्नुपर्ने । | • पर्याप्त जनशक्ति तयार गर्न नसकिएको | • शिक्षा विकास तथा समन्वय इकाइ<br>• गाँउ र नगरपालिका, वडा समितिहरु<br>• विद्यालय र अन्य सम्बन्धीत गैर सरकारी संघसंस्थाहरु |
| २४ घण्टा देखि ४८ घण्टा सम्म | • विद्यालय परिवार वडा कार्यालयको जनशक्ति परिचालन गरी क्षतिको विवरण संकलन र उद्दार कार्य निरन्तरता दिने | • जोखीम व्यवस्थापन र लेखाजोखाको तालीम प्राप्त गरेका शिक्षक र विद्यार्थीहरुको सूची अद्यावधिक गर्नु पर्ने । | • यस भन्दा पहिले भए जस्तै निरन्तर<br>• ग्याप नहुने<br>• ग्याप नहुने | • पालिकाहरु, वडा समितिहरु, विद्यालयहरु, प्र.अ. शिक्षक विद्यालय व्यवस्थापन समिति एवम् रेडक्रस उपशाखाहरु र संघसंस्थाहरु |
| ४८ देखि ७२ घण्टा भित्र | • विद्यालयलाई विपदबाट प्रभावितहरुका लागि सेल्टरको रुपमा तयारी र व्यवस्थापन | • प्रारम्भिक स्थालगत विवरण संकलन गर्ने | • यस भन्दा पहिला भए जस्तै ।<br>• ग्याप नहुने | • गाउँ नगरपालिका, वडा समितिहरु, विद्यालय, प्र.अ. शिक्षक विद्यालय व्यवस्थापन समिति एवम् रेडक्रस उपशाखाहरु शिक्षकका पेशागत संस्थाहरु |
| ७२ घण्टा देखि ७ दिन सम्म | • विद्यालयहरुलाई विपदबाट प्रभावितहरुका लागि सेल्टरको रुपमा तयारी र व्यवस्थापन । | • कलष्टरको बैठक सञ्चालन गर्ने | • ग्याप नहुने<br>• ग्याप नहुने<br>• ग्याप नहुने | • पालिका ,वडा समितिहरु,विद्यालयहरु, प्र.अ. शिक्षक विद्यालय व्यवस्थापन समिति, रेडक्रस उपशाखाहरु शिक्षकका पेशागत सङ्स्थाहरु । |
| ८ दिन देखि २ साताभित्र | • बिद्यालय भित्र प्रभावित हरुको अवस्था लेखाजोखा गर्न शिक्षक, जुनियर रेडक्रसका तालिम पाएका विद्यार्थीलाई स्वयम्सेवकको रुपमा परीचालन गर्ने । | • जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा सहभागी भई प्राप्त विवरण प्रस्तुत गर्ने | • स्रोतको पहिचान हुन बाँकी<br>• विज्ञको अभाव<br>• दाताहरुको सुनिश्चितता भइ नसकेको | • जिल्ला विपद व्यवस्थापन समिति, शिक्षा विकास तथा समन्वय इकाई, विद्यालय, प्र अ, शिक्षक, विद्यालय व्यवस्थापन समिति एवम् रेडक्रस उपशाखाहरु, शिक्षा सरोकार मञ्च, संघ संस्थाहरु र शिक्षकको |

| समायवधि | विपद अवस्थामा गरीने आपतकालिन कार्य -विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्थाको सम्वोधन गरीने पूर्वतयारी कार्य | कार्य सम्पादन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | | | पेशागत संस्थाहरु, बाल क्लवहरु |
| २ साता देखि १ महिना सम्म | • आवश्यक्ता अनुसार पहिलो दिनको प्रकृया दोहर्याउने | • पहिलेका गतिविधि हरु लाई निरन्तरता दिने | • स्टिमेसनका लागि स्रोतको व्यवस्था नभएको<br>• केन्द्रबाट संशोधन हुने कुराहरुमा ढिलाई हुने गरेको । | • जिल्ला विपद व्यवस्थापन समिति, शिक्षा मन्त्रालय, विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति एबम् शिक्षा सरोकार मञ्च र संघ संस्थाहरु र शिक्षकका पेशागत संस्थाहरु |

तालिका नं. ४० शिक्षा क्षेत्रको विपद व्यवस्थापनमा आवश्यक्ताको लेखाजोखा एबम् ग्याप पहिचान -भौतिक साधार, दक्ष जनशक्ति एबम् रकम)

| क्र स | विवरण | अनुमानित आवश्यक्ता | | प्रतिबद्ध परिमाण | | खाडल परिमाण | | सहयोग प्रतिवद्धता गर्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम रु हजारमा | संख्या | रकम | संख्या | रकम रु हजारमा | संस्था | संख्या | रकम |
| १ | विपद सम्बन्धी पूर्व सूचना अभिमुखीकरण | १५० विद्यालय | ७५० | | | १५० विद्यालय | ७५० | | | |
| २ | कृत्रिम मचान हरुको निर्माण | १० स्थान | १००० | | | १० स्थान | १००० | | | |
| ३ | विपद व्यवस्थापन सम्वन्धी स्थानीय पाठ्यक्रम निर्माण | १५० विद्यालय | ७५० | | | | | | | |
| ४ | क्षतिको लेखाजोखा एबम् सर्वेक्षण | १५० विद्यालय | १५० | | | | | | | |
| ५ | मनोसामाजिक परामर्श | १५० | १५०० | १५० | १५०० | | | | १५० | १५०० |

| क्र स | विवरण | अनुमानित आवश्यक्ता | | प्रतिबद्ध परिमाण | | खाडल परिमाण | | सहयोग प्रतिवद्धता गर्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम रु हजारमा | संख्या | रकम | संख्या | रकम रु हजारमा | संस्था | संख्या | रकम |
| | | विद्यालय | | विद्यालय | | | | | विद्यालय | |
| ६ | अस्थायी कक्षाकोठा निर्माण | २० कोठा | १००० | | | २० कोठा | १००० | | | |
| ७ | विद्यार्थी किटबक्स | १५००० | २२५०० | | | १५००० | २५००० | | | |
| ८ | विपद उद्दार कोष | १ | २०० | | | १ | २००० | | | |
| ९ | पाठ्यपुस्तक | १०००० सेट | २००० | | | | | स्थानीय शिक्षा शाखा | १०००० सेट | २००० |
| १० | कार्पेटिङ कुसन समेत | ३०० कक्षा कोठा | १५०० | | | ३०० कक्षाकोठा | १५०० | गै स स | | |
| ११ | विद्यालय किट | १५० सेट | ७५० | | | १५० सेट | ७५० | | | |
| १२ | भ्रक्रम् किट | २०० सेट | ८०० | | | २०० सेट | ८०० | | | |
| १३ | विद्यालय परिसर निर्मलीकरण र सररफाइ | १५० विद्यालय | ७५०० | | | १५ विद्यालय | १५०० | वि व्य स | | |
| १४ | खानेपानी | १५० धारा | १५००० | | | | | | | |
| १५ | शौचालय | १५० ओटा | १५०००० | २० | १००० | | | स्थानीय शिक्षा शाखा | | |
| १६ | कक्षाकोठा मर्मत | ३०० कक्षाकोठा | ७५०० | २० | ५०० | ३०० कक्षाकोठा | ७५०० | वि व्य स. | | |

| क्र स | विवरण | अनुमानित आवश्यक्ता | | प्रतिबद्ध परिमाण | | खाडल परिमाण | | सहयोग प्रतिवद्धता गर्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम रु हजारमा | संख्या | रकम | संख्या | रकम रु हजारमा | संस्था | संख्या | रकम |
| १७ | कक्षा कोठा निर्माण | २० कोठा | ८०० | १० | ४०० | १० | ४०० | स्थानीय शिक्षा शाखा | १० | ४०० |
| १८ | स्वयम् सेवक परिचालन व्यवस्थापन | १५० विद्यालय | १५० | | | १५० विद्यालय | १५० | स्थानीय तह | | |
| १९ | जिल्ला स्तरीय बैठक,गोष्ठी सञ्चालन एबम् योजना निर्माण | १२ पटक | १०० | | | १२ पटक | १०० | जिल्ला समन्वय समिति | | |
| २० | अनगुमन,निरीक्षण र प्रतिवेदन | १५० विद्यालय | १०० | | | १५० विद्यालय | १५० | | | |
| २१ | महामारी सम्बन्धि सूचना, जानकारी र अभिमुखिकरण र विद्यालयमा सरसफाई न्यूनतम मापदण्ड जानकारी | सबै विद्यालय | ३०० | | | | | | | |
| २२ | दुर शिक्षण तथा भर्चुअल शिक्षण | सबै विद्यालय | ४००० | | | | | | | |
| | **कूल जम्मा** | | **४६०००** | | **३४००** | | **४२६००** | | | |

तालिका नं. ४१ शिक्षा कलष्टरको विपद व्यवस्थापन कार्यान्वयन योजना सहितको पूर्व तयारी कार्यको विवरण

| क्र. सं. | प्राथमिकता प्राप्त पूर्व तयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय , | कार्यान्वयन गर्ने तरिका बैठक कार्यशाला तालिम | समय सिमा -कार्यतालिका) |
|---|---|---|---|---|
| १ | विपदबाट प्रभावित हुने सम्भावित विद्यालय र विद्यार्थीहरुको विवरण अद्यावधिक गर्ने | स्थानीय तहका शिक्षा शाखाहरु र संघ संस्थाहर | बैठक एवम् कार्यशाला | शैक्षिक शत्रको आरम्भमा |
| २ | संकटासन्न विद्यालयका शिक्षक एवम विद्यालय व्यवस्थापन सिमितका पदाधिकारीहरुको सम्पर्क नम्वर अद्याधिक गर्ने | स्थानीय तहका शिक्षा शाखाहरु र संघसंसथाहरु | बैठक एवम् कार्यशाला | शैक्षिक शत्रको आरम्भमा |
| ३ | बाढीको मूहान एवम् स्रोतको रुपमा रहेका दाङ, सुर्खेत जिल्ला सँग नियमित सम्पर्कमा रही सूचना एवम् जानकारी लिने | म्म्:ऋ शिक्षा कलष्टरका सदस्यहरु, विद्यालय र संघसंस्थाहरु | कुराकानी सञ्चार सम्पर्क | बाढी आउने सम्भाव्य समयमा |
| ४ | विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई पूर्व सूचना प्रणालीबारे अभिमुखीकरण गर्ने । | म्म्:ऋ शिक्षा कलष्टरका सदस्यहरु, विद्यालय र संघसंस्थाहरु | बैठक एवम् कार्यशाला | शैक्षिक शत्रको आरम्भमा |
| ५ | संकटसन्न विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई बाढी पूर्व सूचना अभिमुखीकरण प्रकोप व्यवस्थापन र प्राथमिक उपचार, आधारभूत तालीम दिने | नेपाल रेडक्रस सोसाइटी जिल्ला जनस्वास्थ्य कार्यालय अन्तरगतका स्वास्थ्य संस्थाहरु जिल्ला विपद | अभिमुखीकरण र तालीम | मनसुन पूर्व गर्ने |
| ६ | महामारी सम्बन्धि सूचना, जानकारी र अभिमुखिकरण र विद्यालयमा सरसफाई न्यूनतम मापदण्ड व्यवस्थापन | DDMC, NRCs, जिल्ला स्वास्थ्य कार्यालय अन्तरगतका स्वास्थ्य संस्थाहरु | अभिमुखिकरण, तालिम, रेडियो टिभी | वर्षको बैशाख, जेठ र असार महिनाभित्र |

| क्र. सं. | प्राथमिकता प्राप्त पूर्व तयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय , | कार्यान्वयन गर्ने तरिका बैठक कार्यशाला तालिम | समय सिमा -कार्यतालिका) |
|---|---|---|---|---|
| ७ | दुरशिक्षण तथा भर्चुअल शिक्षणको लागि आवश्यक तयारी गर्ने -शिक्षक तालिम, पाठ्यक्रम तयारी, सामग्री प्रसारण र विद्यार्थी प्रतिक्रिया र अनुगमन प्रणालीको पूर्वतयारी) | जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, सम्बन्धित शिक्षा क्लष्टर, सहयोगी निकायहरु | तालिम। सेमिनार, बैठक, रेकर्डिङ्ग तथा प्रसारण कक्ष निर्माण, विद्यार्थी तथा शिक्षक अभिभावक अभिमुखिकरण, शिक्षकको सम्बन्धित जीम्मेवारी किटान | वर्षको बैशाख, जेठ र असार महिनाभित्र |

८.१० प्रारम्भिक पुर्नस्थापना तथा पुनर्निर्माणः

अगुवाइ गर्ने संस्था : शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज

मुख्य विपद्का प्रकार : बाढी, भूकम्प, जङ्गली जनावरको आक्रमण, महामारी तथा आगलागी

सम्भावित प्रभाव

- व्यक्तिगत आवास, सार्वजनिक तथा सामुदायिक भवनमा क्षति वा पूर्ण नष्ट हुन सक्छ।
- विपद्का कारण प्रभावित परिवारहरू विस्थापित भई खुला स्थान वा अस्थायी आश्रयस्थलमा बस्न बाध्य हुन सक्छन्।
- सडक तथा यातायात सेवा अवरुद्ध भई आवतजावतमा कठिनाइ हुन सक्छ।
- सुरक्षित आश्रयस्थल तथा गैरखाद्य सामग्रीको अभाव हुन सक्छ।
- अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक लगायतका संवेदनशील समूहलाई दैनिक जीवन सञ्चालनमा थप कठिनाइ हुन सक्छ।
- विद्यालय, प्रहरी चौकी, स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक भवनहरूमा अस्थायी आश्रयका लागि अत्यधिक चाप पर्न सक्छ।

विषयगत उद्देश्य

- विस्थापित परिवारहरूको सुरक्षित पुनर्स्थापना तथा पुनर्वास सुनिश्चित गर्ने।
- क्षतिग्रस्त तथा पूर्ण रूपमा नष्ट भएका भौतिक संरचनाको पुनर्निर्माण गर्ने।
- पुनर्निर्माण कार्यलाई विपद् जोखिम न्यूनीकरणका सिद्धान्तअनुसार सुरक्षित, दिगो तथा गुणस्तरीय बनाउने।
- सार्वजनिक सेवा तथा पूर्वाधारलाई यथाशीघ्र सञ्चालनमा ल्याउने।
- प्रभावित समुदायको जीविकोपार्जन पुनःस्थापना तथा वैकल्पिक आयआर्जनका अवसर विकास गर्ने।

रणनीति

- विपद्बाट क्षतिग्रस्त भौतिक संरचनाको विस्तृत क्षति मूल्याङ्कन गरी लागत अनुमान तयार गर्ने, आवश्यक बजेटको व्यवस्था गर्ने तथा पुनर्स्थापनाका सम्भावित स्थानहरूको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समितिमार्फत सम्बन्धित मन्त्रालयमा प्रस्ताव पेश गर्ने।

तालिका नं. ४३ विपद् अवस्थाअनुसार आपत्कालीन प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीनअवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिनदेखि पहिलो हप्तासम्म | • गाउँपालिका तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत घर, जग्गाजमिन, पशुहरुको क्षतिको प्रारम्भिक तथ्यांकलिन शुरु गर्ने | गाउँपालिका तथा नगरपालिका प्रमुख प्रशासकीय अधिकृतकाे फोन नम्वर राख्ने | | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज ,जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् तथा जलवायू उत्थानसील समिति |
| दोश्रो हप्ता | • विस्तृत सर्वेक्षण पश्चात पूर्ण क्षति भएका र आंशिक क्षति भएका घरधुरीको जानकारी लिने<br>• राहत प्रदान गर्नको लागि तथ्यांक अनुसार लगत इस्टिमेट तयार गर्ने<br>• राहतका लागि सिफारिस गर्ने<br>• आवासको लागि सामुदायिक वनहरुबाट सहुलियत वा निशुल्क काठहरु उपलव्ध गराउने<br>• सार्वजनिक सेवाहरु -विजुली, टेलिफोन, यातायात) सुचारु गर्ने | • घर क्षति भएकाहरुको लागि उपलव्ध राहतको मापदण्डवारे स्पष्ट हुने र सवैलाई जानकारी गराउने<br>• सामुदायिक वनहरु संग अग्रिम समझदारी गर्ने<br>• पुनर्निर्माणका सामाग्रीहरु स्टकमा राख्ने -वेल्चा, गैटी, डोरी, गल, हयुमपाइप, डोजर, इस्काभेटर) | राहत मापदण्डको यकिन विवरण उपलव्ध हुन कठिनाई हुने पुर्न निर्माणका सामाग्रीहरु पर्याप्त मात्रामा नहुने | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज, जिल्ला समन्वय समिति, ने.रे.सो. बर्दिया, सामुदायिक वन, सडक डिभिजन नेपालगंज, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, स्थानीय विपद् व्यवस्थापन समिति, |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीनअवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | • पुर्ननिर्माणका सामाग्रीहरु -वेल्चा, गैटी, डोरी, गल, हयुमपाइप, डोजर, अस्थायी भ¥याड., इस्काभेटर) उपलव्ध गराउने<br>• विग्रे भत्केका संरचनाहरुको भग्नावशेष हटाउन कार्य गर्ने | | | |
| पहिलो महिना | • क्षतिभएका पूर्वाधारहरुको विस्तृत विवरण तयार गर्ने<br>• खेतिवाली पूर्ण वा आंशिक रुपमा नष्ट भएका परिवारहरुलाई कृषि कार्यालयसँग समन्वय गरी सहुलियत रुपमा विउविजन उपलव्ध गराउने<br>• छिटो उत्पादन हुने प्रजातीका विउविजनहरु उपलब्ध गराउने<br>• पूर्वाधारहरु पुनःनिर्माण गर्न विस्तृत प्राविधिक इष्टिमेट गर्ने र सम्बन्धीत कार्यालयमा प्रतिवेदन पठाउने<br>• घरेलु कार्यालय संग मिलेर आय आर्जन गर्न सकिने तालिमहरु दिने<br>• वालीविमा गरेको भए क्षतिपूर्ति दिने | • प्रभावित स्थानको कृषी प्रणालीवारे जानकारी राख्ने र विउविजन हरु भण्डारण गरी राख्ने<br>• तालिम संचालनका लागि आवश्यक स्रोत र साधनको अग्रिम व्यवस्थापन गर्ने<br>• पूर्वाधारको विस्तृत विवरण तयार गर्न जिल्ला प्रविधिक कार्यालयको सहयोगमा प्राविधिकहरुको सम्पर्क सूची तयार गर्ने<br>• राजमार्ग तथा सहायक मार्ग, हुलाकी सडक क्षतीको सूची सम्वन्धीत सडक कार्यालय र स्थानीयतहका प्राबिधिक ले | • विभिन्न तामिमहरु सञ्चालन गर्ने स्रोत र साधनको अग्रिम व्यवस्था गर्न चुनौति हुने | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज , जिल्ला समन्वय समिति, डिभिजन वन कार्यालय -आपूर्ती समिति), सामुदायिक वन, स्थानीय तहका कृषि विकास शाखाहरु, सिंचाई कार्यालय, बबई,भादा,ओराही नदी व्यवस्थापन आयोजना । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीनअवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | तयार गर्ने<br>• बाली विमा गर्न किसानलाई उत्प्रेरित गर्ने | | |
| दोस्रो र तेश्रो महिना | • उपलव्ध वजेटको आधारमा विग्रेका, भत्केका पूर्वाधारहरु पुनः निर्माण प्रक्रियालाई अगाडि बढाउने । पुर्ननिर्माण गर्दा विपद््को जोखिम कमहुने प्रकारले दिगो र बलियो संरचना बनाउने<br>• मनोसामाजिक समस्या आउन नदीन कार्यक्रमहरु गर्ने | • पून:निर्माणका लागि जिल्ला समन्वय समिति, गाउपालिका, न. पा. मा जगेडा कोषको स्थापना गर्ने | | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज, जि.स.स., जिल्लावन कार्यालय -आपूर्ती समिति), सा. वन, स्थानीय तहका महिला तथा वालवालिका शाखा |

कार्यान्वयन योजना सहितका प्राथमिकताप्राप्त पूर्वतयारी कार्य

| क्र.सं. | प्राथमिकताप्राप्त कार्य | जिम्मेवार निकाय | कार्यान्वयन विधि | समयसीमा |
|---|---|---|---|---|
| १ | पुनर्निर्माण सामग्री तथा उपकरणको मौज्दात राख्ने | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, जिल्ला समन्वय समिति, स्थानीय तह | सामग्री खरिद तथा भण्डारण, व्यापारीसँग समन्वय | मनसुनपूर्व |
| २ | वन तथा सामुदायिक वनसँग काठ उपलब्ध गराउने सम्बन्धमा समन्वय गर्ने | डिभिजन वन कार्यालय | बैठक तथा छलफल | मनसुनपूर्व |
